बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

**खण्ड ४ | बर्ष ४ | अंक १० | मिति : माघ ४ गते २०७७**

**स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

# भाग -१

# बुद्धभूमि नगर क्षेत्रभित्र वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

**प्रस्तावना :** स्वच्छ र स्वस्थ वा   तावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दीगो व्यवस्थापन गर्न, वातावरण र विकासबीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२१ बमोजिम अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित वातावरण, प्राकृतिक स्रोत र जैविक विविधता सम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयनका लागि कानूनी व्यवस्था गर्न,

बुद्धभूमि नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम बुद्धभूमि नगरपालिकाको "वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६" रहेको छ।

(२) यो ऐन  बुद्धभूमिको स्थानीय राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** :  विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुकुलन" भन्नाले जलवायू परिवर्तनको असर र सम्भाव्य जोखिमको आँकलन गरी परिवर्तित जलवायू सुहाउँदो अनुकुल हुने गरी रुपान्तरण गर्ने तथा थप हानी नोक्सानी रोकथाम वा न्यूनिकरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस वा धुवाँ निष्कासन गर्ने कार्य सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले बुद्धभूमि नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "खुल्ला क्षेत्र" भन्नाले मानिसहरु जमघट हुन सक्ने, विभिन्न कार्यक्रम र पर्व मनाउन सक्ने, सार्वजनिक हित तथा विपद् व्यवस्थापनमा समेत सहयोग पुग्ने गरी सुरक्षित गरिएको खुल्ला स्थल सम्झनु पर्छ।

(ङ) "जलवायू परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायूको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरवदलका कारण पृथ्वीको जलवायूमा क्रमश: देखा पर्ने परिवर्तन सम्झनु पर्छ।

(च) "जोखिमपूर्ण फोहर" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने र मानव तथा अन्य प्राणीको

स्वास्थ्यमा हानि नोक्सानी पुर्‍याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरणलाई सम्झनु पर्छ।

(छ) ''जैविक विविधता'' भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातिय विविधता (स्पेसिज डाइभरसिटी) तथा वंशाणुगत विविधता (जेनेटिक डाइभरसिटी) सम्झनु पर्छ।

(ज) ''तोकिएको'' वा ''तोकिए बमोजिम'' भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) ''निष्काशन'' भन्नाले ध्वनि, ताप वा फोहरमैला फाल्ने, थुपार्ने, वा निष्काशन गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) "परिषद" भन्नाले दफा ४८ बमोजिमको स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद सम्झनु पर्छ।

(ट) ''प्रदूषण'' भन्नाले फोहरमैला, रसायन, ध्वनि वा विद्युतीय, विद्युतीय-चुम्वकीय तरंगका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुर्‍याउने क्रियाकलाप सम्झनु पर्छ ।

(ठ) ''प्रस्ताव'' भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको स्थानीय सरकार वा स्थानीय कानून बमोजिम संञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ड) ''प्रस्तावक'' भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था सम्झनु पर्छ।

(ढ) ''फोहरमैला'' भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अबस्थामा रहेको, फालिएको वा सडेगलेको वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्यास, लेदो, धूवाँ, धूलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएको पोष्टर, पम्प्लेट तथा कार्यपालिकाले समय समयमा सूचना प्रकाशन गरी फोहरमैला भनि तोकिदिएका अन्य वस्तु समेतलाई सम्झनु पर्छ ।

(ण) "वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ ।

(त) "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका पैदावार सम्झनु पर्छ:-

(१) काठ, दाउरा, गोल, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला-पिपली
(२) रुख, विरुवा, पात, डाँठ, फल, बीज, फूल, भुवा, जरा, गानो, बोक्रा, जङ्गली जडीबुटी एवं गैरकाष्ठ वन पैदावार, जङ्गली मह, वनस्पति तथा तिनको विभिन्न भाग वा सूक्ष्म अङ्ग,
(३) चट्टान, माटो, चुन ढुङ्गा, ढुङ्गा, गिट्टी, बालुवा वा अन्य खनिजजन्य पदार्थ वा
(४) वन्यजन्तु, पशुपंक्षी वा वन्यजन्तुको ओखेटोपहार।

(थ) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यीनको अवयवहरु तथा ती अवयवहरुको बिचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ।

(द) "वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसवाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनिकरण गर्नको लागि अवलम्वन गरिने उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ।

(ध) "सम्पदा" भन्नाले नगरपालिका क्षेत्र भित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट महत्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना स्थान, वनस्पति तथा जीव जन्तु सम्झनु पर्छ।

(न) "सिमसार" भन्नाले भूमिगत जलस्रोत वा वर्षातका कारण पानीको परिणाम रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी जमेका वा वगेका, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (Swamp) दलदले जमिन (Marsh) नदीबाट प्रभावित जमिन (Riverine Floodplain), ताल (Lake) पोखरी (Pond) जलभण्डार क्षेत्र (Water Storage Areas) र यहि प्रकृतिका कृषि जमिन (Agriculture Land) समेतलाई सम्झनु पर्छ।

(प) "संरक्षण" भन्नाले वातावरण, जैविक विविधता तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ।

## परिच्छेद - २

## वातावरण संरक्षण

३. **वातावरण संरक्षण गर्नुपर्ने :** (१) आफ्नो क्षेत्राधिकार क्षेत्र भित्र वातावरण संरक्षण गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ।

(२) वातावरण संरक्षण, प्रवर्द्धन र वातावरणमैत्री समाज निर्माणमा योगदान गर्नु नागरिकको कर्तव्य हुनेछ।

४. **वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्ने** : (१) प्रचलित भू-उपयोग नीति

समेतलाई मध्यनजर गरी नगरपालिकाभित्र वातावरणका दृष्टिले संरक्षण आवश्यक रहेको क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रलाई कार्यपालिकाबाट निर्णय गरी वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा निर्माण कार्यको प्रारम्भिक अध्ययन प्रक्रिया शुरु हुनु अगाडि नै संघ र प्रदेशका सम्बन्धित निकायसँग समन्वय गरी कार्यपालिकाले कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुल्ला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ।

(३) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भूःस्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक प्रभाव परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा कार्यपालिकाले प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरी त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोक्न सक्नेछ ।

(४) उपफदा (१),(२) र (३) बमोजिमको वातावरण संरक्षण विशेष क्षेत्र, खुल्ला वा हरियाली क्षेत्र र संवेदनशील क्षेत्रको व्यवस्थापन तोकिए बमोजिम कार्यपालिकाबाट हुनेछ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापन गर्दा कार्यपालिकाले आवश्यकता अनुसार संघ र प्रदेशसँग समन्वय गर्नेछ।

५. सम्पदाको संरक्षण गर्नुपर्ने : (१) नगरपालिका क्षेत्रभित्र रहेका सम्पदाको संरक्षण गर्नु नगरपालिका, नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) सम्पदाको संरक्षणका लागि कार्यपालिकाले सरकारी तथा समुदायसँग समन्वय तथा साझेदारी गर्न सक्नेछ।

**६. वातावरणीय अध्ययन गर्नुपर्ने :** (१) प्रचलित कानून तथा मापदण्ड बमोजिम प्रस्तावकले प्रस्तावको वातावरणीय अध्ययन गर्नु पर्नेछ ।

(२) प्रस्तावकले स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनिकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विष्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको संक्षिप्त वातावरणीय प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण

स्वीकृति सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा कार्यपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकि त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ।

(६) कार्यपालिकाले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको थप वातावरणीय अध्ययन गर्नपर्ने देखिएमा वातावरणीय मूल्याङ्कन गर्न गराउन आदेश दिन सक्नेछ।

(७) उपदफा (५) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरि सोको प्रतिवेदन प्रदेश कानूनले तोकेको निकाय समक्ष पेश गर्नु पर्नेछ।

(८) यस ऐन वमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्वन्धित निकायबाट कार्यसूची स्वीकृत गर्नुपर्नेछ।

(९) वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(१०) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि प्रस्तावक नगरपालिका आँफै संलग्न भएको अबस्थामा त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश कानून बमोजिम स्वीकृत हुनेछ।

७. **मापदण्ड र गुणस्तर कायम गर्नुपर्ने :** (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुनेगरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ।

८. **वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्ने :** (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नु अगाडि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्नेछ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनिकरणका उपायहरू मध्ये कुन कुन उपायहरू आयोजना निर्माणको क्रममा र कुन कुन उपायहरू आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो को समेत उल्लेख गर्नुपर्नेछ।

(३) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना वनाई सो बमोजिम कार्यान्वयन गर्नुपर्नेछ र सो को प्रगति विवरण आयोजना कार्यान्वयन शुरू भएपछि प्रत्येक छ महिनामा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

९. **प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने :** यो ऐन प्रारम्भ भएपछि कसैले पनि कार्यपालिकाले तोके बमोजिम प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न गराउनु हुँदैन ।

**१०. प्रस्ताव सम्बन्धी अन्य व्यवस्था :** (१) वातावरणीय प्रभाव मूल्यांकन हुने प्रस्तावहरु सम्बन्धी कार्यविधि प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ ।

(२)संघीय तथा प्रादेशिक कानून बमोजिम वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा सम्बन्धित संघीय तथा प्रादेशिक निकायसँग समन्वय गर्ने जिम्मेवारी नगरपालिकाको [वातावरण शाखा] को हुनेछ ।

**११. रोक लगाउन सक्ने :** (१) कसैले पनि यस ऐन र प्रचलित कानूनले तोके वमोजिमको निकायवाट स्वीकृति नलिई वा स्वीकृति भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा कार्यपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयनमा रोक लगाउन वा रोक लगाउनको लागि प्रदेश सरकार तथा संघीय मन्त्रालय वा स्वीकृत गर्ने निकायमा सिफारिष गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सो बापत कुनै किसिमको क्षतिपुर्तिको लागि दाबी गर्न पाउने छैन ।

**१२. अनुकूलन योजना बनाउन सक्ने :** (१) जलवायु परिवर्तनको प्रतिकूल असर न्यूनिकरण र सम्भावित जोखिमबाट बच्नका लागि कार्यपालिकाले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुकुलन योजना बनाउँदा जलवायू परिवर्तनको असरवाट वढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(३) कार्यपालिकाले विकास आयोजना तर्जुमा गर्दा जलवायू परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम प्राथमिकीकरण गर्नुपर्नेछ।

**१३. हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरण कार्यहरू गर्न सक्ने** : (१) नगरपालिकाले हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) न्यूनिकरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**१४. प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने :** (१) कसैले पनि प्रचलित मापदण्ड विपरीत वा जनजीवन, जन-स्वास्थ र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण सृजना गर्न वा गराउन हुँदैन ।

(२) तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान, होटल रेष्टुरेण्ट वा अन्य ठाउँ वा मालसामान वा वस्तुवाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण, तरङ्ग वा फोहरमैला वा दुषित पानी निष्काशन गर्न गराउन हुँदैन ।

(३) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा नगरपालिकाले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(४) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा प्रदेश र संघीय सरकारलाई सो को जानकारी गराई नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोग, उत्पादन, विक्रि वितरण, भण्डारनमा बन्देज लगाउन सक्नेछ र आवश्यक कारवाहीका लागि सिफारिष गर्नेछ।

(५) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१५. प्रयोगशाला स्थापना गर्न सक्ने :** (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुर्‍याउन नगरपालिकाले संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरु स्थापना गर्न वा संघ र प्रदेशले स्थापना गरेका वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१६. नमुना संकलन गर्न दिनुपर्ने :** कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनि, ताप तथा फोहरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नका लागि सम्बन्धित व्यक्ति वा संस्थाले नगरपालिकाबाट अधिकारप्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

**१७. वातावरण निरीक्षकको नियुक्ति गर्न सक्ने :** नगरपालिकाभित्र प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा स्वीकृत वातावरणीय प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रुपले गर्न गराउन, वातावरण संरक्षण सम्वन्धि प्रचलित मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट वातावरण वा सोसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक हासिल गरेको व्यक्तिलाई प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड र प्रक्रिया पुरा गरी वातावरण निरीक्षक नियुक्त गर्न सक्नेछ ।

**१८. वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार:** (१) वातावरण निरीक्षकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित संघीय र प्रदेश कानून तथा मापदण्ड बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित कानून र मापदण्ड विपरीत कुनै ठाउँबाट प्रदूषण निष्काशन सम्बन्धी नकरात्मक कार्य गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका सर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम गरिएको जाँचबुझ तथा निरीक्षण प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलव्ध गराई आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ ।

(४) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**१९. फोहरमैलाको प्रबन्ध गर्ने दायित्व :** (१) फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहरमैलाको संकलन, अन्तिम बिसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(२) फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहरमैला प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(३) यस दफाको प्रयोजनको लागि फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहरमैला मानिनेछ ।

**२०. फोहरमैला व्यवस्थापन गर्ने दायित्व:** (१) नगरपालिकाभित्रको फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरीदिन कार्यपालिकालाई अनुरोध गरेमा वा कार्यपालिकाले निर्धारण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा कार्यपालिकाले निर्धारण गरे बमोजिम सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ।

(४) कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी निर्देशिका बनाई लागू गर्नेछ।

(५) फोहरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ।

(६) जाँच परिक्षणमा कुनै निकायमा फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा कार्यपालिकाले उक्त निकायलाई समयमै सचेत गराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नेछ।

**२१. फोहरमैला उत्पादन कम गर्ने :** (१) नगरपालिका भित्र कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पादन हुने फोहरमैला यथाशक्य कम गर्नु पर्नेछ।

(२) "आफ्नो क्षेत्र" भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुन: प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिणामलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ।

स्पष्टिकरण: "आफ्नो क्षेत्र" भन्नाले नगरपालिका भित्रको निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ।

**२२. फोहरमैला पृथकीकरण :** (१) कार्यपालिकाले फोहरमैलालाई तोकिए बमोजिम जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी सो फोहरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिदिए बमोजिम फोहरमैला स्रोतमै छुट्याई संकलन केन्द्रसम्म पुर्‍याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि कार्यपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ।

**२३. फोहरमैलाको निष्काशन :** (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका

कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन।

**२४. फोहरमैला व्यवस्थापन केन्द्र :** (१) कार्यपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्यक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहरमैला निष्काशन र संकलन गर्ने समय र तरिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**२५. जोखिमपूर्ण फोहरको व्यवस्थापन :** (१) कुनै जोखिमपूर्ण फोहरको संकलन, भण्डारण, प्रशोधन, विक्री वितरण, विसर्जन वा ओसार पसार गर्दा उत्पादक वा सञ्चालकले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जोखिमपूर्ण फोहरको व्यवस्थापन गर्दा उत्पादक वा संञ्चालकले आफ्नै खर्चमा व्यवस्थापन गर्नु पर्नेछ।

(३) जोखिमपूर्ण फोहर व्यवस्थापन सम्वन्धी अन्य प्रक्रिया तोकिए वमोजिम हुनेछ।

२६. फोहरमैलाको न्यूनिकरण, पुन: प्रयोग तथा पुन: चक्रीय प्रयोग : (१) कार्यपालिकाले फोहरमैला न्यूनिकरण, पुन: प्रयोग तथा पुन: चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

(२) उद्योग उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुन: प्रयोग गरी फोहरमैलाको परिणामलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग कार्यपालिकाले समन्वय गर्न सक्नेछ।

**२७. अनुमति सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम कार्यपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्नेछैन।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहिने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि कार्यपालिकामा निवेदन दिनु पर्नेछ:-

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर कार्यपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ।

(४) फोहरमैलाको व्यवस्थापन, पुन: चक्रिय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई कार्यपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ।

(५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२८. फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता :** (१) कार्यपालिकाले आवश्यकता अनुसार यस ऐन बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट तोकिए बमोजिम प्रतिस्पर्धा गराई आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ।

(२) उपदफा (२) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायको कुनै काम गराउन सकिनेछ:-

(क) फोहरमैलाको न्यूनिकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला संकलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैलाको प्रयोग, पुन: प्रयोग, पुन: चक्रिय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन,

(च) बन्द पश्चात् व्यवस्थापन।

**२९. प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने :** (१) कार्यपालिकाले यस ऐन बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ:-

(क) कार्यपालिकालाई बुझाउन कबुल गरेको रकम,

(ख) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहरमैला व्यवस्थापन अपनाउन प्रस्ताव गरीएको प्रविधिको दिगोपन तथा वातावरणीय प्रभाव न्यूनिकरण,

(ङ) व्यवस्थापन करार गर्न प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुन: प्रयोग गर्ने सम्बन्धमा भए कार्यपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले कार्यपालिकासँग गरेको सम्झौताको अधीनमा रही शुल्क उठाउन सक्नेछ।

(५) फोहरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ।

**३०. फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने :** (१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि कार्यपालिकाले स्वीकृति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन कार्यपालिकाले गर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति कार्यपालिकाले तोकिए बमोजिम रद्द गर्न सक्नेछ।

**३१. सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने :** (१) कार्यपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनिकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्था, उद्यान निर्माण र सौन्दर्यकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ।

**३२. सेवा शुल्क उठाउन सक्ने :** (१) कार्यपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा कार्यपालिकाले गर्नेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क कार्यपालिका आफैंले वा निजले तोकेको संस्था वा निकाय

मार्फत् समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २६ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले कार्यपालिकासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिइनेछ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापन निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी कार्यपालिकाले एउटा छुट्टै शीर्षकमा राखी तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-४

## जैविक विविधता संरक्षण

**३३. जैविक विविधताको संरक्षण गर्नुपर्ने :** (१) आफ्नो क्षेत्रभित्रको जैविक विवधताको संरक्षण गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम जैविक विविधताको संरक्षण सम्बन्धी कार्यक्रम गर्दा संघीय तथा प्रदेशको कानून तथा मापदण्ड प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नु पर्नेछ,-

(क) कृषिजन्य जैविक विविधता संरक्षण,-

(१) विकासका कार्यक्रमहरु संचालन गर्दा कृषि जैविक विविधिताको संरक्षणलाई विशेष महत्व दिने,

(२) जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम भएका जि.एम.ओ.(GMO)तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण वा निषेध गर्ने,

(३) कृषि पर्यावरणीय सेवाहरुको दिगो परिचालनको लागि पराग सेचक तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरु सम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने,

(४) परम्परागत, ज्ञान सीप तथा अभ्यासको संरक्षण र प्रवर्द्धन गर्ने।

(ख) सिमसार संरक्षण,-

(१) स्थानीय जनसमुदायको सहभागितामा उनीहरुको हितका लागि आफ्नो क्षेत्र अन्तर्गतका सिमसारको पहिचान गर्दै सो को संरक्षण र व्यवस्थापन गर्ने;

(२) स्थानीय जनसहभागितामा आधारित सिमसार व्यवस्थापनको माध्यमद्वारा सिमसारको स्रोतहरुमाथि समन्यायिक अवसर दिलाउँदै बुद्धिमत्तापूर्ण प्रयोगको अवधारणालाई सार्थक तुल्याउने;

(३) स्थानीय व्यक्ति, समुदाय एवं निकायलाई संलग्न गराउँदै सिमसारको संरक्षण र व्यवस्थापन कार्य प्रभावकारी बनाउने;

(४) वर्तमान र भावी पुस्ताको फाइदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्न स्थानीय वासिन्दाको हित हुने खालको सामाजिक र आर्थिक विकासका कार्यक्रम संचालन गर्ने,

(५) सिमसारमा आश्रित सङ्कटापन्न जीवजन्तु, जलचर, सापेक्षिक जङ्गली जनावर तथा अन्य जल आश्रित आनुवंशिक स्रोतको संरक्षण गर्ने,

(६) वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा वातावरण अनुकूल पर्यटनको विकास गर्दै प्राप्त लाभलाई यथासम्भव सिमसारको व्यवस्थापन र स्थानीय जनसमुदायको हितमा परिचालन गर्ने,

(७) सिमसार संरक्षण र व्यवस्थापनका लागि तयार गरिने कार्ययोजनाहरुमा स्थानीय जनसहभागिता सुनिश्चित गर्ने,

(८) सिमसार क्षेत्रमा आश्रित स्थानीयवासीको अनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सोही आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न प्रश्रय दिने,

(९) सिमसार व्यवस्थापना देखा पर्ने समस्याहरुको पहिचान गरी स्थानीय स्तरमै समाधानको उपायहरुको खोजी गर्न जनसहमतिका आधारमा व्यवस्थापन कार्ययोजना बनाई लागू गर्ने गराउने,

(१०) सिमसार व्यवस्थापन योजना तर्जुमा गर्ने र व्यवस्थापन समितिमा स्थानीय जनसमुदायका साथै संघ संस्थाको प्रतिनिधित्व गराउन आवश्यक कानुनी एवं प्रशासनिक व्यवस्था गर्ने,

(११) सिमसारमा आश्रित स्थानीय जनसमुदायलाई सिमसारबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडका लागि आवश्यक व्यवस्था गर्ने,

(३) जैविक विविधता संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र मापदण्ड बमोजिम हुनेछ।

**३४. जैविक विविधताको अभिलेखीकरण गर्नुपर्ने :** (१) नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र अवस्थित जैविक विविधताको वस्तुस्थिति र विवरणको अभिलेखीकरण व्यवस्थित र वैज्ञानिक ढङ्गले राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखीकरण जैविक विविधता सम्बन्धी निर्देशिका बनाई राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक राख्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(३) जैविक विविधताको अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३५. स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास, आदिको संरक्षण गर्नुपर्ने :** (१) जैविक विविधताको सम्बन्धमा स्थानीय समुदाय भित्रका व्यक्ति वा समूहमा रहेको ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण, तथा संरक्षण गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिमको अभिलेखीकरण वैज्ञानिक र व्यवस्थित ढङ्गले तोकिएको ढाँचा र प्रारुपमा राख्नेछ ।

**३६. खनिज पदार्थ संरक्षण सम्बन्धी व्यवस्था :** (१) कार्यपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खनिज पदार्थको अवस्था बुझ्न सर्भे तथा खोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्भे तथा खोजबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा प्रचलित नेपालको कानून प्रतिकूल नहुने गरी कार्यपालिकाले खनिज पदार्थको संरक्षण तथा प्रवर्द्धनमा कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

**३७. जलाधार संरक्षण गर्नुपर्ने :** (१) नगरपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु नगरपालिका, नागरिक र सम्बन्धीत निकायको कर्तव्य हुनेछ।

(२) कार्यपालिकाले संघीय र प्रदेशको कानून र मापदण्डको अधीनमा रही कार्यविधि वनाई नगरपालिका भित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्नेछ।

(३) आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिकको हुनेछ।

## परिच्छेद- ५

## वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन

**३८. वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने :** (१) आफ्नो क्षेत्राधिकार भित्रको वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धनमा सहयोग गर्नु नागरिकको कर्तव्य हुनेछ।

(३) वन तथा वन पैदावार संरक्षण र प्रवर्द्धन गर्ने सम्बन्धमा नगरपालिकाले संघीय र प्रदेश कानूनको प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नुपर्नेछ।

(क) संघ तथा प्रदेशसँग समन्वय गरी स्थानीय समुदायको सहभागितमा आफ्नो सिमाभित्रका समुदायमा आधारित वन, निजी वन, कृषि वन तथा वनमा आधारित उद्योगहरु संचालन तथा व्यवस्थापन गर्ने,

(ख) सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिने,

(घ) वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गर्ने,

(ङ) स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने,

(च) वन्यजन्तु र वनस्पतिको संरक्षण तथा प्रवर्द्धन गर्न संघ, प्रदेशसँगको समन्वयमा स्थानीय स्तरका प्राणी उद्यान तथा वनस्पति उद्यानहरु स्थापना र संचालन गर्ने,

(छ) वन पैदावार संकलनमा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने,

(ज) दिगो वन व्यवस्थापनको मापदण्ड अनुरुप सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दीगोपना सुनिश्चित गर्ने,

(झ) संघ तथा प्रदेशको समन्वयमा संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरुबाट पर्यटन प्रवर्द्धन गर्न योगदान पुर्‍याउने,

(ञ) वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, पुन:स्थापना र दिगो उपयोग गर्न आवश्यक योजना र कार्यक्रम संचालन गर्ने,

(ट) नगरपालिका क्षेत्रभित्रका जलचरको संरक्षण गर्ने,

(ठ) संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी गरिवीको रेखामुनि रहेका जनताको गरिवी न्यूनिकरण गर्न वनको संरक्षण र विकास हुने गरी आय आर्जन तथा पर्यटनका कार्यक्रमहरू संचालन गर्ने,

(ड) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्न बनाएको वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गराउने

(ढ) नगरपालिका क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्ने,

(ण) सामुदायिक भू-संरक्षण र सो मा आधारित आय आर्जन कार्यक्रमहरु संचालन गर्ने,

(त) संघ तथा प्रदेशको मापदण्डको अधीनमा रही नगरपालिका क्षेत्रभित्रको जडिबुटी तथा अन्य गैरकाष्ट वन पैदावर सम्वन्धि सर्वेक्षण, उत्पादन, संकलन प्रवर्द्धन, प्रशोधन र वजार व्यवस्थापन गर्ने,

**३९. निजी वन दर्ता तथा व्यवस्थापन :** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित कार्यपालिकामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी कार्यपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ।

(३) व्यवसायिक प्रयोजनका लागि निजी वन वा निजी आवादीमा रहेको वन पैदावरको संकलन तथा ओसारपसार गर्नु परेमा कार्यपालिकाबाट स्वीकृत लिनु पर्नेछ।

४०. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था :** (१) कार्यपालिकाले प्रचलित नेपाल कानून तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावरको उपयोग तथा बिक्रि वितरण गर्न सक्नेछ।

(२) कार्यपालिकाले सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा त्यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरुको संरक्षण गर्न तथा जोखिमपूर्ण अवस्थामा प्रचलित नेपाल कानूनको अधिनमा रही हटाउन सक्नेछ।

४१. **सहरी वनको विकास र व्यवस्थापन :** (१) कार्यपालिकाले आफ्नो क्षेत्र भित्रको सहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार कार्यपालिकाले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ।

४२. **वनक्षेत्रको प्रयोग :** कार्यपालिकाले कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

४३. **नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापन :** (१) संघीय तथा प्रादेशिक कानून प्रतिकूल नहुने गरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी नगरपालिका क्षेत्रभित्र जो कोहीले पनि कार्यपालिकाको अनुमति लिई नर्सरी तथा उद्यान सञ्चालन गर्न सक्नेछन्।

(२) नगरपलिका क्षेत्रभित्र उपदफा (१) बमोजिम सञ्चालन हुने नर्सरी तथा उद्यानको सम्बन्धमा संघीय तथा प्रादेशिक मापदण्डसँग नबाझिने गरी सञ्चालन तथा पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको कम्तिमा वर्षको एक पटक तोकिए बमोजिम अनिवार्य अनुगमन निरीक्षण गर्नुपर्नेछ।

४४. **खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्द्धन :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण गर्नु पर्नेछ।

(२) कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेने खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भार र व्यवस्थापन गर्न सक्नेछ।

(३) खुल्ला तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४५. नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा वृक्षारोपण :** (१) नगरपालिका भित्रको नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा कार्यपालिकाको अनुमति लिई वृक्षारोपण गर्न सक्नेछ।

(२) कार्यपालिकाले वृक्षारोपण सम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्नेछ।

## परिच्छेद-६

## संस्थागत व्यवस्था

**४६. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र सञ्चालन :** (१) नगरपालिकामा वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रणका साथै जैविक विविधताको संरक्षण लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :

(क) संघ, प्रदेश सरकारबाट वातावरण संरक्षणका लागि प्राप्त रकम,

(ख) विभिन्न संघ संस्थावाट प्राप्त रकम,

(ग) अन्य स्रोतवाट प्राप्त रकम।

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको संचालन तोकिए बमोजिम हुनेछ।

**४७. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद गठन गर्न सक्ने :** (१) वातावरण, जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न, नीति योजना निर्माण गर्न, विभिन्न निकायहरु वीच समन्वय गर्न तथा यस ऐन अन्तर्गत अनुगमन तथा निरिक्षण गर्न नगरपालिकामा वातावरण सम्बन्धी विशेषज्ञ सम्मिलित वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद रहनेछ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन;

(क) नगरपालिका प्रमुख - अध्यक्ष

(ख) उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) स्वास्थ्य समिति संयोजक - सदस्य

(ङ) वन, वातावरण समिति संयोजक - सदस्य

(च) वातावरण तथा प्राकृतिक स्रोतको क्षेत्रमा काम गरेका विज्ञ १ महिला सहित ३ जना -सदस्य

(छ) स्थानीय वासिन्दाहरूमध्ये वन उपभोक्ता समितिहरूवाट १जना सहित कार्यपालिकाले तोकेका १ महिला समेत ३ जना -सदस्य

(ज) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य - सदस्य

(झ) वातावरण इकाई संयोजक - सदस्य सचिव

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद्को अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

४८. समितिहरु गठन गर्न सक्ने : (१) नगर कार्यपालिकाले यो ऐनको उद्देश्य पूर्तिको लागि सम्बन्धित विषयका विशेषज्ञहरु समेत रहेको विभिन्न समितिहरु गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार नगर कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

**४९. अनुगमन तथा मूल्यांकन :** (१) यस ऐन अन्तर्गत आवश्यक अनुगमन र मूल्यांकन दफा ५८ बमोजिम स्थापित वातावरण तथा जैविक विविधता संरक्षण परिषद वा परिषदले तोकेको निरीक्षण समितिहरूवाट गर्नेछ ।

(२) अनुगमन तथा मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५०. वातावरण संरक्षण योजना तर्जुमा गर्ने :** (१) कार्यपालिकाले वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ।

(२) कार्यपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रवर्द्धन, दीगो उपयोग र वातावरणीय र जैविक विविधताका स्रोतहरूको परम्परागत र स्थानीय अभ्यासहरूलाई समेत समावेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको वातावरण तथा जैविक विविधता संरक्षण योजना बनाउँदा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(४) वातावरण संरक्षण योजनामा समावेश गर्नुपर्ने विषयवस्तु तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## कसूर, जरिवाना तथा क्ष तिपुर्ती

**५१. कसूर:** कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :-

(क) कार्यपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने क्षति पुर्‍याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुर्‍याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ड) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला संकलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्न कार्यपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइ राखेको सवारी साधन हटाउने इन्कार गर्ने,

(ञ) कार्यपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तु उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड विपरित रासायनिक विषादीको आयात गर्ने वा समयावधि सकिएको रासायनिक विषादी प्रचलित कानून र मापदण्ड बमोजिम नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने।

**५२. सजाय तथा जरिवाना :** (१) फोहरमैला व्यवस्थापन सम्बन्धमा कसैले देहायको कार्य गरेमा देहाय बमोजिमको सजाय तथा जरिवाना गर्नेछ:

(क) संघीय फोहोरमैला व्यवस्थापन ऐन तथा नियमावलीमा तोकेको हदमा सोही बमोजिम अन्यको हकमा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(२) वातावरण संरक्षण सम्बन्धमा कसैले देहायको कार्य गरेमा कार्यपालिकाले देहाय बमोजिमको जरिवाना गर्नेछ:

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कार्य गरेमा १ (एक लाख रुपैयाँसम्म),

(ख) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कुनै प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख रुपैयाँसम्म।

(३) कसैले उपदफा (२) बमोजिमको कार्य गरेमा सम्बन्धित कार्यपालिकाले तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ।यसरी दिइएको आदेश बमोजिम कार्य नभएमा कार्यपालिकाले उपदफा (१) बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना गर्नेछ।

(४) उपदफा (२) मा उल्लेखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा कार्यपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई एक लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिनाभित्र यो ऐन वा यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ।यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना लाग्नेछ।

(५) उपदफा (३) वा (४) बमोजिम दिएको आदेश बमजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक कारबाही गर्न कार्यपालिकाले सिफारिस सहित संघ र प्रदेश सरकारमा पठाउनु पर्नेछ।

(६) यस दफा बमोजिम जरिवाना गर्नु अघि जरिवाना गर्न लागेको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

**५३. क्षतिपूर्ति :** (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण फोहर निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले

आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुर्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(३) नगरपालिकाको कुनै निकाय वा नगरपालिकाको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न कार्यपालिकाले मनोनयन गरेको तीन जना विज्ञ रहेको समिति गठन हुनेछ र सो समिततिको सिफारिसको आधारमा उपदफा (२) वा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(५) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५४. निवेदन दिन सक्ने :** (१) कसैले यस ऐन विपरित वातावरणीय अध्ययन प्रतिवेदेन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरित हुने कार्य गरेमा वा गर्न लागेमा कार्यपालिका वा कार्यपालिकाले तोकेको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

**५५. पुनरावेदन :** (१) दफा ५२ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा पैंतिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ५३ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतिस दिनभित्रस सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**५६. सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने :** वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न कानून बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरि सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

## परिच्छेद- ८
## विविध

**५७. ढुङ्गा, गिटि, वालुवा, माटोको उत्खनन, संकलन, उपयोग, विक्री तथा वितरण सम्बन्धमा :** (१) नगरपालिका क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिटि, वालुवा तथा माटोको उत्खनन, संकलन, उपयोग, बिक्रि तथा वितरण सम्बन्धी व्यवस्था संघीय सरकारले जारी गरेको मापदण्ड अनुरुप हुनेछ ।

(२) उपदफा(१)बमोजिमको मापदण्डको अधीनमा रही नगरपालिकाले आफ्नो छुट्टै मापदण्ड र कार्यविधि बनाउन सक्नेछ।

**५८. भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन :** संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगरपालिकाले स्थानीय तहको भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

५९. समन्वय र सहजीकरण गर्ने : वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक अभियानमा नगरपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ।

**६०. सर्वेक्षण :** कार्यपालिकाले आफ्नो क्षेत्रमा रहेको वातावरणीय तथा जैविक विविधताको वस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रुपमा तोकिए बमोजिमको ढाँचामा वातावरणीय तथा जैविक विविधता सर्वेक्षण गर्न सक्नेछ ।

**६१. गुनासो व्यवस्थापन :** कार्यपालिकाले वातावरण, वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धति गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि एक अधिकारी तोक्न सक्नेछ ।

**६२. परामर्श लिन सक्ने :** नगरसभा कार्यपालिका वा वातावरण शाखा (इकाई) ले यस ऐनको कार्यान्वनयको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ।

**६३. अधिकार प्रत्यायोजन गर्न सक्ने :** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार वातावरण शाखा (इकाई) मा प्रत्यायोजन गर्न सक्नेछ ।

**६४. प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

**६५. नियम बनाउन सक्ने :** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुनेछ ।

**६६. मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने :** यस ऐन कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# बुद्धभूमि नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७७

सार्वजनिक निजी साझेदारीको माध्यमबाट स्थानीय तहमा पूर्वाधार संरचनाको निर्माण र सञ्चालन तथा सार्वजनिक सेवा प्रवाह गरी नगरको वृहत सामाजिक तथा आर्थिक विकास गर्न तथा सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिमको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम बुद्धभूमि नगर सभाले यो ऐन बनाएकोछ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "**बुद्धभूमि नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७७**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्का अर्थ नलागेमा यस ऐनमा :–

(क) "अनुमतिपत्र" भन्नाले आयोजना कार्यान्वयन गर्न दफा ३३ बमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले आयोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(घ) "अनुमानित आयोजना लागत" भन्नाले देहायमध्ये जुन बढी हुन्छ, सो लागतलाई जनाउनेछः

(१) आयोजना कार्यान्वयन गर्ने निकायले सम्भाव्यता अध्ययनमा उल्लेख गरेको आयोजना विकासमा लाग्ने रकम, वा

(२) सम्भाव्यता अध्ययनका क्रममा उल्लिखित सार्वजनिक निकायबाट निजी निकायमा जाने जम्मा अनुमानित रकमको खुद वर्तमान मूल्य (पछिल्लो सरकारी ऋणपत्रको दरमा दुई प्रतिशत थप गर्दा हुन आउने रकम।)

(ङ) "आयोजना" भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने कुनै नयाँ पूर्वाधार संरचनाको डिजाइन, निर्माण, विकास, सञ्चालन वा व्यवस्थापन सम्झनु पर्छ र सो शब्दले देहायका कुरा समेत जनाउनेछः

(१) मौजुदा पूर्वाधार संरचनाको पुनस्थापना, आधुनिकीकरण, विस्तार वा सञ्चालन तथा व्यवस्थापन,

(२) विकास निर्माणको कार्य,

(३) सार्वजनिक सेवा सुविधाको प्रवाह।

(च) "कार्यपालिका" भन्नाले बुद्धभुमी नगर कार्यपालिका सम्झनु पर्छ ।

(छ) "निजी निकाय" भन्नाले सार्वजनिक निजी साझेदारी अन्तरगत आयोजना कार्यान्वयन गर्ने सार्वजनिक निकाय बाहेकको निकाय सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापना भएका वा मान्यता प्राप्त फर्म, कम्पनी, सहकारी, स्थानीय सामूदायिक संस्था वा गैरसरकारी संस्था सम्झनु पर्छ ।

(ज) "निर्माण" भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास वा पुनस्र्थापना गर्ने कार्य सम्झनु पर्छ ।

(झ) "प्रमुख भन्नाले" बुद्धभुमी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुद्धभुमी नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ट) "पुनस्र्थापना" भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुननिर्माण गरी पुनस्र्थापना गर्ने काम सम्झनु पर्छ ।

(ठ) "पूर्वाधार संरचना" भन्नाले स्थानीय स्तरका विकास आयोजनाहरु, स्थानीय सडक, ग्रामीण सडक, पुल, अस्पताल, नहर, साना विद्युत उत्पादन तथा वितरण, नविकरणीय उर्जा, केबुलकार लाइन, ट्रलीबस संरचना, ट्रामवे, प्रदर्शनीस्थल, पार्क, जलाशय, सवारी साधन मर्मत ग्राम, औद्योगिक ग्राम , बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, कृषि, वन, सिचाई तथा पर्यटनसँग सम्बन्धित संरचना,रङ्गशाला, सार्वजनिक सभागृह, बहुआवासीय भवन वा सार्वजनिक गोदामघर सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

(ड) "लेखाजोखा समिति" भन्नाले दफा १२ को उपदफा (१) बमोजिम स्थापना हुने आयोजना लेखाजोखा समिति सम्झनु पर्छ ।

(ढ) "सम्झौता" भन्नाले आयोजना कार्यान्वयन गर्न दफा २९ बमोजिम प्रस्तावकसँग गरिएको सम्झौता सम्झनु पर्छ ।

(ण) "सर्वेक्षण" भन्नाले आयोजना कार्यान्वयन गर्नको लागि गरिने सर्वेक्षण सम्झनु पर्छ र सो शब्दले आयोजनाको सम्भाव्यता अध्ययन, इञ्जिनियरिङ डिजाइन कार्य र त्यसको लागि गरिने अन्वेषण समेतलाई जनाउँछ ।

(त) "सानिसा" भन्नाल सार्वजनिक निजी साझेदारी लाई सम्झनु पर्छ ।

(थ) "सानिसा इकाई" भन्नाले दफा ११ को उपदफा (१) बमोजिम स्थापना हुने सार्वजनिक निजी साझेदारी इकाई सम्झनु पर्छ ।

(द) "सानिसा समिति" भन्नाले दफा १० को उपदफा (१) बमोजिमको सार्वजनिक निजी साझेदारी

समितिसम्झनु पर्छ ।

(ध) “सरकार” भन्नाले स्थानीय सरकार, प्रदेश सरकार, नेपाल सरकार समेतलाई सम्झनुपर्छ ।

(न) “सार्वजनिक निजी साझेदारी” भन्नाले सार्वजनिक सेवासँग सम्बन्धित कुनै आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन वा सम्भार तथा वित्तीय लगानीमा आंशिक वा पूर्ण रुपमा निजी क्षेत्रलाई संलग्न गराउने गरी सार्वजनिक निकाय तथा निजी निकायबीच भएको करारीय प्रबन्ध सम्झनुपर्छ ।

(प) “स्थानीय सरकार” भन्नाले बुद्धभुमी नगरपालिका सम्झनु पर्छ ।

(फ) “सोझै प्राप्त भएका प्रस्ताव” भन्नाले सानिसा समितिले आव्हान नगरेका तर कुनै इच्छुक निजी निकायबाट पहिचान गरी कार्यान्वयनका लागि पेश गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ब) “शुल्क” भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए वापत उपभोक्तासँग लिने सेवा शलुक सम्झनु पर्छ ।

(भ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(म) “खरिद ऐन” भन्नाले सार्वजनिक खरिद ऐन २०६३ सम्झनुपर्दछ ।

## परिच्छेद २

## सार्वजनिक निजी साझेदारीको ढाँचा

**३. सार्वजनिक निजी लगानीमा आयोजना कार्यान्वयन गर्न सकिने :** (१) पूर्वाधार संरचना सम्बन्धी कुनै आयोजना सार्वजनिक निजी साझेदारीमा यस ऐन बमोजिम कार्यान्वयन गर्न सकिनेछ ।

(२) सार्वजनिक–निजी साझेदारी आयोजनामा देहायका विशेषताहरुमध्ये अधिकांश विशेषताहरु समिश्रण भएको हुनु पर्नेछः

(क) पूर्वाधार सेवाको निर्माण, पुनस्थापना वा आधुनिकीकरण गर्ने उद्देश्यका लागि निजी निकायको पूर्ण वा आंशिक पूँजी लगानी भएको,

(ख) निजी निकायलाई पूर्वाधार वा सेवाको सञ्चालन, मर्मत वा सेवा प्रदान गर्ने गरी जिम्मेवारी दिइएको वा सञ्चालन तथा मर्मत गर्न दिने गरी

आयोजनाको व्यवस्थापन सम्झौता भएको,

(ग) निजी निकायलाई पूर्वनिर्धारित मापनयोग्य मानक अनुसारको कार्यसम्पादनसँग आवद्ध भुक्तानीको व्यवस्था भएको,

(घ) निजी निकायबाट पूर्ण वा आंशिक रुपले आम्दानीको जोखिम व्यहोर्ने व्यवस्था स्वीकार गरिएको,

(ङ) आयोजनाको सम्झौता अवधि स्पष्ट भएको ।

४. **सार्वजनिक निजी साझेदारीका ढाँचाहरुः** दफा ३ को अधीनमा रही सार्वजनिक निजी साझेदारीका ढाँचाहरु देहाय बमोजिम हुन सक्नेछः

(क) सञ्चालन पूँजी बाहेक निजी लगानी आवश्यक नपर्ने प्रकृतिको सञ्चालन तथा व्यवस्थापन करार,

(ख) न्यून वा उल्लेखनीय निजी पूँजी आवश्यक पर्ने निर्माण, स्वामीत्वकरण, सञ्चालन तथा हस्तान्तरण करार,

(ग) माथि खण्ड (क) वा (ख) मा उल्लिखित करारका अन्य रुपहरु ।

**५. सार्वजनिक निजी साझेदारी नमानिने अवस्थाः** यस ऐनको प्रयोजनका लागि आयोजना सम्बन्धी वित्तीय, प्राविधिक, सञ्चालन वा जोखिम सम्बन्धमा स्थानीय सरकार र निजी निकाय दुवैको सहभागिता नरही स्थानीय सरकारले निजी निकायबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने कार्यलाई सार्वजनिक निजी साझेदारी प्रबन्ध मानिने छैन ।

६. सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगरिने आयोजना : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका आयोजना सार्वजनिक–निजी साझेदारीको माध्यमबाट कार्यान्वयन गरिने छैनः–

(क) आयोजना सम्बन्धी वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी निकायलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने,

(ख) सार्वजनिक सम्पत्ति वा दायित्वको निजीकरण हुने,

(ग) सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने,

(घ) सार्वजनिक कार्यको लागि निजी निकायबाट प्रदान गरिएको दान, चन्दा वा उपहार प्राप्त हुने,

(ङ) देशको सुरक्षा सम्बन्धी प्रावधानहरु समावेश हुने आयोजना,

(च) स्थानीय सरकारले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगरिने भनी अलग गरेका आयोजनाहरु,

(छ) सार्वजनिक हितका दृष्टिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने आयोजनाहरु ।

**७. सार्वजनिक निजी साझेदारी आयोजना छनौटका आधारहरुः** (१) देहायका मुख्य आधारहरुमा सार्वजनिक निजी साझेदारी बमोजिम कुनै आयोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गरिनेछः

(क) स्थानीय सरकारले त्यस्तो आयोजनाको लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको,

(ख) आयोजनाको कार्यान्वयनका लागि गरिएको खर्च वा लगानीबाट

सार्वजनिक स्तरमा  गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको,

(ग)  आयोजना आर्थिक रुपमा सम्भाव्य भए वा नभएको,

(घ)  स्थानीय सरकार र निजी निकायबीच जोखिम तथा लाभको उचित ढंगमा बाँडफाँड हुने अवस्था भए वा नभएको।

(२) सार्वजनिक निजी साझेदारी बमोजिम कुनै आयोजना कार्यान्वयनका लागि सार्वजनिक निजी साझेदारीको ढाँचा छनौट गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्नेछः

(क)  आयोजनाको उद्देश्य पूरा हुने उपयुक्त स्वरुप भएको,

(ख)  आयोजनाको लागि निजी  निकायको साधन श्रोत उपलब्ध भएको ,

(ग)  आयोजनाको डिजाइन, लगानी, निर्माण, सञ्चालन तथा मर्मत सम्भारमा निजी निकायले वहन गर्न सक्ने भूमिका भएको,

(घ)  सम्भावित लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(ङ)  उपभोक्ता तथा समूदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको,

(च)  वित्तीय संस्था तथा लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(छ)  लाभ तथा जोखिम बाँडफाँडको स्वरुप निर्धारण भएको,

(ज)  स्थानीय सरकारको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको,

(झ)  आयोजना सम्झौताको अवधि उल्लेख भएको,

(ञ) जटिल प्रकृतिका सार्वजनिक निजी साझेदारी सम्झौताहरु कार्यान्वयन गर्न सक्ने मानव संशाधनको उपलब्धता भएको।

**८. सार्वजनिक खरिद कानून आकर्षित नहुनेःयस ऐन बमोजिमको आयोजनाको पहिचान, स्वीकृति, निजी निकायको छनौट, अनुगमन तथा कार्यान्वयन यसै ऐनको व्यवस्था बमोजिम गरिनेछ र सो सम्बन्धमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको व्यवस्था लागू हुनेछैन।**

## परिच्छेद ३
## संस्थागत संरचना

**९. कार्यपालिकाः** (१) देहायका आयोजनाहरुको लागि सम्भाव्यता अध्ययन अनुसार आयोजनाको खरिद प्रक्रिया सुरु गर्न स्वीकृति दिने तथा नीतिगत समन्वय गर्ने कार्य कार्यपालिकाबाट हुनेछः

(क) दुई करोड रुपैयाँ वा सोभन्दा बढी अनुमानित आयोजना लागत भएको,

(ख) सम्भाव्यता न्यून परिपूर्ति कोष वा अन्य कुनै सरकारी अनुदान वा आर्थिक सहयोग आवश्यक भएको,

(ग) अन्य स्थानीय सरकार, प्रदेश सरकार वा केन्द्रीय सरकारसँगको साझेदारी वा सहभागितामा कार्यान्वयन गरिने आयोजनाहरु।

तर उपर्युक्त बमोजिमको आयोजनाको खरिद प्रक्रियाको स्वीकृति पश्चात् प्रस्तावदाता छनौट गर्ने तथा आयोजना सम्झौता गर्ने कार्य भने दफा १० बमोजिमको सानिसा समितिले गर्नेछ।

(२) कार्यपालिकाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक निजी साझेदारीसँग सम्बन्धित सम्पूर्ण नीतिगत
विषयहरुमा मार्गदशर्न गर्ने,

(ख) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने
आयोजनाहरुको पहिचान गर्ने,

(ग) सार्वजनिक निजी साझेदारीका लागि लगानीका क्षेत्रहरु पहिचान गर्ने,

(घ) उपदफा (१) बमोजिमको सार्वजनिक निजी साझेदारीका आयोजनाहरुको सम्भाव्यता अध्ययन, खरिद सम्बन्धी कागजात तथा मस्यौदा आयोजना सम्झौता लगायत आयोजनालाई खरिद प्रक्रियामा लैजान स्वीकृति प्रदान गर्ने,

(ङ) सार्वजनिक निजी साझेदारीमा सञ्चालित आयोजनाका कार्यान्वयनमा सम्बद्ध निकायहरुसँग आवश्यक समन्वय गर्ने।

१०. सानिसा समितिः(१) यस ऐन बमोजिमको आयोजना कार्यान्वयन गर्नका लागि कार्यपालिकाको प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको प्रत्येक आयोजनाका लागि एक सानिसा समिति रहनेछः

| | |
|---|---|
| क) कार्यपालिकाको प्रमुख | अध्यक्ष |
| ख) कार्यपालिकाको उपप्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| ङ) सानिसा समितिको अध्यक्षले तोकेको विज्ञ १ जना | सदस्य |
| च) नगर कार्यपालिकाको बिषयगत समितिको संयोजक मध्ये १ जना | सदस्य |
| छ) नगरमा क्रियाशिल उद्योग वाणिज्य संघरव्यापार संघका प्रमुखहरु मध्येबाट २जना | सदस्य |
| ज) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य-सचिव |

(२) दफा ९ को उपदफा (१) मा उल्लिखित आयोजनाहरु बाहेक अन्य आयोजनाको हकमा त्यस्तो आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्न तथा आयोजना सम्झौताको स्वीकृति दिने अख्तियारी सानिसा समितिमा रहनेछ ।

३) सानिसा समितिको बैठकको कार्यविधि र निर्णय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११. सानिसा इकाईः** (१) दफा १० को उपदफा (२) को अधीनमा रही आयोजनाको तयारी, विकास, मूल्यांकन, खरिद, प्रस्ताव छनौट, वार्ता, सम्झौतामा हस्ताक्षर, कार्यान्वयन तथा अनुगमनका लागि सानिसा समितिले प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा आवश्यकता अनुसार सम्बद्ध विभागका विभागीय प्रमुख तथा अधिकृतहरु रहने गरी सानिसा इकाईको गठन गर्नेछ ।

**(२) सानिसा इकाईको मुख्य काम तथा कर्तव्य देहाय बमोजिम हुनेछः**

(क) कुनै आयोजना सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन गर्नुपर्ने आधार र कारणको मूल्यांकन गर्ने,

(ख) आयोजनाको प्रारम्भिक मूल्यांकन गर्ने,

(ग) आयोजनको सम्भाव्यता अध्ययन गर्ने, गराउने,

(घ) आयोजनाको उपयुक्तताको लेखाजोखाका लागि आयोजना लेखाजोखा समितिमा पेश गर्ने,

(ङ) आयोजना कार्यान्वयनका लागि आवश्यक लिखत कागजातहरु तयार गर्ने,

(च) प्रस्ताव आव्हान गर्ने, मूल्यांकन गर्ने तथा प्रस्तावदाताको छनौट गर्ने,

(छ) छनौट भएको प्रस्तावकसँग वार्ता गर्ने तथा आयोजना सम्झौता गर्ने,

(ज) आयोजना सम्झौताको व्यवस्थापन तथा कार्यान्वयन गर्ने,

(झ) आयोजना कार्यान्वयनका सम्बन्धमा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(३) सानिसा ईकाइ को बैठकको कार्यविधि र निर्णय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. लेखाजोखा समितिः** (१) यस ऐन बमोजिम आयोजना कार्यान्वयन गर्ने निकायले आयोजनाको उपयुक्तताको लेखाजोखा गर्न सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरी बढीमा ३ सदस्य रहेको तोकिए बमोजिमको लेखाजोखा समिति गठन गर्नेछ ।

(२) सम्भाव्यता अध्ययन सम्पन्न भएका आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्नु अघि लेखाजोखा समितिले आयोजनाको खरिद सम्बन्धी कागजात, मस्यौदा आयोजना सम्झौता र सोको सम्भाव्यता अध्ययनको उपयुक्तताको लेखाजोखा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखाजोखा समितिले आयोजनाको उपयुक्तताको लेखाजोखा गर्दा दफा ७ मा उल्लिखित आधारहरुलाई समेत विश्लेषण गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम आयोजनाको उपयुक्तताको लेखाजोखा गरेपछि लेखाजोखा समितिले सो सम्बन्धमा आफ्नो धारणा र सुझाव समेत समेटी आफ्नो प्रतिवेदन सानिसा समितिमा पठाउनेछ ।

(५) लेखाजोखा समितिले आफूले उपयुक्तताको लेखाजोखा गरेका सबै आयोजनाहरुको कार्यान्वयन गर्दा स्थानीय सरकारमा पर्न सक्ने आकस्मिक दायित्वको अभिलेख राख्नुपर्नेछ ।

(६) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रीय स्तरमा निर्माण भएको सार्वजनिक निजी साझेदारी सम्बन्धी कानुनले आयोजना लागत वा आयोजनको प्रकृतिको आधारमा कुनै खास संयन्त्रबाट आयोजनाको उपयुक्तताको लेखाजोखा गर्ने सम्बन्धमा व्यवस्था गरके ो भए त्यस्तो आयोजनाको लेखाजोखा सो कानुन बमोजिम गराइनेछ ।

(७) लेखाजोखा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४

## आयोजनाको पहिचान र स्वीकृति सम्बन्धी व्यवस्था

**१३. आयोजना पहिचान गर्ने :**

(१) सानिसा समितिले सार्वजनिक निजी साझदोरीमा कार्यान्वयन गर्न सकिने आयोजना पहिचान गरी विवरण अद्यावधिक बनाई राख्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा सानिसा समितिले सम्भाव्यता अध्ययन भए वा नभएका आयोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्नेछ ।

**१४. प्राथमिकता निर्धारण गर्ने :** (१) सानिसा समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने आयोजनाको प्राथमिकता निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयनको प्राथमिकता निर्धारण गर्दा तोकिएका क्षेत्रलाई तोकिए बमोजिमको प्राथमिकताका आधारमा राख्नु पर्नेछ ।

**१५. आयोजना स्वीकृत गराउनु पर्नेः** (१) सानिसा समितिले दफा ९ को उपदफा (१) मा उल्लिखित आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिए बमोजिमका विवरण खुलाई कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना स्वीकृत गराउँदा उक्त आयोजना कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सो समेत उल्लेख गर्नुपर्नेछ ।

(३) कुनै आयोजना एक भन्दा बढी तरिकाबाट कार्यान्वयन गर्न सकिने भए एक भन्दा बढी तरिका उल्लेख गरी स्वीकृत गराउन सकिनेछ ।

(४) दफा ९ को उपदफा (१) मा उल्लिखित आयोजनाहरु बाहेक अन्य आयोजना सानिसा समिति आफैले स्वीकृत गरी अघि बढाउन सक्नेछ ।

(५) यस दफा बमोजिम स्वीकृत भएका आयोजनाहरु स्थानीय सरकारको बजेट तथा वार्षिक कार्यक्रममा समावेश गरिनेछ ।

परिच्छेद ५

आयोजनाको खरिद प्रक्रिया सम्बन्धी व्यवस्था

**१६. खरिद प्रक्रियाका चरणहरुः** (१) यस ऐन बमोजिम पहिचान र स्वीकृति भएका आयोजनाहरुको खरिद प्रक्रिया सामान्यतया देहाय बमोजिम हुनेछः

(क) योग्यताका लागि मनसाय पत्र आव्हान गर्ने,

(ख) योग्यतामा छनौट भएका दरखास्तवालाहरुको संक्षिप्त सूची तयार गर्ने,

(घ) प्रस्तावको माग गर्ने,

(ङ) प्रस्तावको मूल्यांकन गरी योग्य प्रस्तावकको छनौट गर्ने,

(च) प्रस्ताव स्वीकृत गर्ने,

(छ) छनौट भएको प्रस्तावकसँग आयोजना सम्झौता गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीस लाख रुपैयाँभन्दा कम अनुमानित आयोजना लागत भएका आयोजनाहरुको हकमा योग्यता सम्बन्धी दरखास्त र प्रस्तावसम्बन्धी विवरणहरु छुट्टाछुट्टै खाममा एकै चरणमा माग गर्न सकिनेछ ।

**१७. मनसायपत्र आव्हान गर्न सक्ने :** (१) सानिसा इकाईले दफा १६ बमोजिम स्वीकृत आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयावधिभित्र सानिसा इकाई समक्ष मनसायपत्र पेश गर्नु पर्नेछ ।

**१८. संक्षिप्त सूची तयार गर्ने :** सानिसा इकाईले मनसायपत्र प्राप्त भएको मितिले तीस दिनभित्र तोकिएको आधारमा मनसायपत्र पेश गर्ने व्यक्तिहरु छनौट गरी सोको संक्षिप्त सूची तयार गर्नेछ।

**१९. प्रस्ताव आव्हान गर्न सक्ने** : (१) सानिसा इकाईले दफा १८ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सो सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्तिबाट आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका विवरणहरु खुलाई साही उपदफा बमोजिम प्रकशित सूचनामा उल्लिखित समयावधिभित्र सानिसा इकाई समक्ष प्रस्ताव पेश गर्नु पनेर्छ।

**२०. सोझै प्रस्ताव आव्हान गर्न सक्ने** : दफा १७मा जुनसुकै कुरा लेखिएको भएतापनि पहिले नै सम्भाव्यता अध्ययन भईसकेको वा तोकिए बमोजिम भन्दा कम लागतको आयोजना भए सानिसा इकाईलेआयोजनाकार्यान्वयन गर्ने सम्बन्धमा तोकिएको कुराहरु खुलाइ सार्वजनिक रूपमा सुचना प्रकाशन गरी सोझै प्रस्ताव आव्हान गर्न सक्नेछ।

**२१. प्रस्तावको मूल्यांकन गर्ने**: प्राप्त प्रस्तावहरुको मूल्यांकन गर्न सानिसा इकाईले एउटा छुट्टै प्रस्ताव मूल्यांकन समिति गठन गर्नेछ।

(२) प्रस्ताव मूल्यांकन समितिले देहायका आधारमा प्रस्ताव प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्पूर्ण प्रस्तावहरुको मूल्यांकन गर्नुपर्नेछः

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता,

(ग) आयोजनाको प्रकृति अनुसार सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी रकम वा आयोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित शलुक,

(घ) प्रस्तावित सेवाका स्तर,

(ङ) नवीनतम वा उन्नत प्रविधिको प्रयोग,

(च) तोकिए बमोजिमका अन्य विवरण।

(३) मूल्यांकन समितिले उपदफा (२) बमोजिम मूल्यांकन सम्पन्न गरी सोको प्रतिवेदन सानिसा इकाई समक्ष पेश गर्नेछ।

**२२. प्रस्ताव छनौट गर्ने** : (१) सानसिा इकाईले दफा २३ बमोजिमको मूल्यांकन प्रतिवेदनका आधारमा प्रस्ताव प्राप्त भएको मितिले तीस दिनभित्र प्रस्ताव छनौट गर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि सानिसा इकाईले सोको जानकारी छिटो साधनद्वारा छनौट भएको प्रस्तावकलाई दिनु पर्नेछ।

**२३. वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न सक्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायका अवस्थामा कुनै आयोजना वार्ताद्वारा कार्यान्वयन गराउन सकिनेछ :

(क) यस ऐन बमोजिम कम्तीमा दुई पटक मनसायपत्र वा प्रस्ताव आव्हान गर्दा पनि आवश्यक संख्यामा मनसायपत्र वा प्रस्ताव छनौट हुन नसकेको, वा

(ख) आयोजनाको प्रकृति वा लागतको कारण प्रतिष्पर्धा हुन सक्ने सम्भावना नभएको, वा

(ग) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(घ) स्थानीय सामूदायिक संघसंस्थाबाट कार्यान्वयन गरिने तोकिएको रकमसम्म अनुमानित आयोजना लागत भएको।

(३) उपदफा (१) बमोजिमको कुनै आयोजना वार्ताद्वारा कार्यन्वयन गर्न चाहने व्यक्तिले तोकिएको कुराहरु खुलाई सानिसा समिति समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाचबुझ गर्दा वार्ताद्वारा सो आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा समितिले निवेदकसंग वार्ता गरी कार्यान्वयन गराउनेछ।

तर दफा ९ को उपदफा (१) मा उल्लिखित आयोजनाहरु वा दफा २३ को उपदफा (१) को खण्ड (ख) र (ग) का आयोजनाहरु भए सानिसा समितिले त्यस्ता आयोजनाहरु कार्यान्वयन गर्न कार्यपालिकाबाट स्वीकृति प्राप्त गर्नुपर्नेछ।

(५) यस दफा बमोजिम वार्ताद्वारा आयोजना कार्यान्वयन गर्दा सानिसा समितिल निवेदकसँग दफा २८ बमोजिमका विवरण माग गर्न सक्नेछ।

**२४. समझदारीपत्र गर्न सक्न** : दफा २२ बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा २३ को उपदफा (५) बमोजिम माग गरिएको विवरणका आधारमा आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा इकाईले प्रस्तावकसँग आयोजनाको कार्यान्वयन गर्न सम्बन्धमा समझदारीपत्र सम्पन्न गर्न सक्नेछ।

तर आयोजनाको प्रकृति हेरी सानिसा इकाईले प्रस्तावकसँग प्रारम्भिक आयोजना सम्झौता गर्न सक्नेछ।

**२५. आयोजना विवरण पेश गर्नु पर्ने** : (१) दफा २४ बमोजिम समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौतामा उल्लिखित समयावधि र समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता नगरेकोमा आयोजनाको प्रकृति हेरी दुई सय सत्तरी दिनमा नबढ्ने गरी सानिसा इकाईले तोकेको समयावधिभित्र प्रस्तावकले आयोजना कार्यान्वयन

सम्बन्धी तोकिए बमोजिमका विवरणहरु सानिसा इकाई समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमाजिम अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसक्ने कुनै मनासिव कारण देखाइ समयावधि थपको लागि सानिसा इकाई समक्ष निवेदन दिएमा सानिसा इकाईले बढीमा नब्बे दिनको समयावधि थप गरिदिन सक्नेछ ।

२६. रद्द गर्न सक्ने : (१) दफा २५ बमोजिमको समयावधिभित्र प्रस्तावकले विवरण पेश नगरेमा वा त्यसरी पेश गरिएको विवरण अध्ययन गर्दा आयोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा सानिसा इकाईले सो कारण खुलाई प्रस्तावकसँग समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता गरेको भए त्यस्तो समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता र समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता नगरेकोमा निजको प्रस्ताव रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समझदारीपत्र, प्रारम्भिक आयोजना सम्झौता वा प्रस्ताव रद्द भएमा प्रस्तावकले सानिसा इकाईसँग कुनै किसिमको हानि नोक्सानी वापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

२७. वार्ताद्वारा आयोजना विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नका लागि सानिसा समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिव देखिएमा सानिसा समितिले निवेदकसंग वार्ता गरी त्यस्तो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति स्वयले व्यहोर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै आयोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो आयोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

२८. सोझै प्राप्त भएको प्रस्ताव मार्फत् आयोजना कार्यान्वयन गर्न सकिने : (१) सानिसा समितिले

निजी निकायबाट सोझै प्राप्त भएका प्रस्तावलाई ऐन तथा नियमावली बमोजिम कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव देहायको अवस्थामा स्वीकार गर्न सकिनेछः

(क) प्रतिष्पर्धात्मक प्रक्रियाबाट प्रस्तावदाता छनौट हुन नसकेको आयोजना,

(ख) आयोजनालाई कुनै व्यक्तिको स्वामीत्वमा रहेको बौद्धिक सम्पत्ति वा प्रविधि आवश्यक भएकोमा सो आयोजनाको लागि प्रस्ताव गर्ने प्रस्तावदातासँग मात्र त्यस्तो बौद्धिक सम्पत्ति वा प्रविधि रहेको भएमा, वा

(ग) स्थानीय जनसमुदायका स्थानीय आवश्यकताहरुलाई पूर्ति गर्नका लागि स्थानीय सामूदायिक संस्थाबाट प्राप्त भएका प्रस्तावहरु, वा

(घ) कार्यपालिकाले आयोजना रणनीतिक महत्वको छ भनी स्वीकार गरेमा ।

(३) सानिसा समितिले उपदफा (१) बमोजिम सोझै प्राप्त भएको प्रस्तावलाई पुनरावलोकन गर्दा आकर्षक र लाभदायी भएमा त्यस्तो प्रस्ताव पेश गर्ने प्रस्तावकलाई सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्न लगाउन सक्नेछ ।

तर उपदफा (२) को खण्ड (क) बमोजिमको अवस्था भएमा पुनः सम्भाव्यता अध्ययन गराउन आवश्यक हुने छैन ।

(४) उपदफा (३) बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदन अध्ययन गर्दा सो आयोजनाबाट सार्वजनिक हित हुने देखिएमा सानिसा समितिले कार्यपालिकाको सैद्धान्तिक सहमतिका लागि पेश गर्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यपालिकाले आयोजना अघि बढाउन सैद्धान्तिक सहमति दिएमा लेखाजोखा समितिले उक्त आयोजनाको उपयुक्तताको लेखाजोखा गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम उपयुक्तताको लेखाजोखा सम्पन्न गरेपश्चात् सानिसा समितिले उक्त आयोजना कार्यान्वयनका लागि यस ऐन बमोजिम प्रस्ताव आव्हान गर्नेछ ।

(७) उपदफा (६) बमोजिमको प्रस्तावमा सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक पनि सहभागी हुन सक्नेछ।

(८) उपदफा (६) बमोजिम प्राप्त भएका प्रस्तावहरुको मूल्यांकन भएपछि छनौट भएको योग्य प्रस्तावकले कबोल गरेको शर्तहरुसँग सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक मञ्जुर भएमा सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकलाई छनौट गरी आयोजना कार्यान्वयन गरिनेछ ।

(९) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले भाग नलिएमा वा निजले छनौटयोग्य प्रस्तावकको प्रस्ताव अनुसार काम गर्न मञ्जुर नगरेमा प्रस्तावकलाई उक्त आयोजना कार्यान्वयन गर्न दिइने छैन ।

(१०) सोझै प्रस्ताव गर्ने प्रस्तावकले प्रस्तावमा सहभागी भएको तर छनौटयोग्य प्रस्तावक हुन नसकेको र

छनौटयोग्य प्रस्तावकले पेश गरेको प्रस्ताव पनि स्वीकार नगरेको अवस्था भए त्यस्तो अवस्थामा छनौटयोग्य प्रस्तावदाताले प्रस्ताव आव्हानको लिखतमा उल्लेख गरिएको सम्भाव्यता अध्ययनमा भएको खर्च वापतको रकम त्यसरी सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकलाई भुक्तानी गर्नुपर्नेछ ।

(११) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले आयोजना कार्यान्वयन गर्न पाएमा निजले छनौटयोग्य प्रस्तावकलाई प्रस्ताव आव्हानको लिखतमा उल्लेख गरिएको सम्भाव्यता अध्ययनमा भएको खर्च वापतको रकम भुक्तानी गर्नुपर्नेछ ।

(१२) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक एक जनाले मात्र प्रस्तावमा सहभागी भएमा प्रस्ताव आव्हानको लिखतमा उल्लिखित शर्तहरुका आधारमा प्रस्तावकको प्रस्ताव स्वीकृत गर्न सकिनेछ ।

(१३) उपदफा (१२) मा उल्लिखित अवस्थामा पनि सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत नभएमा कार्यपालिकाले सम्भाव्यता अध्ययन गर्दा लागेको पूर्वनिर्धारित खर्च भुक्तानी गर्नेछ ।

(१४) माथिका उपदफाहरुमा जनु सुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (घ) बमोजिमको आयोजनाको अनुमानित लागत रु. पाँच लाख रुपैया बढी नभएमा सानिसा समितिले सोझै वार्ताको माध्यमद्वारा सम्बन्धित स्थानीय सामूदायिक संस्थालाई त्यस्तो आयोजना कार्यान्वयन गर्न अनुमति दिन सक्नेछ ।

२९. सम्झौता गर्ने : (१) दफा २५ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा सानिसा समितिले प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा सानिसा समितिको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर गर्नेछ ।

(३) प्रस्तावकले दफा २८ को उपदफा (१) बमोजिमको विवरण सम्झौतामा लेखिएको अवधिभित्र पेश गर्नुपर्नेछ । सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसँग भएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

३०. सम्झौता खुलाउनु पर्ने कुराहरु : सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ :–

(क) आयोजनाको विवरण,

(ख) आयोजना कार्यान्वयन शरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) आयोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) आयोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका

(च) आयोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(छ) आयोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) जोखिमको बाँडफाँड र आयोजना अवधिमा जोखिम व्यवस्थापन गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्बन्धी व्यवस्था, कार्यसम्पादनका मूल्यांकनका वस्तुगत आधार र मापदण्ड ।

(झ) आयोजनाको अनुगमन प्रक्रिया सम्बन्धी विवरण,

(ञ) आयोजना लिजमा दिएको भए सोको विवरण र लिजका शर्तहरु,

(ट) आयोजना सञ्चालन वा हस्तान्तरणका शर्त,

(ठ) आयोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ड) आयोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ढ) आयोजनामा जडित मेशिन तथा आयोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ण) स्थानीय सरकारलाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(त) आयोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पुरा नगरेको कारणबाट मर्का पर्ने पक्षले प्राप्त गर्ने क्षतिपूर्ति भराउने, सम्झौता उल्लंघन गर्ने पक्षले व्यहोर्नु पर्ने दायित्व तथा सम्झौता रद्द हुने अवस्था,

(थ) काबू बाहिरको परिस्थिति सम्बन्धी व्यवस्था,

(द) सूचना आदान प्रदान सम्बन्धी व्यवस्था,

(ध) कानुनमा हुने परिवर्तनबाट निजी लगानीकर्तालाई कुनै विशेष संरक्षण दिइने भए सो सम्बन्धी व्यवस्था,

(न) लागू हुने कानुन, विवाद समाधानको संयन्त्र, विधि र प्रक्रिया,

(प) सम्भाव्यता न्यून परिपूर्ति सम्बन्धी व्यवस्था,

(फ) आयोजनामा स्थानीय सरकारको कुनै लगानी हुने भए त्यस्तो लगानी र
सो वापत स्थानीय सरकारको प्राप्त गर्ने प्रतिफल,

(ब) अन्य आवश्यक कुराहरु।

३१.

कार्य सम्पादन जमानत सम्बन्धी व्यवस्था : प्रस्तावकले कार्यसम्पादन जमानत वापत आयोजनाको कुल लागतको शुन्य दशमलव पांच प्रतिशत (०.५) भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो बरावरको बैंक ग्यारेण्टी आयोजनाको वित्तीय समापन सम्पन्न

नभएसम्मका अवधिका लागिसानिसा इकाई समक्ष दाखिला गर्नु पर्नेछ।

३२. रीत पुगेको मानिने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम सानिसा समितिबाट आयोजना स्वीकृत भई दफा ३३ बमोजिम अनुमतिपत्र प्राप्त गरेकोमा त्यस्तो अनमुतिपत्र प्रचलित कानूनको रीत पु¥याई जारी भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको अनुमतिपत्रका शर्तहरु उपर अनुमतिपत्र वहाल रहेको अवधिभर प्रतिकूल हुने गरी सभा वा कार्यपालिकाबाट कुनै कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था गरिने छैन र सम्झौता प्रतिकूल हुने गरी गरिएको कुनै कानून, प्रशासनिक वा नीतिगत व्यवस्था मान्य हुने छैन।

## परिच्छेद ६
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

**३३. अनुमतिपत्र प्रदान गरिने :** दफा ३० बमोजिम सम्झौता गरेपछि सानिसा इकाईले प्रस्तावकलाई आयोजनाको कार्यान्वयन गर्न तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ।

**३४. अन्य व्यक्तिले अनुमतिपत्र नदिइने :** आयोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमतिपत्रदिइसकिए पछि सम्झौतामा लेखिए बमोजिम सोही क्षेत्रमासो आयोजनालाई प्रतिकूल असर पर्ने गरि त्यस्तै किसिमको आयोजनाको कार्यान्वयन गर्न अन्य व्यक्तिलाई अनुमतिपत्र दिने छैन।

**३५. अनुमतिपत्रको अवधिः**

(१) अनुमतिपत्रको अवधि चालीस बर्षमा नबढाई सम्झौतामा लेखिए बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जनु सुकै कुरा लेखिए पनि विशेष परिस्थिति परी अनुमतिपत्रको अवधि बढाउन आवश्यक भएको कारण खुलाईअवधि थपको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिव देखिएमा कार्यपालिकाले बढीमा पाँच बर्षसम्म अनुमतिपत्रको अवधि थप सक्नेछ।

(३) अनुमतिपत्रको अवधि तोकिएको आधारमा निर्धारण गरिनेछ।

**३६. अनुमतिपत्र रद्द गर्न सक्ने :**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिम आयोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको नियम वा सम्झौता विपरित कुनै काम गरेमा सानिसा समितिलेअनुमतिपत्र प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ।

(३) यस दफा बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले सानिसा समितिसँग कुनै किसिमको दाबी गर्न पाउने छैन।

**३७. रोयल्टी बुझाउनु पर्नेः** रोयल्टी बुझाउने सम्झौता भएकोमा अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिेखित तरिकाबाट स्थानीय सरकारलाई बुझाउनु पर्नेछ।

**३८. आयोजनाहस्तान्तरण गर्नु पर्ने :**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौतामा लेखिएको बमोजिम स्थानीय सरकारलाई आयोजना हस्तान्तरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना हस्तान्तरण गर्ने मितिले कम्तीमा एक वर्ष अगाडि देखि सानिसा इकाईको सुपरीवेक्षणमा सम्झौतामा उल्लेख भए बमोजिम आवश्यक मर्मत सम्भार गरी हस्तान्तरण गर्नुपर्नेछ।

(३) उपदफा (२) को प्रयोजनका लागि सानिसा इकाईले प्रतिनिधिहरु खटाई पठाउनु पर्नेछ।

(४)उपदफा (१) बमोजिम आयोजनाहस्तान्तरण हुँदा त्यस्तो आयोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिएको बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनुपर्नेछ।

**३९. स्थानीय सरकारको स्वामित्व हुनेः** दफा ३८ बमोजिम हस्तान्तरण भएको आयोजना र सोसँग सम्बन्धित घर जग्गा तथा उपकरणको स्वामीत्व स्थानीय सरकारको हुनेछ।

## परिच्छेद ७

## लगानी सम्बन्धी व्यवस्था

**४०. अनुमतिपत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्नेः** (१) सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक आयोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्नेछ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना अन्र्तगतको घर, जग्गा वा मुख्य मेशिन उपकरण धितो राखी ऋण लिँदा सानिसा समितिको स्वीकृति लिनु पर्नेछ।

तर स्थानीय सरकारले उपलब्ध गराएको घर जग्गा वा अन्य सम्पत्ति धितोमा राख्न पाइने छैन।

**४१. स्थानीय सरकारले संयुक्त लगानी गर्न सक्नेः** (१) उपदफा (२) मा उल्लिखित आधार र कारणबाट औचित्य पुष्टि हुने भएमा विशेष अवस्थामा स्थानीय सरकारले पच्चीस प्रतिशतमा नबढ्ने गरी आयोजनामा शेयर पूँजी लगानी गर्न सक्नेछ ।

(२) देहायका आधारहरु विद्यमान भएमा मात्र स्थानीय सरकारले आयोजनामा **शेयर र पूँजी लगानी सक्नेछः**

(क) आयोजनाको आर्थिक सम्भाव्यता वृद्धि हुने भएमा,

(ख) आयोजनाको निर्माण तथा सञ्चालनमा सानिसा समितिको उपस्थिति बलियो हुने भएमा,

(ग) लगानीकर्तालाई सहज वातावरण सिर्जना हुने भएमा,

(घ) आयोजनाको उचित अनुगमनका लागि शेयर लगानी आवश्यक हुने भएमा ।

(३) उपदफा (१) बमोजिमको लगानी आयोजना कार्यान्वयन गर्ने निजी निकायले स्थानीय सरकारको हिस्सा लिन चाहेमा आयोजनाको प्रचलित मुल्यमा हिसाब गरी दिन सकिनेछ ।

**४२. अन्य व्यक्तिसँग सम्झौता गर्न सक्नेः**

(१) आयोजना सम्झौताका शर्तका अधीनमा रही अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा लगानी प्राप्त गर्न वा आयोजना बमोजिमको कुनै काम कुनै व्यक्तिबाट गराउने गरी अन्य व्यक्तिसँग सम्झौता गर्न सक्नेछ । तर त्यसरी सम्झौता भएको कारणले आयोजना कार्यान्वयन गर्ने दायित्वबाट निजले छुटकारा पाउने छैन ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सम्झौता गरेमा त्यस्तो सम्झौता भएको पन्ध्र दिनभित्र सो सम्झौताको प्रतिलिपि सानिसा इकाई समक्ष पेश गर्नु पर्नेछ ।

**४३. भुक्तानी सम्झौता गर्न सक्नेः** अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना निर्माण गरी स्थानीय सरकारलाई हस्तान्तरण गर्ने गरी वा दफा ४६ बमोजिमको शुल्क नउठाई अन्य रुपमा आयोजनामा गरेको लगानी फिर्ता पाउने गरी दफा ३० बमोजिम सम्झौता भएकोमा कार्यपालिकाले एकमुष्ट रुपमा वा किस्ताबन्दीमा त्यस्तो रकम भुक्तानी पाउने गरी सम्झौता गर्न सक्नेछ ।

**४४.सम्भाव्यता न्युन परिपूर्ति कोषः**

(१) स्थानीय सरकारले सम्भाव्य आयको तुलनामा लागत बढी हुने आयोजनालाई अनुदान उपलब्ध गराउन सम्भाव्यता न्युन परिपूर्ति कोष खडा गर्न सक्नेछ ।

(२) केन्द्रीय स्तरमा जारी भएको कानुन बमोजिम स्थानीय स्तरमा कार्यान्वयन हुने आयोजनाले सम्भाव्यता न्यून परिपूर्र्ति कोषको सुविधा पाउने अवस्थामा सोही बमोजिम आयोजनालाई

अनुदान उपलब्ध गराउन सहयोग गरिनेछ ।

(३) सम्भाव्यता न्युन परिपूर्ति कोषको स्थापना तथा सोको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ८

## अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार तथा सुविधा

४५. **राष्टियकरण नगरिने**: अनुमतिपत्रको अवधिभर कुनै पनि आयोजना र सोसँग सम्बन्धित जग्गा, उपकरण तथा संरचना राष्ट्रियकरण गरिने छैन ।

४६. **शुल्क उठाउन पाउने**: अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले निमार्ण वा सञ्चालन गरेको आयोजनाबाट सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग शुल्क उठाउन सक्नेछ ।

(२) आयोजना सम्झौतामा उपदफा (१) बमोजिमको शुल्क सझौतामा उल्लेख भए बमोजिम समय समयमा पुनरावलोकन गर्न सकिने व्यवस्था राख्न सकिनेछ ।

४७. **घर जग्गा आदिमा प्रवेश गर्न सक्ने**:

(१) आयोजना कार्यान्वयनको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै घर, जग्गा,उद्योग कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसको लागि आवश्यकता अनुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनको लागि सम्बन्धित धनीलाई अग्रीम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्न बाली वा हुर्केका रुख बिरुवा काट्नु, उखेल्नु परेमा वा जग्गामा रहेका कुनै छेकबार, पर्खाल, कुनै मेशिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिब क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमतिपत्र प्राप्त व्यक्तिले सो गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितिमा प्रवेश गर्नु पर्नेछ ।

४८. **घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न सक्ने**: (१) आयोजना कार्यान्वयनको सिलसिलामा आयोजना स्थल र त्यसको निश्चित दूरीमा पर्ने घर जग्गा

अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमतिपत्र प्राप्त व्यक्तिले सानिसा इकाईं समक्ष निवदेन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा सानिसा समितिले प्रचलित कानून बमोजिम त्यस्तो घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ।

तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानि नोक्सानी बापतको क्षतिपूर्ति अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति निर्धारण गर्नको लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ र सो समितिले सम्बन्धित व्यक्तिलाई वास्तविक रुपमा पनै गएको हानि नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैंतीस दिन भित्र सानिसा इकाई समक्ष उजूरी गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम परेको उजूरी उपर नब्बे दिन भित्र निर्णय गरिसक्नु पर्नेछ र सो उजूरीका सम्बन्धमा सानिसा समितिले गरेको निणर्य अन्तिम हुनेछ।

**४९. घर जग्गा प्राप्त गरिदिने**: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा आफैले खरिद गरी वा अन्य रुपमा व्यवस्था गर्नु पर्नेछ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (१) बमोजिम खरिद गर्न वा अन्य रुपमा व्यवस्था गर्न नसकेमा वा सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नु पर्ने उल्लेख भएमा सानिसा इकाईले अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम प्राप्त गरिदिनेछ।

(३) उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि स्थानीय सरकारको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा आयोजना कार्यान्वयनको लागि आवश्यक भएमा सानिसा समितिले कार्यपालिकाको स्वीकृति लिई त्यस्तो जग्गा सम्झौतामा लेखिए बमोजिम वा लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ।

**५०. आयोजनाको सुरक्षा गर्न सक्नेः**

(१) आयोजनाको सुरक्षा अनुमतिपत्र प्राप्त व्यक्ति आफैंले गर्नुपर्नेछ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले विशेष कारण देखाई आयोजनाको खास किसिमको सुरक्षाको लागि सानिसा इकाई समक्ष अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी त्यस्ता आयोजनाको सुरक्षाको व्यवस्था गर्नसानिसा इकाईले आयोजनाको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।

**५१. सहयोग उपलब्ध गराउनु पर्नेः** (१) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा सानिसा समितिले अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लिखित तरिका र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ।

(२) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नु पर्ने खर्च र दायित्व अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी सानिसा समिति आफैले त्यस्तो सहयोग उपलब्ध गराउन लेखी पठाउन सक्नेछ।

**५२. विदेशी विनिमयको सुविधाः** आयोजनाको कार्यान्वयनको लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम उपलब्ध गराइनेछ।

**५३. विष्फोटक पदार्थको प्रयोगः** आयोजनाको कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा संघीय कानुनको अधीनमा रही अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा निजलाई प्रचलित कानून बमोजिम त्यस्तो विष्फोटक पदार्थको प्रयोग गर्न अनुमतिपत्र दिइनेछ।

**५४. कानुन बमोजिमको सुविधा पाउने :** यस एन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित कानुन बमोजिम उद्योगले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट प्राप्तगर्नेछ।

**५५. सेवा सुविधाको शर्त तोक्न सक्ने :**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्धगराउँदा यस ऐन वा सम्झौताको

अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरित उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन।

## परिच्छेद ९

## विवाद समाधान सम्बन्धी व्यवस्था

**५६. छनौट प्रक्रिया वा निर्णय सम्बन्धी विवादको समाधानः**

(१) कार्यपालिका वा सानिसा समितिले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारी प्रबन्ध अन्तरगत प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णय गर्दा कुनै त्रुटि गरेको वा पालना गर्नुपर्ने कर्तव्य नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै प्रस्तावदाताले त्यस्तो निर्णय वा पुनरावलोकनका लागि सानिसा समितिसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१)बमोजिम दिने निवेदन सम्झौता हुनभन्दा अघिको कारवाहीका सम्बन्धमा सीमित हुनेछ।

(३) उपदफा (१) बमोजिम निवेदन दिदाँ सानिसा समितिले प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णयमा त्रुटि गरेको वा पालना गर्नुपर्ने कर्तव्य नगरेको कुरा प्रस्तावदाताले थाहा पाएको सात दिनभित्र निवेदन दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा छानबीन गर्दा प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णयमा त्रुटि देखिए वा सानिसा समितिले पालना गर्नुपर्ने कर्तव्य पालना नगरेको देखिए वा त्यस्तो निर्णय कानुन विपरीत भएको देखिएमा सानिसा समितिको प्रमुखले त्यस्तो कारवाही निलम्बन गरी सो निवेदन प्राप्त भएको पाँच दिनभित्र कारण खुलाई लिखित निर्णय गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको निर्णयमा प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही कसरी अगाडि बढाउने भन्ने कुरा समेत उल्लेख हुनु पर्नेछ।

(६) उपदफा (४) बमोजिमको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावदेन गर्र्न सक्नेछ।

**५७. सम्झौता अन्तरगतको विवादको समाधानः**

(१) आयोजना सम्झौतामा प्रचलित नेपाल कानुन लागू हुनेछ।

(२) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सानिसा समिति र अनुमतिपत्र प्राप्त व्यक्तिबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद पक्षहरुबीच छलफल गरी आपसी समझदारीबाट समाधान गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएमा विवादको समाधान

सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ।

(४) उपदफा (२) बमोजिम मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानुन बमोजिम हुनेछ।

(५) विशेष प्रकृतिका आयोजनाहरुका हकमा लागू हुने कानुन र विवाद समाधान सम्बन्धमा छुट्टै व्यवस्था गर्नुपर्ने देखिएमा कार्यपालिकाको निर्णय बमोजिमहुनेछ।

**५८. क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** (१) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा ऐन अन्तरगत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी वापतको मनासिब माफिकको रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपूर्ति वापत बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूति स्थानीय सरकारबाट व्यहोर्नुपर्ने भएमा त्यस्तो क्षतिपूर्ति वापतको रकम हिसाब गरी कार्यपालिकाले अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ।

## परिच्छेद १०
## विविध

**५९. गैरसरकारी वा स्थानीय सामुदायिक संघसंस्था मार्फत् आयोजना कार्यान्वयन गर्न सकिनेः** तोकिएको रकमसम्मको आयोजना लागत भएका आयोजना स्थानीय गैरसरकारी संस्था वा स्थानीय सामुदायिक संस्थालाई प्राथिमकता दिई कार्यान्वयन गर्न सकिनेछ।

६०. संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँग मिली आयोजना कार्यान्वयन गर्न सक्ने संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँगको सहकार्य र समझदारीमा यस ऐन अन्तरगतको सार्वजनिक निजी साझेदारी आयोजना कार्यान्वयन गर्न सकिनेछ।

**६१. निर्देशन दिन सक्नेः**सानिसा इकाईले सम्झौतामा उल्लिखित शर्तहरुको अधीनमा रही आयोजनाको कार्यान्वयनको सम्बन्धमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ।

**६२. लिज वा भाडामा दिन बेचबिखन गर्न सक्ने :**

(१) सानिसा इकाईले अनुमतिपत्र प्राप्त व्यक्तिलाई स्थानीय सरकारको स्वामित्वमा रहेको संस्थाको स्वामीत्व वा अधीनमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन, कुनै मेशिन, औजार विक्री गर्न वा लिज वा भाडामा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिँदाको शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन्।

**६३. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने :** अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ।

**६४. अध्ययन प्रतिवेदन माथि अधिकार कायम रहने :** प्रस्तावकले प्रस्तावसाथ पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ। प्रस्तावकको लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गरिने छैन।

**६५. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

**६६. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने :** सानिसा समितिले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

आज्ञाले

अनिल पौडेल

प्रमुख प्रशासकीय अधिकृत

# बुद्धभुमि नगरपालिका श्रममैत्री नीति २०७७

**प्रस्तावनाः**

बुद्धभूमि नगरपालिका आफ्नो क्षेत्रमा औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत सबै श्रमिक, मौसमी रुपमा देशका विभिन्न क्षेत्र तथा छिमेकि देशबाट समेत आउने श्रमिकहरुको आधारभुत अधिकार तथा ब्यवस्थाहरु प्रति संबेदनशील छ । संबैधानिक ब्यवस्था, श्रम सम्बन्धी कानून, सामाजिक सुरक्षा ऐन तथा ब्यवस्थाहरु, बालबालिका सम्बन्धि ऐन तथा ब्यवस्थाहरु, श्रम सम्बन्धि अन्तराष्ट्रिय सिद्धान्त तथा मुल्य मान्यता तथा प्रचलित नीति तथा प्रावधानहरुको उचित अभ्यास गर्दै श्रमिक एवं रोजगारदाता, उद्योगी एवं ब्यवसायीहरुको सुरक्षा एवं परस्पर सम्मान र सौहार्दपुर्ण व्यवहार निर्माणको लागि स्पष्ट नीति तथा मुल्य मान्यताका आधारमा सहजीकरण गर्नु आफ्नो जिम्मेवारी सम्झी, बुद्धभुमि नगरपालिकालाई श्रममैत्री नगरपालिकाको रुपमा स्थापित गर्ने प्रतिबद्धता सहित स्थानीय सरकार संचालन ऐन २०७४ मा प्रदत अधिकार भित्र रहि यो बुद्धभुमि नगरपालिकाको श्रममैत्री नीति २०७७ आठौं नगरसभाबाट पारित गरी राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

## परिच्छेद १
## प्रारम्भ

**१.संक्षिप्त नाम र प्रारम्भः**

क. यस नीतिको नाम बुद्धभूमि नगरपालिकाको **"श्रम मैत्री नीति २०७७"** हुने छ ।

ख. यो नीति बुद्धभूमि नगरपालिका कार्यपालिकाको बैठकबाट निणर्य भएको मितिदेखि कार्यान्वयन प्रारम्भ हुनेछ ।

**२.परिभाषा र ब्याख्याः**

**बिषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस नीतिमाः**

क. **"श्रम"** भन्नाले उद्योग तथा ब्यवसायहरुमा संलग्न ब्यक्तिहरु जो बस्तु तथा सेवा उत्पादनमा प्रयोग हुने शारिरिक वा मानसिक उर्जा भन्ने सम्झिने छ ।

ख. **"रोजगार"** भन्नाले कुनै पनि औपचारिक तथा अनौपचारिक उत्पादनका क्षेत्रमा पारिश्रमिक लिई संलग्नता जनाउने अवस्थालाई रोजगार सम्झनु पर्द छ ।

ग. **"उद्योग" वा "व्यवसाय" वा "प्रतिष्ठान"** भन्नाले प्रचलित ऐन कानुन भित्र स्थापित भएका विभिन्न प्रकारका उद्योग तथा ब्यवसायहरु एव श्रमिकहरुको संलग्नता रहने ब्यवसायहरुलाई

समेत सम्झनु पर्ने छ।

घ. **"प्रचलित ऐन कानुन"** भन्नाले श्रम सम्बद्ध नेपाल सरकारले जारी गरेका ऐन,कानुन तथा ब्यवस्था र अन्तराष्ट्रिय स्तरमा हस्ताक्षर गरेका विभिन्न प्रोटोकलका ब्यवस्थाहरु समेत सम्झनु पर्दछ।

ङ. **"सामाजिक सुरक्षा"** भन्नाले नेपालको सामाजिक सुरक्षा ऐन, श्रम ऐन तथा प्रचलित मान्यता अनुरुप श्रमिकहरुको सामाजिक सुरक्षार्थ गरिएका ब्यवस्थाहरुलाई सम्झनु पर्दछ।

च. **"श्रम मैत्री उद्योग"** भन्नाले यस नीति तथा यस सम्बद्ध ऐन कानुन एवं प्रचलित मान्यता अनुरुप तोकिएका मापदण्ड सुनिश्चित भई यसै नियममा ब्यवस्था गरिएको आचारसंहिता पुर्णरुपमा परिपालना भएको सुनिश्चत भई संचालनमा आएका उद्योग तथा ब्यवसायहरुलाई समेत सम्झनु पर्ने छ।

छ. **"नगरपालिका"** भन्नाले बुद्धभूमि नगरपालिका, यस अन्तर्गतका निकाय समेतलाई सम्झनु पर्दछ।

**३. नीतिका उद्देश्यहरुः**

यस यस नीतिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

क. नगरपालिकालाई श्रममैत्री नगरपालिकाको रुपमा स्थापित गर्दै श्रमिक तथा लगाानीकर्ताहरुलाइ सुरक्षित बातावरण तयार गर्ने ।

ख. श्रमिकहरुका प्रचलित आधारभुत अधिकार तथा सामाजिक सुरक्षाको कार्यन्वयनमा सहयोग गर्नु।

ग. उद्योगी, ब्यवसायि तथा लगानीकर्ताहरुलाई लगानी प्रवर्द्धनमा सहयोग गर्नु।

घ. नगरपालिका भित्र हुने बाल श्रम, महिला हिंसा तथा सबै किसिमका बिभेद तथा ब्यवहारहरुको अन्त्य गर्दै सम्पुर्ण नागरिकको मानवअधिकार रक्षा गर्नु।

## परिच्छेद २

## मुल्यमान्यताहरु

**४. बुद्धभूमि नगरपालिकाका श्रम तथा श्रम सम्बद्ध मुल्यमान्यताहरु निम्न अनुसार रहेका छनः**

**क. आधारभुत सुरक्षा मापदण्डः**

नगर भित्र संचालन गरिने उद्योग तथा ब्यवसाय तथा अनौपचारिक क्षेत्रमा नियमित, मौसमी तथा दैनिक ज्यालादारीमा संलग्न गराउने रोजगारदाताहरुले यो नीति सहित श्रम सम्बन्धि प्रचलित कानुन, नीति, निर्देशन एव जारी भएका आचारसंहिता अनुरुप अपनाउनु पर्ने सुरक्षा मापदण्ड अपनाउने प्रतिबद्धता गर्ने छन् र संचालित ब्यवसाय तथा उद्योगहरुले सो ब्यवस्था अपनाएका

हुने छन् ।

**ख. श्रमिकहरुको योगदानमा आधारित सामाजिक सुरक्षाः**

नगर भित्र संचालित कुनैपनि ब्यवसाय तथा उद्योगहरु तथा अनौपचारिक क्षेत्रमा नियमित,मौसमी तथा दैनिक ज्यालादारीमा संलग्न गराउने रोजगारदाताहरुले नेपाल सरकारले (नेपाल सरकार भन्नाले संघिय सरकार, प्रदेश सरकार, स्थानिय तह तथा यिनीहरुको मातहतमा रहेका निकायहरु भन्ने बुझिन्छ) अख्तियार गरेको सामाजिक सुरक्षा ब्यवस्थाका प्रावधानहरु अभ्यास गरेका हुने छन् ।

**ग. बालश्रम मुक्तः**

नगर भित्र संचालित उद्योग तथा ब्यवसायहरु तथा अनौपचारिक क्षेत्रमा नियमित, मौसमी तथा दैनिक ज्यालादारीमा संलग्न गराउने रोजगारदाताहरुले बालबालिका सम्बन्धि अन्तराष्ट्रिय सन्धी, बालबालिका ऐन २०७५, बालश्रम उन्मुलन सम्बन्धि राष्ट्रिय कार्ययोजना २०७५ का ब्यवस्थाहरु, अन्तराष्ट्रिय श्रम संगठनका प्रावधानहरु तथा बालअधिकार सम्बन्धी प्रचलित मुल्यमान्यताहरुलाई पुर्णरुपमा पालना गरेका हुने छन् ।

**घ. महिला कामदारको सुरक्षा र सम्मानः**

श्रमिकको परिबारमा आश्रित भएर आउने वा स्वतन्त्ररुपमा आउने महिला कामदारहरुको लैगिक संवेदनशिलताका आधारमा स्वास्थ्य, सुरक्षा तथा मर्यादित श्रम अभ्यासलाई ध्यान दिईएको हुने छ ।

**ड. कार्यस्थलको सुरक्षित वातावरणः**

कार्यस्थलमा धुवा, धुलो, ध्वनि तथा रसायन चुहावटहरुको ब्यवस्थापन, हरियाली बातावरण, बिश्राम स्थल ब्यवस्थापन जस्ता भौतिक बाताबरण एव शान्ती, सौहार्दता, परस्पर सम्मान, मर्यादित भाषाको प्रयोग तथा संचार जस्ता शैलीहरुको ब्यवस्थापन र प्रयोग गरेका हुने छन् ।

**च. नियुक्ति र उचित पारिश्रमिकः**

कामदारहरुलाई लिखित रुपमा नेपाल सरकारको प्रचलित मापदण्डको आधारमा औपचारिक नियुक्ति र उचित पारिश्रमिक तथा सेवा सुबिधाहरु सुनिश्चित गरिएको हुने छ । साथै बाहिरी देशबाट आउने श्रमिकहरुको लागि गरिएका नीतिगत ब्यवस्थाहरु परिपालना गरिएको हुने छ ।

**छ. आश्रित परिवारको रेखदेखः**

कामदार संग रहेका वा आएका आश्रित परिबार (बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गं, अशक्त एवं रोगी) को आधारभुत अधिकारको समेत ख्याल गरिएको एवं सकेसम्म मानविय मुल्यहरुको

आधारमा सेवा तथा व्यवहारहरु गरिएको हुने छ।

**ज. स्वास्थ्य तथा सरसफाई:**

कामदारहरुको नियमित स्वास्थ्य जाँचको ब्यवस्था, आधारभुत स्वास्थ्य सेवामा सहज पँहुचको ब्यवस्था साथै कार्यस्थलमै प्राथमिक स्वास्थ उपचारको ब्यवस्था गरिएको हुने छ। साथै कामदारहरुको आवास, भान्सा, ब्यक्तिगत सरसफाई, कार्यस्थलको सरसफाईमा समेत उचित ध्यान दिईएको हुने छ र कार्यस्थलमा प्रयाप्त खानेपानी तथा शौचालयको ब्यवस्था भएको हुने छ।

**झ. बाल संरक्षण तथा शिक्षा सुनिश्चितता:**

कार्यस्थलमा तोकिएको संख्यामा रहेका कामदार र बालबालिका रहेमा आवश्यकता अनूसार कार्यस्थल परिसरमा प्रारम्भिक बाल बिकास तथा स्याहार केन्द्र संचालन गरिएको हुने छ। आधारभुत तह सम्मको अनिबार्य तथा निशुल्क शिक्षाको ब्यवस्थालाई ख्याल गर्दै बिद्यालय उमेरका बालबालिकाहरुको लागि नजिकका बिद्यालयहरुमा भर्ना एव निरन्तर शिक्षाको लागि ब्यवस्था मिलाएको हुने छ।

**ञ. वातावरणीय प्रभाव र ब्यवस्थापन:**

उद्योग तथा ब्यवसायहरुले प्रचलित ब्यवस्थाअनुसार प्रारम्भिक वातावरणीय लेखा जोखा वा विस्तृत वातावरणीय लेखाजोखा गरेका र बातावरण संरक्षण सम्बन्धि आवश्यक बिधिहरु अवलम्बन गरेका हुने छन्। साथै सम्भावित प्रतिकुल वातावरणीय प्रभावलाई कम गर्ने स्पष्ट कार्ययोजना बनाई कार्यन्वयन गरेका हुने छन्।

## परिच्छेद ३
## जिम्मेवारी बहन

**५. रोजगारदाताको जिम्मेवारी तथा कर्तब्य:**

सामान्यतया रोजगारदाताले आफ्नो उद्योग, ब्यवसाय एवं कार्यस्थलमा काम गर्ने कामदार वा श्रमिकहरुलाई आधिकारिक नियुक्तिपत्र दिने, नियुक्तिपत्रमा कार्यघण्टा, अतिरिक्त सुबिधा, बिदा, पारिश्रमिक, भुक्तानी ब्यवस्था जस्ता आधारभुत ब्यवस्थाहरु उल्लेख गर्ने र सबै काम कारबाहीहरुको लिखित अभिलेख गरी नियमित प्रमाणित गरेर राख्नु पर्ने छ। साथै प्रचलित ऐन कानुन तथा यस नीतिमा ब्यवस्था गरिएका प्रावधानहरु कार्यन्वयन गर्नु रोजगारदाताको जिम्मेवारी हुने छ।

सामाजिक, सांस्कृतिक मान्यता एव मानविय मुल्यका आधारमा सम्मान, सद्भाव एव सहयोग गर्नु कर्तब्य हुने छ। ब्यवसायि एवं रोजगारदाताले कानुन अनुसारको सामाजिक उत्तरदायित्व निर्बाहका लागि समेत जिम्मेवार हुने छन्।

**६. श्रमिकको दायित्व तथा कर्तव्यः**

नियुक्ति अनुसार तोकिएको जिम्मेवारी पुरा गर्ने एंव रोजगारदाताको आवश्यकता एवं ब्यवसायिक उद्देश्य पुरा हुने गरी तोकिएको काम गर्नु श्रमिक वा कामदारको जिम्मेवारी एवं कर्तब्य हुने छ।

**७. नगरपालिकाको दायित्व तथा कर्तव्यः**

नगर भित्र संचालित उद्योग ब्यवसायहरुको दर्ता, नविकरण गर्ने, श्रम क्षेत्रमा संलग्न कामदारहरुको अभिलेखिकरण र नियमित रुपमा अध्यावधि गर्ने, मौसमि कामदार तथा युवा कामदारको अभिलेख माग्ने र अनुगमन गर्ने, उद्योग ब्यवसाय दर्तापुर्व लेखाजोखा गर्ने, नियमित अनुगमन गर्ने र कामको आधारमा प्रोत्साहन तथा आवश्यक कारबाही समेत गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

साथै नगर भित्र जोखिममा परेका श्रमिकहरुको लागि उद्दार, राहात तथा मानवीय सहयोग समेत प्रबन्ध गर्नु नगरपालिकाको कर्तब्य हुने छ।

**८. उद्योगमा सम्बोधन संयन्त्र गठन र परिचालनः**

क. यस नीतिको परिच्छेद ४ मा रहेका आचारसंहितामा ब्यवस्था गरिए अनुरुप कम्तीमा २० जना भन्दा बढी कामदार हुने उद्योग तथा ब्यवसायहरुले उद्योग ब्यवस्थापन प्रतिनिधि, कामदारहरुको प्रतिनिधि एव महिला कामदार भएमा महिला कामदारको प्रतिनिधि समेत रहने गरी संयुक्त श्रम सम्बोधन संयन्त्र गठन गर्ने छन्। संयन्त्रका मुख्य कामहरु निम्न अनुसार हुने छन्।

अ. यस नीतिमा रहेका ब्यवस्था तथा आचारसंहिता कार्यन्वयनको नियमित समिक्षा गर्ने।

आ. उद्योगमा आउने समस्याहरुको समाधानका लागि पहल एव मध्यस्थता गर्ने।

इ. आफ्ना बिषयगत जिम्मेवारी अनूसार कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

ई. आवश्यकता अनुसार अन्य कामहरु भएमा आपसी समझदारी र निर्णयका आधारमा संचालन गर्ने।

ख. यस नीतिमा भएका ब्यवस्थाअनुसार विभिन्न समिति, उपसमित एवं संयन्त्र गठन गरी परिचालन गर्न सहयोग गर्नु रोजगारदाताको कर्तब्य हुने छ।

## परिच्छेद ४
## श्रम मैत्री आचारसंहिता

**९.सन्दर्भः**

बुद्धभुमि नगरपालिकालाई श्रममैत्री नगरपालिकाको रुपमा स्थापित गर्ने नीति अनुरुप तयार

गरिएको यस श्रममैत्री नीतिको मुख्य अंशको रुपमा यो श्रममैत्री आचारसंहिता जारी गरिएको छ। यसमा जहाँ जसको जिम्मेवारी भनिएको छ त्यो त्यसले पालना गर्नु उसको दायित्व हुने छ। नगर भित्र रहेका उद्योग तथा प्रतिष्ठान, विभिन्न ब्यवसाय, औपचारिक वा अनौपचारिक रुपमा श्रमको क्षेत्रमा संलग्न ब्यक्ति वा संगठित संस्था सबै क्षेत्रमा यो आचारसंहिता समान रुपमा लागु हुने छ। यस आचारसंहितामा नसमेटिएका ब्यवस्थाहरुले कुनै श्रमिक तथा रोजगारदातालाई नकारात्मक प्रभाव पार्ने देखिएमा आवश्यक कदम चाल्न यसले कुनै बाधा गरेको मानिने छैन।

**१०. आचारसंहिताको सिमा**

सबै रोजगारदाता, उद्योगहरु एव ब्यवसायसंग सम्बन्धित संचालक, ब्यवस्थापन, कामदार र कामदार आपुर्तिकर्ताले यसमा उल्लेखित ब्यवस्थाहरु पालना गर्नुपर्ने शर्तको रुपमा लिइएको छ। नगरपालिकामा रहेका सबै रोजगारदाताहरुले यस आचारसंहितामा उल्लेखित ब्यवस्था तथा मापदण्डहरु पालना गर्ने तथा गराउने छन्। यसको कार्यन्वयनको लागि सरोकारवालाहरुलाई आवश्यक परामर्श सहयोग प्रदान गर्ने प्रतिबद्धता समेत गर्दछ।

**११. अनुगमन तथा मूल्यांकनः**

यो आचारसंहिताको प्रभावकारी कार्यान्वयनको लागि आन्तरिक तथा बाह्य अनुगमन प्रणाली अवलम्बन गरिनेछ।

**क. आन्तरिक अनुगमनः**

सम्बन्धित उद्योग, प्रतिष्ठान भित्र गठन गरिएको सम्बोधन संयन्त्र, व्यवस्थापक ,सुपरभाइजर, कामदारहरुका प्रतिनिधि समेतको टोली वा समितिले नियमित रुपमा आन्तरिक अनुगमन गर्नेछन् । सोही समितिले आवश्यक सुधारको लागि कार्ययोजना पनि बनाउन सक्ने छ। अनुगमनका लागि ढाँचा सहित चेकलिप्टको प्रयोग गरी सो समितिले पारित गरेको प्रतिवेदन नगरको श्रम सम्बद्ध समितिमा छलफल गरि आवश्यकता अनुसार सम्बोधन गरिने छ।

ख. नगरपालिकाको श्रम सम्बद्ध समितिमा एंव सम्बन्धित शाखाले बाह्य अनुगमनकर्ताको रुपमा नियमित अनुगमन गर्ने छ। अनौपचारिक तथा असंगठित श्रम क्षेत्रमा समेत यस्तो अनुगमन गरिने छ।

ग. नगरमा श्रमको क्षेत्रमा काम गरिरहेका संघसंस्थाहरुले नगर संग समन्वय गरी अनुगमन गर्न सक्ने छन् । साथै अनुगमन कार्यलाई ब्यवस्थित गर्न आवश्यक प्राविधिक सहयोग तथा सहजीकरण समेत गर्न सक्ने छन्। यस्तो कार्यको नियमित प्रतिबेदन नगरपालिकामा बुझाउनु पर्ने छ।

**आचार संहिता नं १ : प्रभावकारी रुपमा बालश्रमको अन्त्य**

क. कानूनी अभिभावक बिनाका १४ वर्ष मुनिका बालबालिकालाई काममा संलग्नता गराउने छैन।

यस ब्यवस्थाले बालबालिकाको शिक्षा, स्वास्थ्य, खेल्ने, आराम गर्ने तथा परिवार संग समय बिताउने अधिकारलाई महत्व दिइएको छ। यस अतिरिक्त कानूनी अभिभावक बिना उद्योगमा आउने बालबालिका दुर्व्यवहार, बेचविखन, हिंसा जस्ता अति जोखिममा रहेको मुद्दालाई पनि यसले सम्बोधन गर्ने छ।

**मापन :**

- १४ बर्ष मुनीका बालबालिकालाई (कानूनी अभिभावक बिना) उद्योग वा ब्यवसायमा नल्याउने तथा काममा नलगाउने भन्ने बुंदा कामदार र रोजगारदाता बीच सम्झौतापत्रमा उल्लेख गरिएको।
- तर आएका १४ बर्ष मुनीका बालबालिका (कानुनी अभिभावक बिना) लाई स्थानिय तहको आफ्ना अभिभावकलाई फिर्ता गर्न अथवा पुनर्मिलन गर्न लिखित अभ्यास र अभिलेख राखिएको।

**ख. अभिभावक संगै आएका १४ वर्ष मुनीका बालबालिकालाई श्रममा लगाउने छैन।**

यस ब्यवस्थाले बालबालिकाको शिक्षा, स्वास्थ्य, खेल्ने, आराम गर्ने तथा परिवार संग समय बिताउने अधिकारलाई महत्व दिइएको छ। यस अतिरिक्त बालबालिकाले अभिभावकलाई उत्पादन प्रक्रियामा सहयोग पुर्‍याउदै गर्दा शिक्षाको पहुंचबाट बाहिरिने मुद्दालाई पनि यसले सम्बोधन गर्ने छ।

**मापन**

- आएका १४ बर्ष मुनीका बालबालिका र सम्पूर्ण कामदारको उमेर खुल्ने आधिकारिक अभिलेख राखिएको
- "१४ बर्ष मुनीका बालबालिकालाई श्रममा नलगाउने" भन्ने बुँदा श्रमिक र रोजगारदाताको व्यवस्थापन बीच सम्झौतापत्रमा उल्लेख गरिएको।

गः १५ देखि १८ वर्ष मुनीका बालबालिकालाई विशेष परिस्थिति र शर्तमा मात्र श्रममा संलग्न गराउन सकिने।

१५ देखि १८ वर्ष भित्रका बालबालिकालाई विशेष परिस्थिति र शर्तमा मात्र श्रममा लगाउन पाउने कानुनी ब्यवस्थाका आधारमा यो मापदण्ड अवलम्बन गरिएको छ।

**मापनः**

- १५ देखि १८ बर्ष मुनीका बालबालिकाका कानूनी अभिभावक द्वारा काम गर्न दिइएको

स्वीकृति पत्रको अभिलेख राखेको।

- १५ देखि १८ बर्ष मुनीका बालबालिकाले काम गर्न मिल्ने शर्तहरु उल्लेख भएको सम्झौता पत्रको अभिलेख राखेको
- १५ देखि १८ वर्ष मुनीका बालबालिकाको सूची पालिकामा अभिलेखीकरण गराईएको।

**आचार संहिता नं.२ : रोजगारका शर्तहरुमा पारदर्शीता**

**क : आवश्यक आधिकारीक र प्रामाणिक अभिलेख सहित रोजगारीको अवस्था भएको**

यस ब्यवस्थाले आधिकारिक अभिलेख मार्फत कामदारको कर्तव्य तथा अधिकारको सुरक्षा र सुनिश्चित गर्नेलाई महत्व दिइएको छ। यस अतिरिक्त ज्याला सहित अन्य रोजगारीका अवस्थाहरुमा पारदर्शीताको साथै कामदारको अभिलेख व्यवस्थित गर्न मद्धत पुर्‍याउने छ।

**मापनः**

- ज्याला, रोजगारको अवस्था र अन्य सेवा सुविधा स्पष्ट खुलेको दुबै पक्षले हस्ताक्षर गरिएको लिखित तथा आधिकारीक सम्झौता पत्र।
- अधिकतम् दैनिक ८ घण्टा वा साप्ताहिक ४८ घण्टा (आधा घण्टाको विश्राम सहित)
- हप्ताको अधिकतम् २० घण्टा इखभचतष्mभ काम गर्न कामदारको इच्छा भएको
- हप्ताको एक दिन विदा भएको।
- कामको अवधि, काम र समय समेतको विवरण खुलेको।
- पेश्की लिएको भए काम गरेको ज्यालाबाट ३३ प्रतिशत पेश्की कटाएर प्रत्येक महिना ज्याला भुक्तानी गरिने।

**ख : बैंक मार्फत पारिश्रमिकको भुक्तानी गरिने**

नेपाल सरकारले जारी गरेको श्रम ऐन २०७४ अन्तर्गत यो मापदण्ड अवलम्बन गरिएको छ।

**मापन**

- कामदारको सुविधा अनुसार बैक वा नगदमा भुक्तानी लिने दिने व्यहोरा सम्झौतामा उल्लेख गर्ने
- नियमित कामदारको अभिलेख अनुसार ज्याला बुझेको भरपाई वा बैंक खातामा जम्मा गरेको भौचर

**ग : न्यूनतम ज्यालाको व्यवस्था गरिएको**

यस ब्यवस्थाले कामदारको परिश्रमको बैज्ञानिक रुपमा उचित मूल्यांकन गरी सरकारले तोकेको न्यूनतम ज्यालाको आधारमा ज्याला मूल्य निर्धारण हुनेछ।

**मापन**

- नगरपालिकाले परिश्रमको वैज्ञानिक रुपमा उचित मूल्याकन गरी न्यूनतम ज्याला मूल्य निर्धारण गरेको अनुसार पारिश्रमिक दिइएको अभिलेख।

**घ : पुष मसान्त भित्र आन्तरिक लेबर, अडिट गरीएको**

नेपाल सरकारले जारी गरेको श्रम ऐन २०७४ अन्तर्गत यो ब्यवस्था अवलम्बन गरिएको

**मापन**

नगरपालिकाको सल्लाह र मार्गदर्शन अनुरुप आन्तरिक श्रम अडिटको रिपोर्ट पेश भएको।

**आचारसंहिता नं ३ : कार्यस्थलमा आधारभूत सुविधा**

**क : सुरक्षित आवासको व्यवस्था गरिएको**

काम गर्ने श्रमिकको लागि व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका को आधारमा यो ब्यवस्था अवलम्बन गरिएको छ।

**मापनः**

- कामदारको आवास उत्पादनस्थल एवं कार्यस्थलबाट आवश्यक दूरीमा र कामदारको इच्छा अनुरुप बनाइएको।
- ५० भन्दा बढि कामदार भएमा अलग्ग विश्राम गर्ने स्थल।
- ५० जना भन्दा बढी कामदार भएको खण्डमा कार्यस्थलमा चमेना गृहको व्यवस्था भएको।

**ख : बढि कामदार हुने उद्योग तथा ब्यवसायहरु जहा श्रमिकहरु आवासीय रुपमा बस्छन् महिला तथा पुरुष कामदारहरुको लागि अलग अलग शौचालयको व्यवस्था गरिने।**

यस ब्यवस्थाले कामदारको व्यक्तिगत सरसफाइ, स्वास्थ्य तथा सुरक्षाको समस्यालाई समाधान गर्न मद्धत पुर्‍याउनेछ। महिला तथा पुरुषको लागि अलग–अलग शौचालयको व्यवस्थाले महिला कामदारको महिला स्वास्थ्य, स्वच्छता र सुरक्षाको लागि सुनिश्चिता गर्न मद्धत गर्नेछ।

**मापन :**

- प्रति १५ जना श्रमिक बराबर एक व्यवस्थित शौचालय तथा महिला पुरुषको लागि अलग अलग शौचालयको व्यवस्था गरिएको।
- शौचालय प्रयोग गर्नको लागि कामदारको पहुंच भएको स्थानमा अवस्थित भएको।
- शौचालय सरसफाइ गर्ने व्यवस्था गरिएको।
- खुला रुपमा दिसा पिसाव गर्न निषेध गरिएको।

**ग : सफा पानीको व्यवस्थामा पहुँच भएको**

यस ब्यवस्थाले कामदारको व्यक्तिगत स्वास्थ्य, स्वच्छता तथा पानीजन्य रोगबाट सुरक्षाको मुद्दालाई समाधान गर्न मदत पुर्‍याउने छ।

**मापनः**

- दैनिक ५ लिटर प्रति व्यक्ति पिउन योग्य खानेपानीको लागि व्यवस्था गरिएको।
- घरायसी प्रयोजनको लागि दैनिक ३० लिटर सफा पानीको व्यवस्था।
- पानी शुद्धिकरण तथा पानीजन्य रोग वारे सचेतना गराउने।

**घ. प्राथमिक स्वास्थ्य सेवामा पहुँच भएको।**

यस ब्यवस्थाले कामदारको आकस्मिक रुपमा आईपर्ने स्वास्थ्य समस्या व्यक्तिगत स्वास्थ्यको प्राथमिक उपचार गरी ठूलो धनजनको क्षति हुनबाट जोगाउन मद्धत पुर्याउने छ।

**मापनः**

- बढि कामदार भएका ब्यवसायहरुमा प्राथमिक उपचार तालिम प्राप्त कम्तिमा २ जनालाई (कामदार वा कर्मचारी) उद्योग संचालन दौरान उपलब्ध गरिएको।
- काम गर्ने श्रमिकको लागि व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका (२०७४) अनुरुप प्राथमिक उपचार बाकस उपलब्ध गरिएको।

**ड. बत्तिमा पहुँच भएको।**

यस ब्यवस्थाले कामदार, बिशेषत महिला तथा बालबीकाको सुरक्षालाई ध्यानमा राखेको छ। .

**मापनः**

- कार्यस्थल, आवास तथा शौचालयमा बत्तिको व्यवस्था गरिएको।

**च : व्यवसाय सुरक्षा तथा स्वास्थ्यका उपाय अवलम्बन गरिएको**

यस ब्यवस्थाले व्यवसायजन्य खतरा तथा जोखिमलाई न्यूनिकरणको लागि महत्वपूर्ण व्यवस्था हुने।

**मापनः**

- आगो संग सम्बन्धित काम गर्ने व्यक्तिलाई प्रत्येक २ घण्टाको ३ सिफ्ट र विचमा १ घण्टाको बिश्राम
- ईट्टा पकाउने ठाउँ वा अन्य आगोबाट उत्पादन गरिने बस्तुको हकमा त्यस्तो उत्पादन हुने ठाँउमा सावधानी सूचना सहित ६ ईन्च इन्सुलिनको ब्यवस्था
- नचिप्लिने सतह मिलाइएको बाटो र सुरक्षित भ¥याङ
- मेसिनमा सुरक्षा सामाग्री सहित दक्ष कामदारको मात्र प्रयोग

- छेकबार लगाइएको खाल्डो वा पोखरी
- सुरक्षा तथा स्वास्थ्य समिति (२० भन्दा बढी कामदार भएमा)
- व्यवसायजन्य खतरा तथा जोखिमको बारेमा चेतना मुलक कार्यक्रम
- व्यक्तिगत सुरक्षा सामाग्रीका व्यवस्था गरिएको

**छ : व्यक्तिगत दुर्घटना बिमा भएको**

प्रत्येक श्रमिकको अनिवार्य रुपमा दुर्घटना बिमा गर्नुपर्ने भन्ने ब्यवस्थाका आधारमा यो ब्यवस्था अवलम्बन गरिएको छ। यस मापदण्डले खतरायुक्त कार्यको जोखिम स्थानान्तरण गरी रोजगारदाता र कामदार दुबैलाई रक्षा र लाभ पुर्‍याउने उपायको रुपमा लिइएको छ।

**मापनः**

- श्रमिकको दुर्घटना बिमा गरेको आधिकारिक बिमा कागजात।

**ज. स्वास्थ्य विमाको व्यवस्था गरिएको**

यस ब्यवस्थाले श्रमिकको मनोबल साथ उनीहरुको उत्पादकत्व बढाउन पनि सहयोग पुरयाउने छ। खतरायुक्त कार्यको जोखिम स्थानान्तरण गरी रोजगारदाता र कामदार दुबैलाई रक्षा र लाभ पुर्‍याउने उपायको रुपमा लिइएको छ।

**सूचकः**

- कम्तीमा रु १ लाखको स्वास्थ्य बिमा जसमा रोजगारदाताको तर्फबाट बिमा प्रिमियमको लागि कम्तीमा ५० प्रतिशत लगानी गरिएको आधिकारिक बिमा कागजात।

**झ : बिश्राम गर्ने समयको व्यवस्था गरिने।**

श्रमिकले गर्ने अत्यन्त शारीरिक र भारी काम गर्दा लिनुपर्ने शारीरिक बिश्रामको महत्व जसका कारण स्वस्थ्य कामदारको उत्पादकत्वमा बृद्धि गर्न मद्धत पुर्‍याउनेछ। यसको साथै विश्रामको लागि आधिकारीक तोकिएको समयले गर्दा सबैमा अनुशासन पनि अवलम्बन हुने आशा लिइएको छ।

**मापनः**

- काम र मौसमको अवस्था र सन्दर्भ हेरी प्रत्येक ५ घण्टाको लगातार काम पश्चात आधा घण्टाको विश्राम समय तोकिएको।

**आचार संहिता नं. ४ : महिला श्रमिकको लागि सुरक्षित कार्यस्थल रहने**

**क : गुनासो तथा विवाद व्यवस्थापन प्रणाली अवलम्बन गरिने।**

यस ब्यवस्थाले महिला कामदारको सुरक्षा लगाएत कार्यक्षेत्र भित्र हुने विवादको न्यायोचित समाधान गर्न मद्धत पुर्‍याउनेछ ।

**मापन :**

- व्यवस्थापन, श्रमिक तथा नाइकेको प्रतिनिधि (महिलाको अनिवार्य सहभागीता साथै संख्याको आधारमा सहभागिता) सहितको गुनासो समाधान समिति व्यवस्थित गरी क्रियाशील भएको ।
- गुनासो समाधान गर्न आधिकारिक प्रक्रिया स्थापित भएको ।
- गुनासो समाधान गर्न आधिकारिक प्रक्रिया बारे सबै महिला तथा पुरुष कामदारलाई जानकारी भएको ।

**ख : एक्लै आएका महिला तथा पुरुषको लागि अलग अलग आवास व्यवस्था गरिएको ।**

यो ब्यवस्था एक्लै काम गर्न आएका महिला कामदारको सुरक्षाको लागि महत्वपूर्ण रहेको छ ।

**मापनः**

- एक्लै आएका महिला तथा पुरुषको लागि अलग अलग सामूहिक अथवा ईच्छा अनुसार आवास व्यवस्था ।

**ग : गर्भवती महिलाहरुको लागि स्वास्थ्य सेवामा पहुँच भएको ।**

कतिपय क्षेत्रमा महिला श्रमिकको पनि बाहुल्यता रहेको पाइन्छ । उनीहरुको मातृ तथा शिशु स्वास्थ्यको सेवामा पहुँच पु¥याई महिला कामदारलाई पनि कामको लागि सुरक्षित हुने बिश्वास लिइएको छ ।

**सूचकः**

- गर्भवती महिलाहरुको लागि स्वास्थ्य सेवामा पहुंच दिन विभिन्न उपाय अपनाइएको अभिलेख ।
- अभिभावक संग आएका अथवा बालिग किशोरी (१३ देखि २० बर्ष सम्म कामदारको सुरक्षाको लागि चेतना कार्यक्रम व्यवहारिक तथा आवश्यकता अनुसार गरिएको ।

**घ. दिवा शिशु स्याहार केन्द्रमा पहुंच भएको**

कतिपय उद्योग तथा ब्यवसायहरुमा महिला श्रमिकको वाहुल्यता रहको हुन्छ । शिशु स्याहार केन्द्र संचालन अथवा सेवामा पहुँच पुर्‍याई महिलाहरुको साथमा भएका ५ वर्ष मुनीका शिशुहरुको स्वास्थ्य तथा स्याहारको साथै कामदारको उत्पादकत्वमा पनि वृद्धि भई महिला कामदारलाई पनि

आकर्षित गर्ने बिश्वास लिइएको छ।

**मापनः**

- सहजकर्ता सहितको दिवा शिशु स्याहार केन्द्र उद्योग परिसर भित्र सुरक्षित स्थान, अथवा पायक पर्ने स्थानमा संयुक्त दिवा शिशु स्याहार केन्द्र संचालन अथवा नजिकको शिशु स्याहार केन्द्र संगको सम्झौता भएको।

## परिच्छेद ५

## कसुर र संजाय सम्बन्धि ब्यवस्था

**१२. कसुर ठहरिने :**

यस नीतिमा ब्यवस्था गरिएको आचार संहिंता एव अन्य व्यवस्थाहरु उल्लघन गर्ने कुनै पनि उद्योग, ब्यवसाय, प्रतिष्ठान, यसका संचालकहरु, श्रमिक तथा कामदार र सरोकारवालाहरुलाई समेत कसुरदार ठहर गरि आवश्यक संजाय समेत गर्न सकिने छ।

**१३.सजाय :**

क. नगरपालिका भित्र दर्ता भई यसले अनूमति पदान गरेका उद्योग, ब्यवसाय अथवा रोजगारदाताहरुलाई सजग गराउने, स्पष्टीकरण लिने, क्षतिपुर्ति भराउने, दर्ता नविकरण रोक्ने, काम रोक्ने तथा खारेज गर्ने समेतका कारबाहीहरू प्रचलित ऐन भित्र रहि गर्न सक्ने छ।

ख. नगरपालिकामा दर्ता नभए पनि नगरभित्र संचालित उद्योग तथा ब्यवसायहरुको हकमा प्रदत्त अधिकार प्रयोग गरी यसै परिच्छेदको दफा १३ अनुसारको कारबाहीका अतिरिक्त थप कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्ने छ।

ग. अनौपचारिक क्षेत्रमा संलग्न सबै किसिमका श्रमिकहरुको सन्दर्भमा पनि यि प्रावधानहरु समान रुपमा लागु हुने छन्।

## परिच्छेद ७

## विविध

**१४. नगरपालिकामा श्रम सम्बन्ध समिति गठन :**

यस नियमावलीका अतिरिक्त श्रम सम्बन्धमा आउने सरोकारहरुलाई नियमित सम्बोधन गर्नका लागि नगरपालिकामा निम्न अनुसारको श्रम सम्बन्ध समिति गठन गरिने छ।

संयोजक : नगर प्रमुख

सदस्य : नगर उप प्रमुख

सदस्य : नगरसभा सदस्य मध्ये ३ (जना १ जना अनिबार्य महिला )

सदस्य : श्रमको क्षेत्रमा सहजीकरण गरीरहेको कुनै संघ संस्था भए त्यस्तो संस्थाबाट १ जना प्रतिनीधि

सदस्य-सचिव : सम्बन्धित शाखाको प्रमुख

समितिको नियमित बैठक संचालन सम्बन्धि नीति समिति आफैले तोक्ने छ ।

**१५. प्रवर्धन गरिने :**

नगरपालिकामा संचालित उद्योग तथा ब्यवसायहरुले यस श्रममैत्री नीति तथा आचारसंहिता पालनाको सुनिश्चित भएमा त्यस्ता उद्योग तथा ब्यवसायहरुका उत्पादन तथा सेवाहरुको उत्तरदायी उत्पादन तथा उपभोगको रुपमा प्रर्वद्धन गर्न सक्ने छ । प्रर्वद्धन गर्दा उत्पादित बस्तु तथा सेवा उपयोगको सिफारिस गर्ने, प्राथमिकता दिने, पुरस्कार तथा सम्मान गर्ने आदि हुने छन् ।

**१६. श्रम कोषको ब्यवस्था :**

नगरपालिकाले नगर क्षेत्र भित्र रहेका श्रमिकहरुको हक हित संरक्षण, राहात तथा उद्दार एव यस नीतिको कार्यन्वयन र प्रर्वद्धनको लागि एक श्रम कोषको स्थापना गर्ने छ । श्रम कोषको परिचालन तथा ब्यवस्थापन नगरका अन्य प्रचलित नीति तथा विधि अनुरूप रहि श्रम सम्बद्ध समितिले गर्ने छ ।

**१७. खारेज हुने :**

यस नीतिको प्रावधानहरु प्रचलित ऐन कानुनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुने छन् ।

**१८. नगरसभाको निर्णय अन्तिम हुने :**

क) यस नीतिमा भएका ब्यवस्थाहरुको ब्याख्या गर्ने, खारेज गर्ने तथा संसोधन गर्ने कार्य नगर सभाको निर्णयले गरिने छ ।

ख) यस नीतिको कार्यान्वयन, अनुगमन, निरीक्षण, अभिलेखीकरण लगायतको संस्थागत प्रमुख दायित्व नगरपालिकाको सामाजिक विकास उपशाखाको रहनेछ र साथै सबै शाखा/ उपशाखाहरूले आवश्यकता अनुसार समन्वय गर्नेछन् ।

## अनुसूची

१. श्रम अनुगमन फारम

## अनुसूची १०
## नियम ५६ को उपनियम (२) संग सम्वन्धित
## श्रम अडिट प्रतिवेदन

मिति :

**श्रमिकको संख्यात्मक विवरण :**

<table>
<tr><td colspan="2">प्रतिष्ठानको नाम :<br>ठेगाना :<br>प्रतिष्ठानले गरिआएको मुख्य काम</td></tr>
<tr><td>नियमित रोजगारीमा रहेको श्रमिक संख्या :<br>कार्यगत रोजगारीमा रहेको श्रमिक संख्या :<br>समयगत रोजगारीमा रहेको श्रमिक संख्या :<br>आशिंक रोजगारीमा रहेको श्रमिक संख्या :</td><td rowspan="2">महिला श्रमिक संख्या :<br>पुरुष श्रमिक संख्या :<br>अन्य श्रमिक संख्या :<br>विदेशी श्रमिक संख्या :<br>व्यवस्थापकिय श्रमिक संख्या :<br>तालिम श्रमिक संख्या :<br>प्रशिक्षार्थीको संख्या :<br>श्रम आपूर्ति कर्ता मार्फत कार्यरत श्रमिक संख्या :</td></tr>
<tr><td>कार्यरत कुल रहेको श्रमिक संख्या :<br>यस वर्षमा आकश्मिक रोजगारमा श्रमिकलाई काममा लगाएको भए सो को अनुमानित संख्या :</td></tr>
</table>

**श्रम ऐन २०७४, श्रम नियमावली २०७५को पालना भए नभएको सम्वन्धमा ।**

| क्र. सं. | प्रतिवेदनमा समावेश हुनु पर्ने विषयहरु | पालना भएको छ छैन। प्रतिष्ठानसंग सम्वन्धित नभएमा असम्वन्धित भनी लेख्ने। | कैफियत |
|---|---|---|---|
| १ | ऐनको दफा ११ वमोजिम सवै प्रकारका रोजगारीमा रहेका श्रमिकसंग रोजगार सम्झौता गरिएकोवा नियुक्ति पत्र प्रदान गरिएको छ वा छैन ? छैन भने कति जनालाई किन प्रदान नगरिएको हो कारण खुलाउने । | | |

| क्र. सं. | प्रतिवेदनमा समावेश हुनु पर्ने विषयहरु | पालना भएको छ छैन। प्रतिष्ठानसंग सम्वन्धित नभएमा असम्वन्धित भनी लेख्ने। | कैफियत |
|---|---|---|---|
| २ | विदेशी नागरिकलाई काममा लगाएको भए ऐनको परिच्छेद ६ र नियमावलीको परिच्छेद ३ वमोजिम विदेशीलाई काममा लगाउदा श्रम इजाजत लिएको छ वा छैन ? छैन भने किन ? छ भने कति जनालाई लिइएको छ खुलाउने। | | |
| ३ | १८ वर्ष पुरा नभएका कुनै वालवालिकाहरुलाई काममा लगाइएको छ वा छैन ? छ भने कसरी के काममा लगाइएको छ खुलाउने। | | |
| ४ | प्रशिक्षार्थीलाई काममालागाईए अवस्थामा ऐनको दफा १६ तथा १७ को पालना गरिएको छ वा छैन ? | | |
| ५ | तालिमीलाई काममा लगाईएको छ वा छैन ? तालिमीलाई काममा लगाउदा ऐनको दफा १८ वमोजिम पारिश्रमिक वा सुविधा अन्य श्रमिक सरह दिइएको छ वा छैन ? | | |
| ६ | आंशिक रोजगारीमा श्रमिक कार्यरत छन वा छैनन् ? भएमा ऐनको दफा ५ वमोजिम सुविधा तथा सामाजिक सुरक्षा प्रदान गरिएको छ छैन ? | | |
| ७ | ऐनको दफा २८ वमोजिम श्रमिकलाई दैनिक ८ घण्टा र सप्ताहमा ४८ घण्टा भन्दावढी काममा लगाउने गरिएको छ वा छैन ? | | |
| ८ | ५ घण्टा काम गरे पछि आधा घण्टा विश्रामको समय दिने गरिएको छ वा छैन ? कार्य समय भन्दा बढि काम गरेमा दफा ३१ बमोजिम ओभर टाइम दिने वा सुविधा दिने प्रवन्ध गरिएको छ वा छैन ? | | |
| ९ | महिलालाई सुर्यस्त पछि वा सूर्योदय अघिको समयमा काममा लगाउदा ऐनको दफा ३३ र नियमावलिको नियम १० बमोजिम यातायात र सुरक्षाको प्रवन्ध गरिएको छ वा छैन ? | | |
| १० | न्यूनतम पारिश्रमिक भन्दा कम हुने गरी कुनै श्रमिकलाई पारिश्रमिकलाई कुनै श्रमिकलाई प्रदान गरिएको छ वा छैन ? | | |
| ११ | प्रतिष्ठानको औसत मासिक पारिश्रमिक दर कति हो ? (आधारभुत पारिश्रमिक , भत्ता र सुबिधा सहितको औसत अंक नै उल्लेख गर्ने ।) | | |
| १२ | ऐनको दफा ३६ बमोजिमको वार्षिक तलब बृद्धि ( ग्रेड ) दिने गरिएको छ वा छैन ? | | |
| १३ | पारिश्रमिक भुक्तानिको अवधिको अन्तर एक महिना भन्दा बढि छ वा छैन ? छ भने कारण उल्लेख गर्ने। | | |
| १४ | ऐनको दफा ३७ वमोजिम चार्डपर्व खर्च श्रमिकलाई प्रदान गर्ने गरिएको छ वा छैन ? | | |

| क्र. सं. | प्रतिवेदनमा समावेश हुनु पर्ने विषयहरु | पालना भएको छ छैन। प्रतिष्ठानसंग सम्वन्धित नभएमा असम्वन्धित भनी लेख्ने। | कैफियत |
|---|---|---|---|
| १५ | ऐनको परिच्छेद ९ वमोजिम निम्न विदाहरु श्रमिकलाइ कति दिन दिने गरिएको छ ? | | |
| | साप्ताहिक विदा | | |
| | सार्वजनिक विदा | | |
| | घर विदा वा वार्षिक विदा | | |
| | विरामी विदा | | |
| | प्रसुति विदा | | |
| | प्रसुति स्याहार विदा | | |
| | कृया विदा | | |
| | सट्टा विदा | | |
| १६ | ऐनको दफा ५२ वमोजिम प्रत्येक श्रमिकलाइ ( नियमित रोजगारी, कार्यगत रोजगारी, समयगत रोजगारी, आंशिक समयको रोजगारी र आकस्मिक रोजगारीमा काम गर्ने ) संचयकोष वा सामाजिक सुरक्षाकोषमा रकम जम्मा गर्ने गरिएको छ वा छैन ? जम्मा नगरेको भए सो रकम कहाँ प्रयोग गरिएको छ खुलाउने। | | |
| १७ | ऐनको दफा ५३ वमोजिम प्रत्येक श्रमिकलाई ( नियमित रोजगारी, कार्यगत रोजगारी, समयगत रोजगारी, आंशिक समयको रोजगारी र आकस्मिक रोजगारीमा काम गर्ने ) उपदान वापत सामाजिक सुरक्षाकोषमा रकम जम्मा गर्ने गरिएको छ वा छैन ? सामाजिक सुरक्षाकोषमा जम्मा नगरेको भए सो रकम कहाँ प्रयोग गरिएको छ खुलाउने। | | |
| १८ | ऐनको दफा ५४ बमोजिम औषधि उपचार विमा गरिएको छ वा छैन ? | | |
| १९. | ऐनको दफा ५५ वमोजिम जुनसुकै प्रकारको दुर्घटना समेट्ने गरि विमा गरिएको छ वा छैन ? | | |
| २०. | श्रमिक आपुर्तिकर्ता मार्फत श्रमिक कार्यरत छन् वा छैनन् ? | | |
| | ति श्रमिक आपुर्तिकर्ता कम्पनीले ऐनको दफा ५९ बमोजिम अनुमति लिएको छ वा छैन ? अनुमतीलिएको भए अनुमति नम्बर र मिति | | |
| | आपुर्तिकर्ता मार्फत कार्यरत श्रमिकले न्युनतम पारिश्रमिक, सुविधा तथा ऐन तथा नियमावली वमोजिमको न्युनतम स्तर प्राप्त भएको छ वा छैन ? यसको नियमित अनुगमन गरिएको छ वा छैन ? | | |

| क्र. सं. | प्रतिवेदनमा समावेश हुनु पर्ने विषयहरु | पालना भएको छ छैन। प्रतिष्ठानसंग सम्वन्धित नभएमा असम्वन्धित भनी लेख्ने। | कैफियत |
|---|---|---|---|
| | ऐनको दफा ६८ वमोजिम सुरक्षा र स्वास्थ्य निति तर्जुमा गरी कार्यन्वयन गरिएको छ वा छैन ? | | |
| २१. | ऐनको दफा ७४ बमोजिम सुरक्षा र स्वास्थ्य समिति गठन भै नियमित रुपमा वैठक तथा निर्णय हुने गरिएको छ वा छैन ? | | |
| २२. | ऐनको दफा १०८ बमोजिम प्रतिष्ठानले आन्तरिक व्यवस्थापनको लागि विनियमावलि बनाएको छ वा छैन ? | | |
| २३ | विनियमावलि श्रम कार्यलयमा दर्ता गर्ने र श्रमिकलाई वितरण गरिएको छ वा छैन ? श्रम कार्यलयमा दर्ता भएमा दर्ता मिति र नम्बर उल्लेख गर्ने। | | |
| २४ | ऐनको दफा १११ वमोजिम प्रतिष्ठानमा श्रम सम्बन्ध समिति गठन गरि नियमित रुपमा वैठक हुने गरेको छ वा छैन ? आर्थिक वर्षमा अन्तिम पटक वैठक भएको मिति उल्लेख गर्ने। | | |
| २५ | ऐनको दफा ११२ वमोजिम कार्य सम्पादन मुल्यांकन प्रणाली लागु गरिएको छ वा छैन ? | | |
| २६ | ऐनको दफा ११३ वमोजिम व्यक्तिगत माग दावी पेश भए वा भएनन ? माग दावी पेश भएकोमा कतिवटा दावी व्यवस्थापकसंगको छलफलबाट समाधान भए ? संख्या उल्लेख गर्ने। | | |
| २७ | यो आर्थिक वर्षमा सामुहिक माग दावी पेश भयो वा भएन ? | | |
| २८ | मागपत्र पेश भएको भए कहिले पेश भएको थियो ? मिति उल्लेख गर्ने। | | |
| | वार्ता जारि रहेको वा सम्झौता भै सकेको भए अवस्था उल्लेख गर्ने। सम्झौता भएको भए सम्झौताको मिति। सामुहिक सौदावाजीको क्रममा हडताल वा ताला वन्दी भयो भएन ? अन्य कुनै उल्लेख गर्नु पर्ने कुरा भए सो व्यहोरा। श्रम ऐन वमोजिम भएको सम्झौता, निर्णय वा फैसला कार्यान्वयन हुन बाकि छ वा छैन ? | | |
| २९ | श्रम ऐन बमोजिमको सम्झौता, निर्णय वा फैसला कार्यन्वयन हुन बाकी छ वा छैन ? भएमा कहिले सम्म कार्यान्वयन हुन्छ खुलाउने। | | |

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४,

योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली २०७४

| | | | |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा कोषमा पंजिकरण भएको छ वा छैन ? | | |

| | | | |
|---|---|---|---|
| २ | सामाजिक सुरक्षाकोषमा योगदान जम्मा गर्ने गरिएको छ वा छैन ? | | |

**बोनस ऐन २०३०, बोनस नियमावलि २०३९**

| | | | |
|---|---|---|---|
| १ | प्रतिष्ठानले बोनस ऐन २०३० वमोजिम बोनस वितरण गर्नु पर्छ वा पर्दैन। | | |
| २ | वोनस वितरण गर्नु पर्ने भए सो वमोजिम वितरण गरिएको छ वा छैन ? | | |
| ३ | गत आर्थिक वर्षको बोनस वितरण गर्न बाकी छ वा छैन ? | | |

**ट्रेड युनियन ऐन २०४९ तथा ट्रेड युनियन नियमावली २०५०**

| | | | |
|---|---|---|---|
| १ | प्रतिष्ठानमा प्रतिष्ठान स्तरको ट्रेड युनियन स्थापना भएको छ वा छैन ? | | |
| २ | आधिकारीक ट्रेड युनियनको निर्वाचन भएको छ वा छैन ? | | |

**अन्य बिषयहरु : प्रतिष्ठानले आवश्यक बिषय थप गर्न सक्ने**

| | | | |
|---|---|---|---|
| १ | व्यवसाय जन्य सुरक्षा र स्वास्थ्य निति लागू भए नभएको ? अडिट गर्ने छुटै व्यवस्था छ वा छैन ? | | |

**सुधार गर्नुपर्ने विषयहरुमा सुझाव भए उल्लेख गर्ने**

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

विवरण भर्नेको नाम :
पद :
हस्ताक्षर :
मिति :

विवरण स्वीकृत गर्नेको नाम :
पद :
हस्ताक्षर :
मिति :

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# भाग -२

## बुद्धभूमि नगरपालिकाको पशुपन्छी बिकास कार्यक्रम सञ्चालन कार्यबिधि २०७७

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।०९।२० गते**

**प्रस्तावना :**

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान ओगटेको पशुपालन ब्यवसायलाई ब्यवस्थित, मर्यादित एबं ब्यावसायिक बनाउदै स्वच्छ, स्वस्थ्य एबं गुणस्तरीय पशुपन्छीजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने बाताबरण श्रृजनाका लागी स्थानीय सरकार, बुद्धभूमि नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रममा ब्यवस्था भए बमोजिम बुद्धभूमि नगरपालिका मातहत रहेको पशु सेवा शाखाबाट सञ्चालन हुने पशुपन्छी बिकास सम्बन्धी कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न बुद्धभूमि नगरपालिकाले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ अन्तर्गतको कार्यहरुको लागि दफा ११ को उपदफा (६) तथा १०२ को तथा बुद्धभुमि नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ वमोजिम पशुपंन्क्षी विकाश कार्यत्रम सन्चालन कार्यविधि २०७७ कार्यपालिकाबाट पारित गरी राजपत्रमा प्रकाशन भएपछि लागु हुने छ।

### परिच्छेद – १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यबिधिको नाम "**पशुपन्छी बिकास कार्यक्रम सञ्चालन कार्यबिधि,२०७७**" रहेको छ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यबिधि बुद्धभूमि नगरपालिका भर लागू हुनेछ।

**२. परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :–

(क) **"नगरपालिका"** भन्नाले बुद्धभूमि नगरपालिकालाई सम्झनु पर्छ।

(ख) **"शाखा"** भन्नाले बुद्धभूमि नगरपालिकाको पशु सेवा शाखालाई सम्झनु पर्छ।

(ग) **"नगर प्रमुख"** भन्नाले बुद्धभूमि नगरपालिकाको नगर प्रमुख लाई सम्झनु पर्छ।

(घ) **"नगर उप प्रमुख"** भन्नाले बुद्धभूमि नगरपालिकाको नगर उप प्रमुख लाई सम्झनु पर्छ ।

(ङ.) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ ।

(च) **"शाखा प्रमुख"** भन्नाले बुद्धभूमि नगरपालिका अन्र्तगत रहेको पशु सेवा शाखाको प्रमुख लाई सम्झनु पर्छ ।

(छ) **"पशु बिकास कार्यदल"** भन्नाले बुद्धभूमि नगरपालिका भित्र पशु बिकास सम्बन्धी अवश्यक निति,खाका,कार्यक्रमको खाका तथा सम्पूर्ण क्रियाकलापहरुको निक्र्यौलता कार्यन्वयन सह-जीकरण र पृष्ठपोषण प्रयोजनका लागी गठन भएको नगर प्रमुखको संयोजकत्वमा विभिन्न क्षेत्र तथा शाखाको प्रमुख साथै प्रतिनिधि सदस्य रहेको समितिलाई सम्झनु पर्दछ ।

(ज) **"मुल्यांकन तथा अनुगमन समिति"** भन्नाले बुद्धभूमि नगरपालिकामा पशु बिकास कार्यको बिभिन्न अनुदान सम्बन्धी कार्यक्रमको स्थलगत अनुगमन , मुल्यांकन तथा भुम्तानी सिफारिस गर्नको लागी गठन भएको मुल्यांकन तथा अनुगमन समिति लाई सम्झनु पर्छ ।

(झ) **"वडा कार्यालय"** भन्नाले बुद्धभूमि नगरपालिकाको वडा कार्यालयहरुलाई सम्झनु पर्छ ।

(ञ) **"बिशेषज्ञ"** भन्नाले कम्तमिा पशु चिकित्सा, पशु बिज्ञान र मत्स्य बिज्ञान/अक्वाकल्चर बिषयमा स्नातक उत्तिर्ण गरेको ब्यक्तिलाई सम्झनु पर्छ ।

(ट) **"प्राबिधिक"** भन्नाले पशु बिज्ञान बिषयमा कम्तीमा क्भ्भ् वा सो सरह उत्तीर्ण गरेको ब्यक्तिलाई सम्झनु पर्छ ।

(ठ) **"कार्ययोजना"** भन्नाले सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्नको लागी साझेदारले पेश गरेको बिस्तृत क्रियाकलाप, लागत, समय, स्थान र जिम्मेवारी सहितको प्रस्तावना सम्झनु पर्छ ।

(ड) **"फार्म"** भन्नाले ब्यवसायिकरुपमा पशुपन्छी/मत्स्य पालन गरेको स्थान र संरचनालाई सम्झनु पर्छ ।

(ढ) **"च्यापकटर"** भन्नाले सुकेको वा हरियो घांस लाई टुक्रा पार्ने स्वाचालित वा मानव द्धारा सञ्चालित मेशिन सम्झनु पर्छ ।

(ण) **"पशुपन्छी तथा मत्स्य"** भन्नाले गाई/गोरु, भैसी/रांगा, भेडा/बाख्रा, बंगुर/संगुर, हांस/कुखुरा, घोडा, माछा र जंगली जनावर सम्झनु पर्छ ।

(त) **"दुग्द्य संकलन केन्द्र"** भन्नाले दुध संकलन, भण्डारण र बिक्री बितरणको लागी बजारीकरण गर्ने संस्थालाई सम्झनु पर्छ ।

(थ) **"डेरी पसल"** भन्नाले स्वच्छ, स्वस्थ्य एबं गुणस्तरीय दूध तथा दुग्द्यजन्य पदार्थहरु बिक्री गर्ने गरी स्थापना भएको पसल सम्झनु पर्छ ।

(द) **"मासु पसल"** भन्नाले स्वच्छ, स्वस्थ्य एबं गुणस्तरीय मासु तथा मासुजन्य उत्पादनहरु बिक्री बितरण गर्ने उद्देश्यले नियमानुसार दर्ता भई स्थापना भएको पसल सम्झनु पर्छ ।

(ध) **"कृषक"** भन्नाले पशुपन्छी तथा मत्स्य पालन गर्ने किसान सम्झनु पर्छ ।

(न) **"समुह"** भन्नाले पशुपन्छी तथा मत्स्य बिकास कार्यक्रम संञ्चालनका लागी इच्छुक कृषकहरु भेला भई गठन भएको कृषकको समुहलाई सम्झनु पर्छ ।

(प) **"साझेदार"** भन्नाले पशुपन्छी तथा मत्स्य बिकास सम्बन्धी कार्यक्रम सहकार्यमा संञ्चालन गर्न इच्छुक कृषक/समुह/समिति/सहकारी/निजी फार्म समेतलाई जनाउंदछ ।

(फ) **"साझेदारी"** भन्नाले कार्यक्रम सञ्चालन गर्ने निकाय र पशुपन्छी तथा मत्स्य बिकास कार्यक्रम सञ्चालनका लागी इच्छुक साझेदार संगको सहकार्यलाई जनाउंदछ ।

(ब) **कोभिड प्रभावित** : कोभिट प्रभावित भन्नाले विश्व व्यापी रुपमा फैलिएको रोग जसको कारणले बैदेशीक रोजगारीमा विदेश तथा भारतमा गई हाल रोजगार गुमाएका वेरोजगार पशु-पालक कृषकलाइ सम्झनु पर्दछ ।

(भ) **भ्याक्शिनेटर :** भ्याक्शिनेटर भन्नाले यस बुद्धभुमि नगरपालिका क्षेत्र भित्र कुनै पनि समयमा पशुमा देखिने माहामारी रोग नियन्त्रणका लागी आवश्याकता अनुसार निश्चित समयका लागी परिचालन गरीने प्राइभेटपाराभेट तथा ग्रामिण पशुस्वास्थ्य कार्यक्रर्तालाई सम्झनु पर्दछ ।

**३. उद्देश्य :** यस कार्यबिधिका उद्देश्य देहाय बमोजिम रहेका छन् :–

(क) बुद्धभूमि नगरपालिका अन्तगत रहेको पशु सेवा शाखाबाट सञ्चालन हुने पशु बिकास सम्बन्धी कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने,

(ख) उत्पादन तथा उत्पादकत्व बृद्धि गरी आय आर्जन र पोषण सुरक्षामा सहयोग पुर्याउने,

(ग) पशुपन्छीहरुको ब्यवसायिक फार्म ब्यवस्थापनबाट स्वस्थ्य, स्वच्छ पशु तथा पशुजन्य उत्पादन बृद्धिगरी उपभोक्ता समक्ष पुर्याउन असल ब्यवस्थापन अभ्यासलाई प्रोत्साहन गर्ने,

(घ) अनुदान बितरण नीतिलाई प्रक्रियामुखी बाट परिणाममूखी तर्फ लैजाने,

(ड.) पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ उत्पादनलाई बजारीकरण तथा बिबिधीकरणमा जोड दिदैं मूल्यश्रृखंलामा जोड दिने,

(च) ब्यवसायिक उन्नत गाई/भैसी फार्महरुको बिस्तार र बिकास जोड दिदैं दुध उत्पादन गरी नगरपालिकालाई दुधमा आत्म निर्भर बनाई दुध निर्यातयोग्य बनाउन जोड दिने

## परिच्छेद —२

## नगरस्तरीय पशु बिकास कार्यदल सम्बन्धी ब्यवस्था

**४. नगरस्तरीय पशु बिकस कार्यदल सम्बन्धी ब्यवस्था :**

**४.१ नगरस्तरीय पशु बिकास कार्यदल :** यस कार्यबिधि बमोजिम पशु सेवा सम्बन्धी कार्यक्रम संचालनको लागी नीतिगत ब्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशनका साथै पशु बिकास सम्बन्धी बिभिन्न क्रियाकलापहरु संचालनको लागी देहाय बमोजिमको नगरस्तरीय पशु

बिकास कार्यदल गठन हुनेछ।

- नगर प्रमुख — संयोजक
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- संयोजक /सदस्य — सदस्य
- शाखा प्रमुख - कृषि बिकास शाखा, — सदस्य
- शाखा प्रमुख पशु सेवा शाखा — सदस्य
- प्राबिधिक कर्मचारी - पशु सेवा शाखा — सदस्य सचिव

आवश्यकता अनुसार जनप्रतिनिधि कर्मचारी तथा विज्ञलाई आमन्त्रण गने सकिने छ।

**४.२) नगरस्तरीय पशु बिकास कार्यदलको भूमिका र जिम्मेवारीहरु :**

- नगरस्तरमा पशु बिकास संग सम्बन्धित सरकारी/गैर सरकारी निकायहरु बीच समन्वय गरी एकीकृत पशु बिकासका कार्य योजना बनाउने।
- कार्यक्रममा रिक्तता र दोहोरोपना हटाउनको लागी समन्वयात्मक हिसाबले कार्यक्रम कार्यान्वयन गराउने।
- नगरस्तरमा पशु बिकास सम्बन्धी सम्भाब्य कार्यक्रमहरुको पहिचान गरी योजना तर्जुमा गर्न सहयोग गर्ने।
- नगरस्तरमा संचालित पशु बिकास कार्यक्रमहरुको सुपरिवेक्षण गर्ने।
- भैरहेको र योजना तर्जुमा गरिएको पशु सेवा सम्बन्धी कार्यक्रमहरु सफल भएका कार्यक्रम एवं समास्या बिश्लेषण आदि गर्नुको साथै समस्या समाधानका लागी आवश्यक कदम उठाउने।
- आवश्यकता र परिवर्तित परिस्थिति अनुसार नीतिगत व्यावस्थापन कार्य गर्ने।

**(४.३) नगरस्तरीय पशु बिकास कार्यदलको बैठक :** नगरस्तरीय पशु बिकास कार्यदलको बैठक आवश्यकता अनुसार बस्नेछ र समय अवधी तोकि स्पष्ट कार्यक्रम योजना तर्जुमा गर्नेछ। तर यस्तो बैठक कम्तीमा प्रत्येक ४ महिनामा एक पटक बस्नु अनिवार्य हुनेछ।

**( ४.४) कार्यक्रमको अनुगमन तथा मुल्यांकन समिति :**

(१) पशु विकाश सम्बन्धि सन्चालानमा रहेका योजना तथा कार्यक्रमहरु अनुगमन , मुल्यांकन उपप्रमुखको अध्यक्षतामा कानुन वमोजिम गठीत समितिबाट हुने छ।

## परिच्छेद - ४

## व्यवसायिक पशुपन्छी फार्म दर्ता कार्यक्रम सञ्चालन बिधि :

**५.परिचय**

नेपालको कुल ग्राहस्थ उत्पादनको करिब १२ प्रतिशत र कृषि क्षेत्रको कुल ग्राहस्थ उत्पादनको ३२ प्रतिशत योगदान रहेको पशु उत्पादन क्षेत्र निर्वाहमुखि बाट बिस्तारै ब्याबसायिककरण हुदै गई रहेको परिप्रेक्षमा यस क्षेत्रको पशुपालन ब्यावसायलाई नै प्रतिस्प्रधि बनाउन आबश्यक छ। यस बुद्धभूमि नगरपालिकामा ब्यावसायिक पशुपालन गरी दुध,मासु र अण्डा उत्पादनको लागी प्रचुर सम्भाबना भएको ठाउँ हुनुको साथै यस नगरपालिकामा बढ्दो जनसंख्या एवं शहरीकरणले गर्दा दुध , दुध जन्यपदार्थ तथा मासु र अण्डाको माग बढ्दै गईरहेको र नगरपालिका को पशु उत्पादनको क्षेत्रमा आत्म निर्भर हुने लक्ष अनुरुप दुध मासु र अण्डा उत्पादन लाई ब्यावस्थित गर्नको लागी कृषकहरुले व्याक्तिगत तथा समुहगत रुपमा पालन गरी रहेको गाई,भैसी, भेडा,बाख्रा,बंगुर कुखुरा तथा मत्स्य पालन ब्यावसायमा आधुनिक प्रबिधिको प्रयोग मार्फत बढी प्रतिस्प्रधि बनाउनको लागी बुद्धभूमि नगरपालिकाले निश्चित मापदण्डको आधारमा गाई,भैसी, भेडा,बाख्रा,बंगुर कुखुरा तथा मत्स्य पालन फार्महरुलाई नगरपालिकामा दर्ता अभिलेखिकरण गरी सरल,पारदर्शी,प्रभाबकारी र ब्यावस्थित रुपमा संचालन गर्नको लागी यो "कार्यबिधि तयार गरीएको छ।

**६.उद्देश्य :**– यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहने छ :

क) पशुपन्छी पालन ब्याबसायलाई आधुनिकरण तथा ब्यावसायिकरण गर्ने।

ख) पशुपन्छी ब्यावसायको उत्पादन लागत घटाउन सहयोग पुर्याउने।

ग) पशुपन्छी पालन ब्यावसायको गुणस्तरमा सुधार ल्याउने।

घ) परम्परागत शैलीको पशुपन्छी पालन लाई ब्यबस्थित फार्मका रुपमा परिणत गर्न सहयोग पुर्याउने।

ङ) रोजगारीको अबसर श्रृजना गर्न सहयोग गर्ने।

च) स्वच्छ तथा स्बस्थ दुध, मासु तथा अण्डा उत्पादन मा सहयोग पुर्याउने।

छ) पशुपन्छी तथा पशुजन्य बस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गर्न सहयोग गर्ने।

**७. व्यवसायीक पशुपन्छी तथा मत्स्य फार्म दर्ताको वर्गिकरण तथा अभिलेखीकरण प्रकृया :**

क) ब्यावसायिक पशुपंक्षी फार्म ( Commercial Livestock Farm ) को बर्गीकरण :

सम्बन्धित बुद्धभूमि नगरपालिका पशु सेवा शाखाले नगरपालिका भित्रका ब्यावसायिक पशुपक्षी फार्महरुलाई देहाय बमोजिमका तालिकामा प्रस्तुत बर्गीकरण अनुसार दर्ता गर्ने छ।

१) ब्याबसायिक गाई फार्म :

| सि.नं. | फार्मको बर्गिकरण | दुधालु (माउ )गाईको संख्या | कैफियत |
|---|---|---|---|
| १ | साना | ५ देखि १० वटा | |
| २ | मझौला | ११ देखि २० वटा सम्म | |
| ३ | ठूला | २१ भन्दा माथि | |
| | | | |

**२) ब्याबसायिक भैसी फार्म :**

| सि.नं. | फार्मको बर्गिकरण | दुधालु(माउ) भैसीको संख्या | कैफियत |
|---|---|---|---|
| १ | साना | ५ देखि १० वटा | |
| २ | मझौला | ११ देखि २० वटा सम्म | |
| ३ | ठूला | २१ भन्दा माथि | |
| | | | |

**३) ब्याबसायिक बाख्रा फार्म :**

| सि.नं. | फार्मको बर्गिकरण | प्रजनन योग्य माउ बाख्राको संख्या | कैफियत |
|---|---|---|---|
| १ | साना | १५ देखि २० वटा | |
| २ | मझौला | २१ देखि ४० वटा सम्म | |
| ३ | ठूला | ४१ भन्दा माथि | |
| | | | |

**४) ब्याबसायिक बंगुर फार्म पाठापाठी तथा मासु उत्पादनको लागी :**

| सि.नं. | फार्मको बर्गिकरण | पाठापाठी उत्पादनको लागी माउ बंगुरको संख्या | मासु उत्पादनको लागी बंगुरको संख्या |
|---|---|---|---|
| १ | साना | ५ देखि १५ वटा | १५ देखि ४५ वटा |
| २ | मझौला | १६ देखि ३० वटा सम्म | ४६ देखि ६० वटा सम्म |
| ३ | ठूला | ३१ भन्दा माथि | ६१ भन्दा माथि |
| | | | |

**५) ब्याबसायिक मत्स्य फार्मको लागी :**

| सि.नं. | फार्मको बर्गिकरण | माछा फार्मको लागी क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | साना | ६ देखि १० कठ्ठा | |
| २ | मझौला | ११ देखि २० कठ्ठा | |
| ३ | ठूला | २१ कठ्ठा देखि माथि | |

**६) ब्यवसायिक पन्छी (ब्रोईलर/ लेर्यस/टर्कि/हाँस) फार्म को लागी :**

| सि.नं. | फार्मको बर्गिकरण | पंक्षीहरुको संख्या | कैफियत |
|---|---|---|---|
| १ | साना | २०० देखि ५०० वटा | |
| २ | मझौला | ५०१देखि १००० वटा सम्म | |
| ३ | ठूला | १००१ भन्दा माथि | |

**ख) ब्यावसायिक पशुपंक्षी फार्म ( Commercial Livestock Farm ) को अभिलेखीकरण :**

- बुद्धभूमि  नगरपालिका भित्र संचालनमा रहेको ब्यवसायिक पशुपन्छी फार्महरु पालिका वा सम्बन्धित निकायमा दर्ता भए पनि यस नगरपालिकाको पशु सेवा शाखाको अभिलेखीकरण किताबमा दर्ता गरी अभिलेखीकरण प्रमाण–पत्र प्रदान गरिने छ ।
- कम्पनी राजिष्टारको कार्यालयमा दर्ता भएको भए सो को प्रमाण–पत्रको फोटोकापी र अन्य आवश्यक कागजातहरु ।
- बुद्धभूमि  नगरपालिकाको उद्योग शाखा वा घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको भए सो को प्रमाण–पत्रको फोटोकापी र अन्य आवश्यक कागजातहरु ।
- आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको भए सो को प्रमाण–पत्रको फोटोकापी र अन्य आवश्यक कागजातहरु ।
- नेपाली नागरिकता प्रमाण–पत्रको फोटो कापी ।
- दफा ४ को (क र ख) अनुसारको कागजातहरु ।

ग) व्यवसायिक पशुपंक्षी फार्महरु दर्ता/अभिलेखीकरण गर्दा अनुसूचीका फाराम नं.९,१०,११,१२  र १३ अनुसार गरिने छ ।

**८. ब्यवसायिक पशुपन्छी फार्म दर्ता गर्दा आवश्यक पर्ने कागजपत्रहरु**

**क) ब्यवसायिक गाई/भैँसी/बाख्रा/बंगुर/माछा फार्म दर्ता को लागी**

१.  निवेदन थान–१ (अनुसूची–१/२ अनुसार)

२. नेपाली नागरिकताको प्रतिलिपी थान–१

३. लालपुर्जाको प्रतिलिपी वा भाडाको जग्गा भएमा भाडा सम्झौताको प्रतिलिपी थान–१

४. वडा कार्यालयको सिफारिस पत्र थान–१

५. संधियारको मूचुल्का थान–१

६. हाल सालै खिचेको प्रोपाइटरको फोटो थान–२

७. साझेदारीमा संचालित फार्म भए साझेदारहरुको २/२ प्रति फोटो

८. पालिकामा फार्म दर्ता वा अभिलेखीकरण वापत तिरेको राजस्वको रसीद थान—१

**ख) ब्यवसायिक पन्छी फार्म दर्ता को लागी**

१. निवेदन थान–१
२. नेपाली नागरिकताको प्रतिलिपी थान–१
३. लालपुर्जाको प्रतिलिपी वा भाडाको जग्गा भएमा भाडा सम्झौताको प्रतिलिपी थान–१
४. वडा कार्यालयको सिफारिस पत्र थान–१
५. संधियारको मूचुल्का थान–१
६. हाल सालै खिचेको प्रोपाइटरको फोटो थान–२
७. साझेदारीमा संचालित फार्म भए साझेदारहरुको २/२ प्रति फोटो
८. यस कार्यबिधिको परिच्छेद ४ अनुसारको मापदण्ड पुरा भएको प्रमाण हुनु पर्ने )
९. चल्ला खरिदको बीलको प्रतिलिपी थान–१
१०. स्वास्थ्य परिक्षण प्रतिवेदनको प्रतिलिपी थान–१ (कुखुराको हकमा)
११. पालिकामा फार्म दर्ता वा अभिलेखीकरण वापत तिरेको राजस्वको रसीद थान—१

**९. पन्छी फार्म संचालनको लागी आवश्यक मापदण्ड :**

१. फार्म राष्ट्रिय राजमार्गबाट कम्तिमा २०० मिटर टाढा हुनु पर्नेछ।
२. राष्ट्रिय राजमार्गभन्दा बाहेकको जिल्ला सदरमुकाम जोड्ने सडकको हकमा १०० मिटर टाढा हुनु पर्नेछ। सो वाहेकका अन्य सडकको हकमा ५० मिटर टाढा हुनु पर्नेछ।
३. फार्म मानिस बस्ने घना बस्ती (१५ घर धुरी) बाट कम्तीमा १०० मिटरको दुरीमा हुनु पर्नेछ।
४.दुई फार्म बीचको दुरि कम्तीमा १० मिटर हुनु पर्नेछ। जग्गाका साँधबाट कम्तीमा ५ मिटर छोडेर मात्र खोर निर्माण गर्नु पर्नेछ।
५.फार्मको नाम र ठेगाना उल्लेख भएको फार्मको वोर्ड राखिएको हुनु पर्नेछ ।
६. खोरको ढोकामा फूट वाथ वा स्पेश स्प्रेको व्यवस्था गरिएको हुनु पर्नेछ।
७. प्रयोग गरिएको सोत्तर, पानी तथा अन्य फोहर व्यवस्थित रुपमा तह लगाउनु पर्नेछ।
८. मरेका पन्छी तथा संक्रमित पदार्थहरु मानिसको स्वास्थ्यमा असर नपर्ने तथा रोग नफैलिने किसिमले खोरबाट तुरुन्त हटाई जैविक खाडल ९ द्यष्ययिनष्अब उिष्त ० मा राखि व्यवस्थित रुपमा तह लगाउनु पर्नेछ।
९. पन्छीहरुमा कुनै समयमा कुनै किसिमको रोग देखापरेमा सम्बन्धित फार्मधनिले रोगको सूचना नगरपालिकाको पशु सेवा शाखामा तथा अन्य सम्बन्धित निकायमा आवश्यकता अनुसार जानकारी दिनु पर्नेछ।

## परिच्छेद - ५

## एकिकृत पशु स्वास्थ्य (बाझोपन निवारण समेत) शिबिर

**१०. कार्यक्रम संचालन प्रक्रिया :** बुद्धभूमि नगरपालिका अन्र्तगत रहेको पशु सेवा शाखाले यस नगरपालिका अन्र्तगतका वडा कार्यालय तथा अन्य सम्बन्धित निकाय संग समन्वय गरी स्थानीय आवश्यकता तथा पशु सेवा प्रवाहको क्षेत्रबाट टाढाको वडाहरुमा एकिकृत पशु स्वास्थ्य तथा बाझोपन निवारण शिबिर संचालन गर्न नगरपालिका भित्रको स्थान छनौट गर्न सक्नेछ ।

(२) पशु सेवा शाखाले आफनो कार्य क्षेत्रमा नगरपालिका भित्र आवश्यकता अनुसार शिबिर संचालनको लागी स्थान र मिति तोकिएको सूचना जारी गर्नेछ ।

(३) पशु सेवा शाखाले बिशेषज्ञ टोली सहित शिबिरका लागी आवश्यक पर्ने औषधी, खोप, उपकरण तथा अन्य आवश्यक सामग्री तयारीको ब्यवस्थापन गर्नेछ ।

**१०.१ खर्चको मापदण्ड :** (१) एकिकृत पशु स्वास्थ्य तथा बाझोपन निवारण शिबिर कार्यक्रमको खर्चको मापदण्ड देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | क्रियाकलाप | लागत |
|---|---|---|
| १ | पशु स्वास्थ्य तथा बाझोपन निवारण शिबिर सम्बन्धी पम्पलेट/श्रब्य/श्रब्यदृष्य/तुल तथा ब्यानर निर्माण | स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटको परिधी भित्र रही बुद्धभूमि नगरपालिका बाट स्वीकृत भएको तालिम, गोष्ठी लगाएतका कार्यक्रमहरुको आर्थिक नर्मस अनुसार हुनेछ । |
| २ | औषधी, खोप तथा अन्य सामग्री ब्यवस्थापन | |
| ३ | चियापान खर्च | |
| ४ | अस्थायी ट्रेभिज निर्माण तथा अन्य लजिस्टिक ब्यवस्थापन | |
| ५ | इन्धन/दै.भ्र.भत्ता | |
| ६ | अनुगमन तथा प्रतिवेदन खर्च | |
| ७ | विविध खर्च | |

(२) शिबिर संचालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही संचालन गर्नु पर्नेछ

(३) एकिकृत पशु स्वास्थ्य तथा बाझोपन निवारण शिबिर संचालन गर्न जाने कर्मचारीहरुको दैनिक भ्रमण भत्ताको ब्यवस्था प्रचलित आर्थिक ऐन अनुसार हुनेछ ।

४) आवश्यकता अनुसार एकिकृत पशु स्वास्थ्य तथा बाझोपन निवारण शिबिर संचालन गर्न विषय विशेषज्ञको अन्य निकायबाट व्यवस्था गर्न सक्ने छ ।

## परिच्छेद — ५
## आन्तरीक तथा वाह्य परजीबि नियन्त्रण शिबिर :

**११. कार्यक्रम संचालन प्रक्रिया :** (१) बुद्धभूमि नगरपालिका अन्र्तगत रहेको पशु सेवा शाखाले यस नगरपालिका अन्र्तगतका सबै वडा कार्यालयहरु संग समन्वय गरी स्थलगत सेवा प्रवाह गर्नको लागी वडाहरुमा आन्तरीक तथा वाहय परजीबि नियन्त्रण शिबिर संचालन गर्न सक्नेछ।
(२) पशु सेवा शाखाले आफनो कार्य क्षेत्रमा नगरपालिका भित्रका प्रत्येक वडाहरुमा बर्षमा १ पटक परजीबि नियन्त्रण शिबिर संचालनको लागी स्थान र मिति तोकिएको सूचना जारी गर्नेछ।
(३) पशु सेवा शाखाले बिशेषज्ञ टोली सहित शिबिरका लागी आवश्य पर्ने औषधी, उपकरण तथा अन्य आवश्यक सामग्री तयारीको ब्यवस्थापन गर्नेछ।
११.१ खर्चको मापदण्ड : (१) आन्तरीक तथा वाहय परजीबि नियन्त्रण शिबिर कार्यक्रमको खर्चको मापदण्ड देहाय बमोजिम हुनेछ।

| क्र.सं. | क्रियाकलाप | लागत |
|---|---|---|
| १ | परजीबि नियन्त्रण शिबिर सम्बन्धी पम्पलेट/श्रब्य/श्रब्यदृष्य/तुल तथा ब्यानर निर्माण | स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटको परिधी भित्र रही बुद्धभूमि नगरपालिका बाट स्वीकृत भएको तालिम, गोष्ठी लगायतका कार्यक्रमहरुको आर्थिक नर्मस अनुसार हुनेछ। |
| २ | औषधी तथा अन्य सामग्री ब्यवस्थापन | |
| ३ | चियापान खर्च | |
| ४ | अन्य लजिस्टिक ब्यवस्थापन | |
| ५ | इन्धन/दै.भ्र.भत्ता | |
| ६ | अनुगमन तथा प्रतिवेदन खर्च | |
| ७ | विविध खर्च | |
| | जम्मा | |

(२) शिबिर संचालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही संचालन गर्नु पर्नेछ

(३) परजीबि नियन्त्रण शिबिर संचालन गर्न जाने कर्मचारीहरुको दैनिक भ्रमण भत्ताको ब्यवस्था प्रचलित आर्थिक ऐन अनुसार हुनेछ।

४) आवश्यकता अनुसार एकिकृत पशु स्वास्थ्य तथा बाझोपन निवारण शिबिर संचालन गर्न विषय विशेषज्ञको अन्य निकायबाट व्यवस्था गर्न सक्ने छ।

**परिच्छेद– ७**

## दुध उत्पादनका लागी गाई/भैसी फार्म विकास तथा प्रवद्धन (७५ प्रतिशत अनुदान ) कार्यक्रम सञ्चालन बिधि :

**१२) दुध उत्पादनका लागी गाई/भैसी फार्म विकास तथा प्रवद्धन कार्यक्रम सञ्चालन प्रकृया :** दुध उत्पादनका लागी गाई/भैसी फार्म विकास तथा प्रवद्धन कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ।

**क) कार्यक्रमको अवधि :** कार्यक्रमको अवधि बढीमा एक आर्थिक वर्ष को हुनेछ। त्यसपछि सम्बन्धित पशु सेवा शाखाले आफ्नो नियमित कार्यक्रम अन्तर्गत व्यवसायिक निजी फार्म/समुह/समिति/सहकारीहरुलाई गाई/भैसी फर्महरुका लागि प्राविधिक सेवा टेवाका कार्यक्रम समावेश गरी संचालन गर्न सक्ने छ तथा कार्यविधि सम्सोधन भएको हकमा सोही वमोजीम अन्यथा यही कार्यविधि अनुरुप आगामी आ.व.हरुमा पनि कार्यक्रम सन्चालन हुने छ।

**ख) कार्यक्रमका लागि क्षेत्र छनौटका आधारहरु :** व्यवसायिक गाईभैंसी पालनका लागी संभाव्य भएका क्षेत्रका तुलनात्मक रुपमा वढी वेरोजगार/अर्धवेरोजगार र वैदेशिक रोजगारमा गएका वा विदेशबाट फर्केका क्षेत्रहरुलाई संभाव्यताको आधारमा बुद्धभूमि  नगरपालिका पशु सेवा शाखाको प्राथमिकिकरण सहित छनौट गर्ने छ। फार्महरु बुद्धभूमि  नगरपालिका पशु सेवा शाखा वा सम्बन्धित अन्य निकायमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ।

**ग) गाई/भैसी फार्मको बर्गिकरण गाई/भैसी फार्मलाई ३ वर्गमा विभाजन गरिने छ।**

१) साना गाई/भैसी फार्म  : यस कार्यक्रमको लागी ५–१० वटा उन्नत तथा दुधालु गाई/भैसी पालन गरी व्यवसाय संचालन गरी रहेको गाई/भैसी (डेरी) फार्मलाई मानिने छ।

२) मझौला गाई/भैसी फार्म : उन्नत तथा दुधालु गाई/भैसी ११ देखि २० वटा सम्म पालन गरी व्यवसाय संचालन गरी रहेको गाई/भैसी फार्मलाई मानिने छ।

३) ठुला गाई/भैसी  फार्म : उन्नत तथा दुधालु गाई/भैसी २१ भन्दा माथी पालन गरि व्यवसाय संचालन गरी रहेको गाई/भैसी फार्महरुलाई मानिने छ।

**घ) कार्यक्रमका लागि उपलब्ध गराईने सहयोग**

(१) विगत वर्षहरुमा स्थापना भै नियमित रुपमा संचालनमा रहेका ब्यवसायिक उन्नत गाई/भैसी  फार्म संचालन गरी रहेको र गाई भैसी खरीद गरी विमा गरीएका प्रति उन्नत गाई/भैसी फार्मको  लागि बार्षिक कार्यक्रम बजेटमा स्वीकृत भएको रकम ७५ प्रतिशत अनुदान उपलब्ध गराइने छ।

२ दुध उत्पादनका लागी गाई/भैसी फार्म विकास तथा प्रवद्धन कार्यक्रममा गरीने   कृयाकलापहरु :

- गोठ निमार्ण सुधार तथा फार्म सुरक्षा (वार बन्देज), जैविक सुरक्षा, आदी।
- पशु प्रजनन्, आहारा तथा  अन्य व्यवस्थापकीय कार्य ( साढे/रांगो खरीद, ग्राइन्डर, च्याफक_

टर, काउम्याट, मिल्क क्यान, व्हील ब्यारो) आदी ।

(३) विगत वर्षहरुमा स्थापना भै नियमित रुपमा संचालनमा रहेका ठुला गाई/भैसी फार्ममा उन्नतगाई/भैसी २१ भन्दा माथी पालन गरि व्यवसाय संचालन गरी रहेको फार्र्महरुलाई यान्त्रीकरणको लागि तपशिलमा उल्लेखित क्रियाकलापहरु कार्यान्वयन गर्न बार्षिक कार्यक्रम बजेटमा स्वीकृत भएको रकम ७५ प्रतिशत अनुदान उपलब्ध गराइने छ ।प्रस्तावकले कम्तीमा अनुदान रकम वरावरको २५ प्रतिशत रकम लगानी गर्नु पर्ने छ ।

फार्म यान्त्रिकरण संग सम्बन्धित कृयाकलापका लागि आवस्यक मेसिनरी औजारहरु : मिल्किङ्ग मेशिन/मिल्किङ्ग पार्लर/फडररफोरेज ब्लक मेशिन/यू.एम.एम.बि मेशिन/विद्युतीय फिडर/ मिल्क क्यान/ साईलो पिट/डिप वेल, डिप बोरिङ्ग/पाश्चुराईजर/मिल्क एनालाईजर/फ्रिजर/चिलिङ्ग भ्याट आदी ।

**ङ) प्रस्ताव आव्हान :** दुध उत्पादनका लागी गाई/भैसी फार्म विकास तथा प्रबद्धनका लागी साझेदारीमा साना गाई/भैसी फार्महरु वा मझौलास्तर दुध उत्पादनका लागाी गाई/भैसी फार्म विकाश तथा प्रवद्धन कार्यक्रम ठुला व्यवसायिक गाई/भैसी फार्ममा यान्त्रिकरणका लागि बुद्धभूमि नगरपालिकाको वबसाइडमा १५ दिने सूचना प्रकाशित गरी प्रस्ताव आव्हान गरीने छ तथा वडा कार्यालयको सुचना पाटीमा टाँस गरी र अवश्यकता अनसुसार रेडियो तथा स्थानीय प्रत्रीका बाट सुचना प्रकाशन गराईने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची १ वमोजिम र आवेदन एवं उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसूची २ र ३ वमोजिम र कार्ययोजना अनुसूची ४ वमोजि हुनु पर्नेछ ।

**च) प्रस्ताव मूल्यांकन :** प्रस्ताव आव्हान वमोजिम पेश हुन आएका प्रस्तावहरुको दफा १२ (ङ.) बमोजिम पेश हुन आएका प्रस्तावहरुलाई बुद्धभूमि नगरपालिका पशु सेवा शाखा मार्फत प्राथमिकीकरण गरि बुद्धभूमि नगरपालिकामा पशु सेवा बिकास संग सम्बन्धित गठित कार्यदलमा पेश गर्ने छ । उक्त कार्यदलले अनुगमन प्राथमिकता मूल्यांकन तथा रायको आधारमा पुनराबलोकन गरि छनौट गर्नेछ ।

**छ) सिफारिस साथ प्राप्त हुन आएका प्रस्तावहरु बुद्धभूमि नगरपालिकामा पशु सेवा बिकास संग सम्बन्धित गठित मूल्यांकन समितिले दफा १२ (झ.) वमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट गर्नेछ ।**

**ज) छनौट भएका व्यवसायीहरुसँग सम्झौता :** बुद्धभूमि नगरपालिका पशु सेवा शाखाले छनौट गरिएका प्रस्तावहरुलाई अनुसूची ६ बमोजिमको द्धिपक्षिय सम्झौता गराइने छ ।

**झ) मूल्यांकनका आधारहरु :** प्रस्ताव मुल्यांकनका आधारहरु देहाय अनुसार हुने छन् :

क) कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्बाधारको अवस्था (१०)

ख) ब्यवसाय सम्बन्धी अनुभव (५)

ग) प्राबिधिक दक्षता/सम्बन्धित बिषयको तालिम (५)

घ) प्रति पशु संख्या अङ्क २ का दरले अधिक्तम (२०)

ङ.) रोजगारीको अवस्था (५)

च) बाताबरणीय उपयुक्तता (५)

छ) उत्पादित बस्तु( दुध )(१५)

ज) ब्यावसायिक कार्य योजनाको स्पष्टता (१०)

झ) जैबिक सुरक्षाको ब्यवस्थापन (१०)

ञ) शैक्षिक योग्यता (३)

ट) बैदेशिक रोजगारीबाट फर्केका बेरोजगार व्यावसायी कृषक (१२)

ञ) छनौट भएका व्यवसायीलाई रकम उपलब्ध गराउने प्रक्रिया दफा ११ (छ) अनुसार छनौट भएका दुध उत्पादनका लागी गाई/भैसी फार्म विकाश तथा प्रवद्धन कार्यक्रम गाई/भैसी फार्महरुलाई दफा ११ (घ) बमोजिमको अनुदान रकम अनुगमन तथा मुल्यांकन समितिको स्थलगत अनुगमन पश्चात कार्य सम्पन्न भएको सिफारिश सम्वन्धित पशु सेवा शाखा वाट प्राप्त भए पछि निजी फार्म/समुह /समिति/ सहकारीको खातामा अनुदान रकम उपलब्ध गराइन

## परिच्छेद– ८
## च्यापकटर (चारा मेसिन) कार्यक्रम सञ्चालन बिधि :

**१३) च्यापकटर (चारा मेसिन) कार्यक्रम सञ्चालन प्रकृया :** ब्यसायिक गाई/भैसी (डेरी) फार्महरु-मा आहाराको समुचित उपयोग गर्न च्यापकटर (चारा मेसिन) खरीद तथा जडानमा ७५ प्रतिशत लागत साझेदारीमा यो कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ।

**क) कार्यक्रमको अवधि :** कार्यक्रमको अवधि बढीमा एक आर्थिक वर्ष को हुनेछ संशोधन भएको हकमा सोही बमेजिम र अन्यथा यसै वमोजिम आगामी आ.व. मा पनि कार्यक्रम सन्चालन हुने छ। त्यसपछि सम्बन्धित पशु सेवा शाखाले आफ्नो नियमित कार्यक्रम अन्तर्गत उक्त कार्यको लागि प्राविधिक सेवाका कार्यक्रम समावेश गरी संचालन गर्न सक्नेछन्।

**ख) कार्यक्रमका लागि क्षेत्र छनौटका आधारहरु :** व्यवसायिक गाई/भैंसी पालन भएको क्षेत्रका तुलनात्मक रुपमा वढी ब्यवसायिक डेरी फार्मका क्षेत्रहरुलाई संभाव्यताको आधारमा बुद्धभूमि नगर_पालिका पशु सेवा शाखाको प्राथमिकिकरण सहित छनौट गर्ने छ। फार्महरु बुद्धभूमि नगरपालिका पशु सेवा शाखा वा सम्बन्धित अन्य निकायमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ।

**ग) कार्यक्रमका लागि उपलब्ध गराईने सहयोग :**– विगत वर्षहरुमा स्थापना भै संचालनमा रहेका ब्यवसायिक गाई/भैसी फार्महरुमा च्यापकटर (चारा मेसिन) खरीद तथा जडानाको लागि बार्षिक कार्यक्रम बजेटमा स्वीकृत भएको रकम ७० प्रतिशत अनुदान उपलब्ध गराइने छ साथै प्रस्तावकले कम्तीमा अनुदान रकम वरावरको ३० प्रतिशत रकम लगानी गर्नु पर्ने छ।

क्रियाकलापहरु च्यापकटर (चारा मेसिन) खरीद संग सम्बन्धित कार्यहरुः

- उपयुक्त गाई/भैसी फार्महरुको छनौट गरी कृषक सहभागी गराउने।
- पशु आहाराको समुचित उपयोगमा सहयोग गर्ने।
- समय तथा श्रमको बचत हुने।
- पशु आहाराको लागी सुकेको वा हरियो घांसको टुक्रा पार्ने कार्य संचालनमा सहज हुने।
- उत्पादन लागत कम गर्न सकिने।

**घ) प्रस्ताव आव्हान :** च्यापकटर (चारा मेसिन) खरीदको लागि स्थानीय दैनिक पत्रिका/ बुद्धभूमि नगरपालिकाको वेबसाइडमा १५ दिने सूचना प्रकाशित गरी प्रस्ताव आव्हान गरीनुका साथैवडा कार्यालयको सुचना पाटीमा टाँस गरीने छ। प्रस्ताव आव्हानको सूचना अनुसूची १ वमोजिम र आवेदन एवं उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसूची २ र ३ वमोजिम र कार्ययोजना अनुसूची ४ वमोजिम हुनु पर्नेछ।

**ङ) प्रस्ताव मूल्यांकन :** प्रस्ताव आव्हान वमोजिम पेश हुन आएका प्रस्तावहरुको दफा १३ (घ) बमोजिम पेश हुन आएका प्रस्तावहरुलाई बुद्धभूमि नगरपालिका पशु सेवा शाखा मार्फत प्राथमिकिकरण गरि बुद्धभूमि नगरपालिकामा पशु सेवा बिकास संग सम्बन्धित गठित कार्यदलमा पेश गर्ने छ। उक्त समितिले प्राथमिकता तथा रायको आधारमा पुनराबलोकन गरि छनौट गर्नेछ

**च) सिफारिस साथ प्राप्त हुन आएका प्रस्तावहरुका बुद्धभूमि नगरपालिकामा पशु सेवा बिकास संग सम्बन्धित गठित मूल्यांकन समितिले दफा १३ (ज) वमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट गर्नेछ।**

**छ) मूल्यांकन समितिद्वारा छनौट गरीएका प्रस्तावहरुलाई अनुसूची ६ वमोजिम सम्झौता गरी अनुदान रकम उपलब्ध गराईने छ।**

**ज) मूल्यांकनका आधार तथा अंक भारहरु :**

क) कार्यक्रम कार्यान्वियन स्थलको भौतिक पूर्बाधारको अवस्था (१०)
ख) ब्यवसाय सम्बन्धी अनुभव (५)
ग) प्राबिधिक दक्षता/सम्बन्धित बिषयको तालिम (५)
घ) प्रति पशु संख्या २ का दरले अधिक्तम (२०)
ड.) उन्नत घाँस खेति प्रति कठ्ठा २ का दरले अधिक्तम (१०)
च) बाताबरणीय उपयुक्तता (५)
छ) दैनिक दुध उत्पादन अधिक्तम (१५)
ज) ब्यावसायिक कार्य योजनाको स्पष्टता (५)
झ) जैबिक सुरक्षाको ब्यवस्थापन (१०)
ञ) शैक्षिक योग्यता (३)
ट) बैदेशिक रोजगारीको फर्केको बेरोजगार व्यावसायी कृषक (१२)

**झ) छनौट भएका व्यवसायीलाई च्यापकटर उपलब्ध गराउने प्रक्रिया :** छनौट भएका ब्यवसायीलाई अनुगमन तथा मुल्यांकन समितिको स्थलगत अनुगमन पश्चात बुद्धभुमि नगरपालिकाको खरिद ऐन अनुसार सामाग्री खरिद गरी व्यावसायीलाई वितरण गर्ने छ।

**परिच्छेद– ९**

**साना तथा मझौला डेरी पसल सुधार कार्यक्रम(अनुदान ६०%)**

**सञ्चालन कार्य :**

**१४) डेरी पसल सुधार कार्यक्रम सञ्चालन प्रकृया:** डेरी पसल सुधार कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ।

**क) कार्यक्रम संचालन हुने क्षेत्रहरु :** बुद्धभुमि नगरपालिका क्षेत्र भित्र सकभर नगरपालिका वा नगरोन्मुख ब्यापारिक केन्द्रलाई लक्षित गरी डेरी पसल सुधार गर्ने कार्यलाई प्राथमिकताको आधारमा छनौट गरिने छ बुद्धभुमि नगरपालिका पशु सेवा शाखाले यस कार्यविधि अनुसार कार्यक्रम स्वीकृत तथा संचालन गर्न सक्नेछन्।

**ख) कार्यक्रम संचालन अवधि:** बार्षिक स्वीकृत कार्यक्रम अनुरुप एक आ व. सम्म लागु हुने गरी अनुदान सहयोग उपलव्ध गराईने छ। त्यसपछि सम्बन्धित पशु सेवा शाखाले आफ्नो नियमित कार्यक्र अन्तर्गत डेरी पसलहरुका लागि प्राविधिक सेवा टेवाका कार्यक्रम समावेश गरी संचालन गर्न सक्नेछन्।

**ग) लक्षित वर्ग:** नगरपालिका क्षेत्र भित्र संचालन गरी रहेका (१८ देखि ५० वर्ष उमेर समुहका) डेरी पसल ब्यवसायमा आवद्ध भई डेरी पसल नियमानुसार संचालन गरी रहेका ब्यवसायीहरु हुने छन्।

**घ) बुद्धभुमि नगरपालिका पशु सेवा शाखा बुद्धभुमि, कपिलबस्तुले बार्षिक स्वीकृत कार्यक्रम अनुसार कम्तीमा १५ दिने सार्बजनिक सूचना प्रकाशन गरी डेरी पसल सुधारको लागी अनुसूची १ बमोजिमको प्रस्ताव आब्हान गर्नेछ।**

**ड.) उक्त समयावधिमा दर्ता हुन आएका अनुसूची २ र ४ बमोजिमका प्रस्तावहरुलाई मुल्यांकन गर्नको लागी बुद्धभुमि नगरपालिकामा पशु सेवा संग सम्बन्धित गठित कार्यदलमा पेश गरिनेछ।**

**च) डेरी पसल सुधारका लागी निम्न शर्तहरु पुरा भएको हुनु पर्नेछ।**

- कम्तीमा दैनिक १०० लिटर दुध संकलन र बिक्री बितरण भै आएको हुनु पर्नेछ।
- डेरी पसल सकभर नगरपालिका वा नगरोन्मुख ब्यापारिक केन्द्रमा अवस्थित हुनु पर्नेछ।

**छ) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम :**

- डेरी पसल सुधारको लागि बार्षिक बजेट कार्यक्रममा स्वीकृत भएको रकम।

प्रस्तावकले कम्तीमा अनुदान रकम वरावरको ४० प्रतिशत रकम स्वयम व्यावसायीले लगानी गर्नु पर्ने छ।

**ज) डेरी पसल सुधारको लागी अनुसूची ७ बमोजिमको मुल्यांकन गर्न कार्यदलले तयार पारेको मुल्यांकन मुल्यांकनको आधारमा उपयुक्त साझेदारको छनोट गर्नेछ ।**

**झ) छनोट भएको साझेदार संग सम्बन्धित पशु सेवा शाखाले अनुसूची ६ बमोजिमको द्विप_क्षिय सम्झौता गरी कार्यक्रम संचालन गर्नेछ ।**

ञ) साझेदारले डेरी पसल सुधारको लागी आफुले सहकार्य गर्ने रकम बराबरको कार्य सम्पन्न गरी खर्च गरेको रकमको नियम अनुसारको बिल बिजक, दाखिला रिर्पोट र अन्य आबश्यक कागजातहरु सहित भुक्तानीको लागी अनुरोध गरे पश्चात पशु सेवा शाखाले स्थलगत प्राविधिक निरिक्षण प्रतिवेदनको आधारमा मनासिव ठहरेमा मात्र सम्झौता मुताबिकको आर्थिक सहयोग सम्बन्धित साझेदारको खातामा आवश्याकता अनसार अनुगमन समितिबाट अनुगमन भएपछि निकासा दिनेछ ।

ट) बुद्धभुमि नगरपालिका पशु सेवा शाखा बाट डेरी पसल सुधारको लागी प्राप्त आर्थिक सहयोग रकम निम्न अनुसारका कार्यहरुमा खर्च गर्न सकिने छ ।

- बिक्रि कक्ष सुधार,टायल मार्वल फिटिंग,सिटिंग एरेन्जमेन्ट,बोर्ड ब्यानर आदी
- क्यान कन्टेनर,फ्रिज वा डिप फ्रिज खरिद ।
- भेण्डिग मेसिन खरिद र संचालन ।
- डेरी पसलको सजावट र फोहर ब्यावस्थापन आदी ।

**ठ) सुधारिएको डेरी पसलमा निम्न अनुसारको मापदण्ड पुरा भएको हुनुपर्ने छ ।**

- बिक्रि कक्षको भूई नचिप्लने,पानी नजम्ने,नसोस्ने किसिमले ढलान गरीएको वा टायल मार्वल लगाई सजिलै सफा गर्न सकिने किसिमको तथा सिलिंग धुलो मैलो नखस्ने र पानी नजम्ने गरी बनाइएको हुनुपर्ने छ ।
- डेरी पसल तथा आसपासको क्षेत्र सफा र आर्कषक हुनुपर्ने छ ।
- पसलमा प्रयोग गरीने औजार उपकरण खिया नलागेको तथा गुणस्तरीय स्टेनलेस स्टीलले बनेको हुनुपर्ने छ ।
- डेरी पसलमा काम गर्ने कर्मचारीले एप्रोन,गमबुट ,क्याप र ग्लोव लगाउनु पर्नेछ ।
- पसलमा झिगा वा अवान्छित जिबजन्तु पस्न नसक्ने किसिमले जाली ढोकाको ब्यवस्था हुनुपर्ने छ
- डेरी पसलमा कम्तिमा पनि एउटा डिप फ्रिज हुनुपर्ने छ ।

**ड) अनुदान रकमको उपयोगः** यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले डेरी पसल दफा १४(ट) बमोजिमका कार्यमा मात्र खर्च गर्न सक्नेछन् ।

**ढ) प्रस्ताव आव्हानः** नगरपालिका भित्र डेरी पसल संचालन गरी रहेका ब्यवसायीहरुवाट सहकार्यमा डेरी पसल सुधारका लागि प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची १ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः

अनुसूची २ र ४ बमोजिम हुने छ।

**ण) प्रस्ताव मुल्यांकन :** दफा १४(ड.) बमोजिम पेश हुन आएका प्रस्तावहरुलाई बुद्धभुमि नगरपालिका पशु सेवा शाखा मार्फत प्राथमिकिकरण गरि बुद्धभुमि नगरपालिकामा पशु सेवा बिकास संग सम्बन्धि गठित कार्यदलमा पेश गर्ने छ। उक्त समितिले प्राथमिकता तथा रायको आधारमा पुनराबलोकन गरि छनौट गर्नेछ।

**(त) प्रस्ताव मुल्यांकनका आधारहरु देहाय अनुसार हुने छन् :**

क) कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्बाधारको अवस्था (१०)

ख) ब्यवसाय सम्बन्धी अनुभव (५)

ग) प्राबिधिक दक्षता/सम्बन्धित बिषयको तालिम (५)

घ) बित्तिय क्षमता (१०)

ड.) रोजगारीको अवस्था (५)

च) बाताबरणीय उपयुक्तता (५)

छ) उत्पादित बस्तुको बजार योजना (१५)

ज) ब्यावसायिक कार्य योजनाको स्पष्टता (३०)

झ) जैबिक सुरक्षाको ब्यवस्थापन तथा सरसफाइ (१०)

ञ) शैक्षिक योग्यता (३)

ट) बैदेशिक रोजगारीबाट फर्की व्यावसाय सुरुवात गरेको (२)

**ज) छनौट भएका डेरी पसलहरुसँग सम्झौता :** बुद्धभुमि नगरपालिका पशु सेवा शाखाले छनौट गरिएका प्रस्तावहरुलाई अनुसूची ६ बमोजिमको द्धिपक्षिय सम्झौता गराइने छ।

झ) छनौट भएका व्यवसायीलाई रकम उपलब्ध गराउने तरिका दफा १४ (ज) अनुसार छनौट भएका डेरी पसलहरुलाई दफा १४ (छ) बमोजिमको रकम अनुगमन समितिको स्थलगत अनुगमन पश्चात कार्य सम्पन्न भएको सिफारिश सम्वन्धित पशु सेवा शाखा वाट प्राप्त भए पछि संस्थाको खातामा अनुदान रकम उपलब्ध गराइने छ।

## परिच्छेद– १०

## मासु पसल सुधार कार्यक्रम(अनुदान ६०%) सञ्चालन बिधि :

**१५) मासु पसल सुधार कार्यक्रम सञ्चालन प्रकृया**ः मासु पसल सुधार कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ।

**क) कार्यक्रम संचालन हुने क्षेत्रहरु :** बुद्धभुमि नगरपालिका क्षेत्र भित्र प्राथमिकताको आधारमा छनौट गरिने छ। बुद्धभुमि नगरपालिका पशु सेवा शाखाले यस कार्यविधि अनुसार कार्यक्रम स्वीकृत

तथा संचालन गर्न सक्नेछन् । कार्यविधिको संशोधन वा परिमार्जन भएमा सोही वमोजिम लागु हुने अन्यथा यसै कार्यविधि वमोजिम अगामी आ.व.हरुमा पनि कार्यक्रम सन्चालन हुने छ ।

**ख) कार्यक्रम संचालन अवधिः** यस कार्यक्रम अन्तर्गत एक आ.व.का लागी छनौट भएका मासु पसल हरुलाई अनुदान सहयोग उपलब्ध गराईने छ । त्यसपछि सम्बन्धित पशु सेवा शाखाले आफ्नो नियमित कार्यक्रम अन्तर्गत मासु पसलहरुका लागि प्राविधिक सेवा टेवाका कार्यक्रम समावेश गरी संचालन गर्न सक्नेछन् ।

**ग) लक्षित वर्गः** नगरपालिका क्षेत्र भित्र नियमानुसार कानुनी प्रक्रिया पुरा गरी संचालनमा रहेका (१८ देखि ५० वर्ष उमेर समुहका) मासु पसल ब्यवसायमा आवद्ध भई मासु पसल संचालन गरी रहेका ब्यवसायीहरु हुने छन् ।

**घ) कार्यक्रमबाट उपलब्ध गराइने अुनदान रकम :**

- मासु पसल सुधारको लागि बार्षिक बजेट कार्यक्रममा स्वीकृत भएको रकमको प्रस्तावकले कम्तीमा अनुदान रकमको ४० % रकम लगानी गर्नु पर्ने छ ।

**ड.) अनुदान रकमको उपयोग :** यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले मासु पसल कक्षको भित्तामा टायल लगाउने र भुईमा मार्बल वा टायल बिछयाउनु पर्ने ,पशुको प्रकार/किसिम अनुसारको मासु अलग अलग राखी अलग अलग बेच्नका लागी पार्टेशन गर्ने, बध स्थलमा काट्ने,भुत्लाउने र सफा गर्ने स्लाब निर्माण गर्ने, डिप फ्रिज खरीद,स्टेनलेस स्टलिको औजारहरु खरीद गर्न,डिजिटल तराजु,अचानो,एप्रोन,गमबुट,मक्स,ग्लोब आदी खरीद गर्न सक्नेछन् ।

**च) प्रस्ताव आव्हानः** बुद्धभुमि नगरपालिका भित्र मासु पसल संचालन गरी रहेका ब्यवसायीहरुवाट सहकार्यमा मासु पसल सुधारका लागि प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची १ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसूची २ र ४ बमोजिम हुने छ ।

**छ) प्रस्ताव मुल्यांकन :** दफा १५ (च) बमोजिम पेश हुन आएका प्रस्तावहरुलाई बुद्धभुमि नगरपालिकामा पशु सेवा शाखा मार्फत प्राथमिकिकरण गरि बुद्धभुमि नगरपालिकामा कार्यदलको सिफारीस वमोजिम उम्त समितिले प्राथमिकता तथा रायको आधारमा पुनराबलोकन गरि छनौट गर्नेछ ।

**(ज)प्रस्ताव मुल्यांकनका आधारहरु देहाय अनुसार हुने छन् :**

क) कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्बाधारको अवस्था (१०)

ख) ब्यवसाय सम्बन्धी अनुभव (५)

ग) प्राबिधिक दक्षता/सम्बन्धित बिषयको तालिम (५)

घ) बित्तिय क्षमता (१०),

ड.) रोजगारीको अवस्था (५)

च) बाताबरणीय उपयुक्तता (५)

छ) उत्पादित बस्तुको दैनिक बिक्रि अधिक्तम अंक (१५)

ज) ब्यावसायिक कार्य योजनाको स्पष्टता (३०)

झ) जैबिक सुरक्षाको तथा सरसफाई ब्यवस्थापन (१०)

ञ) शैक्षिक योग्यता (३)

ट) बैदेशिक रोजगारीबाट फर्की व्यावसाय सुरुवात गरेको (२)

**(झ) छनौट भएका मासु पसलहरुसँग सम्झौता :** बुद्धभुमि नगरपालिका पशु सेवा शाखाले छनौट गरिएका प्रस्तावहरुलाई अनुसूची ६ बमोजिमको द्धिपक्षिय सम्झौता गराइने छ। दफा १५(ज) अनुसार छनौट भएका मासु पसलहरुलाई दफा १५(घ) बमोजिमको रकम अनुगमन समितिको स्थलगत अनुगमन पश्चात कार्य सम्पन्न भएको सिफारिश सम्वन्धित पशु सेवा शाखा वाट प्राप्त भए पछि संस्थाको खातामा अनुदान रकम उपलब्ध गराइने छ।

## परिच्छेद– ११

## विदेश (भारतसमेत) बाट फर्केका पशुपालन व्यावसाय अंगालि व्यावसायिक उन्मुख तथा विपन्न कोभिड १९ प्रभावित परिवारका सदस्य कृषकलाई प्रोत्साहन (राहात ) अनुदान कार्यक्रम (गाई/ भैसी भेडा /बाख्रा तथा बगुर /कुखुरा )सन्चालन सम्बन्धि विधि

**१६ उद्देश्य :** यस कार्यक्रमको उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :

क) अनुदान वितरण नीतिलाई पारदर्शी तथा प्रकृयामुखि र परिणाममुखि लर्फ लैजाने।

ख) विपन्न कृषकहरुको आय आर्जन गर्न सहयोग पुर्याउने।

ग) उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यावसायउन्मुख बनाउने।

घ) निवाहमुखि पशुपालन व्यावसायलाई व्यावसायीक बनाउने।

ङ) बैदेशिक रोजगारीबाट फर्किएका साथै भारत समेतबाट फकिएका कृषकलाई पशुपालन व्यवसायमा आर्कषित गर्ने।

च) व्यवसाय उन्मुख कृषकलाई प्रोत्साहित गर्ने।

**१६.१ कार्यक्रम अवधिः** हाललाई यस कार्यक्रम को अवधि मिति २०७८ अषाढ मसान्त सम्मको हुनेछ।साथै वजेट विनियोजन भएमा आगवामी वर्षहरुमा पनि यसै कार्यविधी अनुरुप कार्यक्रम सन्चालन गरीने छ।

**१६.२ कृषक छनौटको मापदण्ड**

**विपन्न परिवारको हकमा**

क) विपन्न परिवारको हकमा गाई भैसी १ देखि २ वटा माउ , माउ भेडा बाख्रा ३ देखि ५ वटा, बगुर ३ देखि ५ वटा, स्थानीय कुखुरा ३० देखि ४० वटा , ब्रोइलर १०० देखि १५०,लेर्यस १५० देखि २०० सम् भएको।

ख) कच्ची घर भएको ।

ग) घरको कुनै सदस्य वैदेशिक रोजगारीमा नभएको ।

घ) नेपालमा कुनै सरकारी वा गैर सरकारी कार्यालयमा कुनै सदस्यको रोजगारी नभएको ।

ड.) आफनो उत्पादनले ६ महिना भन्दा कम अवधिको लागि मात्र खान पुग्ने ।

च) विगत २ बर्षमा नगरपालिकाबाट कुनै अनुदानका कार्यक्रम प्राप्त नगरेको ।

छ) नेपाली नागरिकता भएको ।

**कोभिड प्रभावित भई बैदेशिक रोजगारबाट फर्किएका कृषकहरुको हकमा**

क) कोभिडको असरले रोजगार गुमाई फर्किएको ।

ख) परिवारमा अन्य सदस्य बैदेशिक रोजगारमा हाल कोहि नरहेको ।

ग) नेपालमा स्थायी प्रकृतिको रोजगार नभएको ।

घ) व्यवसायिक पशुपालन पेशा गर्न शुरुवात गरेको ।

ङ) विगत २ बर्षमा सोहि परिवारमा पशुपालन सम्वन्धि अनुदान नपाएको ।

च) नेपाली नागरिकता भएको ।

छ) कोभिडको कारणले बैदेशिक रोजगार (भारत समेत)बाट फर्किएको प्रमाण

ज) कोभिड प्रभावीत भई बैदेशिक रोजगारबाट फर्किएका कृषकहरुको हकमा

गाई भैसी ३ देखि ५ वटा माउ , माउ भेडा बाख्रा ६ देखि ८ वटा, बगुर ५ देखि ८ वटा, स्थानीय कुखुरा १०० देखि १५० वटा ,ब्रोइलर २०० देखि ५००, लेर्यस २०० देखि ३०० सम्म भएको

**१६.३ नगरपालिकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने पशुपंक्षि पालक कृषकहरुको लागि १५ दिनको प्रस्ताव सुचना आव्हवान गर्ने छ ।**

१६.४ यस कार्यक्रममा सम्मिलित हुन दफा नं. १६.२ मा उल्लेख भए वमोजिम मापदण्ड पुरा गरेका इच्छुक विदेश बाट फर्र्किएका (भारतसमेतबाट फर्किएका), विपन्न परिवारका सदस्य/व्यवसाय उन्मुख पशुपक्षि पालक कृषकलाई तोकिएको म्याद भित्र निर्देशित ढाँचा बमोजिमको निवेदन बुद्धभूमि नगरपालिका पशु सेवा शाखामा दिनुपर्ने छ ।पशु सेवा शाखामा प्राप्त भएका निबेदन मध्ये न्युनतम मापदण्ड पुरा गरेका कृषहरुलाई छनोटका लागी नगरपालिकामा पठाउनु पर्ने छ ।

**१६.५. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था**

यस कार्यक्रमको अनुगमन बुद्धभूमि नगरपालिकाको अनुगमन मुल्याकन समितिले गर्नेछ र सोको मूल्यांकन गरी प्रतिवेदन बुद्धभूमि नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**१६.६ मूल्यांकन तथा छनोट गर्ने आधारहरु**

क ) व्यावसायको उपयुक्ता (सामाजिक ,भौगोलीक एवम वातवरणी उपयुक्तता ) बढीमा ५ अंक

ख)पशुपालनको संख्या हेरि अधिकतम २० अंक (प्रति पशु संख्या मूल्यांकन ५ अंक ,पंक्षिको

हकमा प्रति १० बराबर २ अंक )

ग) भकारो सुधार अधिकतम १० अंक

घ) उन्नत घाँस खेति अधिक्तम १५ अंक ( प्रति कठ्ठा अधिक्तम १० अंक)

ङ) विदेशबाट फर्कि व्यावसाय सुरु गरी सकेको भए बढीमा २० अंक

च) विगत २ बर्ष देखि सुरु गरी सकेको भए बढीमा १० अंक

छ) कार्ययोजनाको विवरण बढीमा १० अंक

ज) दुध तथा मासु उत्पादनको अवस्था बढीमा १० अंक१६.७) दफा १६.३ अनुसार पर्न आएका निवेदनहरुलाइ समितिबाट छनोट गरी नगरपालिका कार्यदल समक्ष सिफारिस पेश गर्ने छ।

१६.८) छनौट भएका कृषकहरुलाई कार्यक्रम अनुदान लागी नगरपालिकाको फर्मेट बमोजिम सम्झौता गर्नु पर्नेछ।

१६.९) छनौटमा परेका कृषकहरुले कम्ती गाई भैसी २ देखि ३ वटा माउ ,भेडा बाख्रा ५ देखि ८ वटा-,बगुर ३ देखि ५ वटा, कुखुरा (लोक्कल कुखुरा ५० देखि १००, व्रोइलर २००,लेर्यस २५० अनिवार्य रुपमा पालन भएको हुनु पर्ने छ।

१६.१०) छनौट पछि सम्झौता भएका कृषकहरुलाई विनियोजित बजेटको परिधि भित्र काम सम्पन्न भए अनुगमन तथा मुल्याकन समितिको सिफारीसका आधारमा अनुदान रकम भुक्तानी दिइने छ। समयमा सम्झौता नभएका व्याक्तिलाई कार्यक्रमको अनुदान रकम भुक्तानी दिन वाध्य हुने छैन।

१६.११). प्रस्तावित आर्थिक आधार : प्रति सेवा ग्राहिलाइ बढिमा रु ३,००००।—वा सो रकमको ८५ प्रतिशत अनुदान दिन सकिने छ।

**१६.१२ थपघट वा हेरफेर गर्न सक्ने**

क) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ।

ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ।

घ) यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन नगरपालिकाले गर्न सक्नेछ

## परिच्छेद १२

## उत्पादनमा आधारीत राहत अनुदान कार्यक्रम (दुध वा पशु जन्यवस्तु) सन्चालन विधि

**पृष्ठभूमिः**

बुद्धभुमि नगरपालिका अन्तर्गत पशुजन्य उत्पादन वृद्धि गर्न त्यसको गुणस्तर कायम राख्न, प्रशोधन गर्न र बजारीकरण गर्न आवश्यकता महशुस गरि कृषकहरुको मागका आधारमा व्यवसाय दिगो राख्न र व्यवसायी कृषकहरुलाई अझ प्रोत्साहन गर्न, उत्पादित दूधको परिणाम, गुणस्तर र बजारीकरणका आधारमा अनुदान प्रवाह गरेमा एकातिर संगठित बजारमा गुणस्तरीय दूध प्रवाह वढ्ने छ भने अर्कोतर्फ दुग्ध उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडी बढाउन यो अनुदान कार्यक्रम विधिका रुपमा दुग्ध उत्पादक सहकारी संस्था वा नियमानुसार दर्ता भएका डेरी पसल तथा संकलन केन्द्र मार्फत दुध विक्रि गर्ने सदस्य कृषकहरुलाई उत्पादनको परिमाणमा आधारित रहि अनुदान उपलब्ध गराउन आवश्यक देखिएकाले यस बुद्धभुमि नगरपालीकाले दुध उत्पादन वजारिकरणका आधारमा अनुदान कार्यक्रमलाइ व्यवस्थीत सरल, सहज,प्रभावकारी र पारदर्शि रुपमा स्थापना र संचालन गर्न यो विधिको व्यवस्था गरिएको छ।

**३ उद्देश्य :** यस कार्यविधीका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :

३.१ अनुदान वितरण नीतिलाई प्रकृयामुखि बाट परिणाममुखि लर्फ लैजाने।

३.२ दुधउत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक वनाइ सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय वनाउन प्रोत्साहन गर्ने।

३.३ अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने

४.४ साना कृषकहरुको समेत दुध उत्पादन संगठित बजारमा प्रवाह गर्ने।

५.५ बुद्धभुमि नगरपालीकाको प्रतिवद्धता अनुरुप दुधमा आत्मनिर्भरको लक्ष्य पुरा गर्न सहयोग गर्ने।

६.६ दुध उत्पादन र वजारिकरणका आधारमा अनुदान कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न।

**४ कार्यक्रम अवधिः** हाललाई यस कार्यक्रम को अवधि मिति २०७८ अषाढ मसान्त सम्मको हुनेछ। कार्यविधिमा परिमार्जन भएमा सोही अनुरुप अन्यथा आगामी वर्षमा पनि यसै विधि अनुरुप कार्यक्रम सन्चालन गर्न सकिने छ।

**५ कार्य संचालन र प्रक्रियाः**

५.१ बुद्धभुमि नगरपालीकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने दुग्ध उत्पादक कृषक /फर्म /सहकारी संस्थाहरुका लागि प्रस्ताव निवेदन आव्हवान (अनुसुचि १ वमोजिम) हुनेछ।

५.२ यस कार्यक्रममा सम्मिलित हुन वुँदा नं. ५.३ वमोजिम मापदण्ड पुरा गरेका इच्छुक दुग्ध उत्पादक कृषक /फर्म/ सहकारीले तोकिएको म्याद भित्र अनुसुचि २ वमोजिमको निवेदन बुद्धभुमि नगरपालीकाको कार्यालय पशु सेवा शाखामा दिनुपर्ने छ।

**५.३ सहकारिको मापदण्ड**

क) दैनिक कम्तिमा १०० लिटर र बार्षिक कम्तिमा २५० दिन सम्म दुधको कारोवार गर्ने गरेको।

ख) दैनिक संकलित दुध दुग्ध उत्पादक सहकारी संस्थाले आफैले प्रशोधन गरी वा उद्योगलाई विक्रिवितरण गरी दुध र दुध जन्य पदार्थहरुको वेचविखनको प्रवन्ध गरेको।

ग) नियमित रुपमा वार्षिक साधारण सभा र लेखापरिक्षण गर्ने गरेको।

घ) स्थायी लेखा नं. प्राप्त गरेको र कर चुक्ता गरेको।

ङ) वडा कार्यालय तथा पशु पशु विकाश शाखाको सिफारिस संलग्न गरेको।

च) सहकारीमा आवद्ध सवै कृषकहरुले पशु विमा गरेको हुनु पर्ने छ।

छ) सहकारीमा आवद्ध सवै कृषकहरुको फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनु पर्ने छ।

ज) सहकारीको कारोवार गर्ने गरेको दुधको गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनु पर्ने छ।

झ) सम्वन्धित सहकारीले आफुमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरणको मापदण्ड वनाई पेश गर्नुपर्ने।

ञ) डेरी फर्म, सहकारी संस्थाहरुले संस्थागत रुपमा दुध विक्रि गरेको प्रमाण पेश गर्नु पर्ने छ।

माथि उल्लेखित क देखि ञ सम्मका बुदाहरु दुध बिक्री वितरण गर्ने दुग्ध व्यावसायी तथा कृषकहरुलाई लागु हुने छैन।

५.४ कार्यालयले बुंदा नं. ५.३ अनुसार पशुपंक्षि विकास इकाइमा प्राप्त भएका मध्ये न्युनतम मापदण्ड पुरा गरेका दुग्ध व्यवसायी कृषक फर्म , सहकारीलाई छनोट गरी बुद्धभुमि नगरपालिकामा गठीत पशुपंक्षी कार्यदल मा पठाउनु पर्ने छ।

५.५ वडा कार्यालय तथा पशुपक्षि इकाइवाट सिफारिस भई आएका सहकारी संस्थाका आवेदन, प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि बुद्धभुमि नगरपालिकामा गठित पशुपक्षि कार्यदल तथा अनुगमन मूल्यांकन समितिबाट हुने छ।

५.६ उपदफा ३ अनुसारको शाखाले पर्न आएका निवेदनहरुको मूल्यांकन गरी अनुदान उपलब्ध गराउन बुद्धभुमि नगरपालिकामा गठीत पशुपक्षि कार्यदल समक्ष सिफारिस पेश गर्ने छ।

५.७ अनुदानको लागि छनौट भएका दुग्ध उत्पादक कृषक,डेरी फर्म सहकारी संस्थाले अनुसूची ५ प्रतिबद्धता र अनुसुचि ६ बमोजिम सम्झौता गर्नु पर्नेछ।

५.८ सम्झौता पछि छनौट भएका दुग्ध उत्पादक सहकारीहरुलाई विनियोजित बजेटको परिधि भित्र रहीं बुद्धभुमि नगरपालिकामा गठीत पशुपक्षि कार्यदल अनुगमन तथा मुल्यान्कन समितीले सिफारीस गरे पश्चात बुद्धभुमि नगरपालिकाले अनुदान रकम वितरण गर्ने छ।

**६. दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित आर्थिक आधार :**

- दुधमा अनुदान वितरण प्रति लिटर रु २।०० सम्मका दरले दिने।
- कृषक तथा फर्मको हकमा कृषकले बार्षिक उत्पादन गरी दर्ता वाला वा नियमानुसार सन्चालन

गरेको डेरी पसलमा दुध विक्री गरेको रेकर्ड लाई आधार मानी प्रति लिटर रु २। का दरले यस आ.व.मा उत्पादन अनुसारको रकम अनुदान उपलब्ध गराउने छ।

- डेरी फर्मको रेकर्डका साथ साथै कृषकको घर गोठमा गई प्रत्यक्ष अनुगमन गरी उत्पादनको मुल्यान्कन गरीने छ।

**७. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था**

यस कार्यक्रमको अनुगमन बुद्धभुमि नगरपालिकामा गठीत पशुपक्षि विकाश कार्यदल अनुगमन तथा मूल्यांकन समिति बाट प्रतिवेदनेट बुद्धभुमिनगरपालिकामा पेश गर्नु पर्ने छ।

## परिच्छेद – १३

## पशु सेवा शाखाबाट सन्चान हुने पशुपन्क्षि विकाश सम्बन्धि सबै कार्यक्रमको अनुदानको भुक्तानी प्रक्रिया

**२२. भुक्तानीको लागी पेश गर्नुपर्ने कागजात :**

२२.१) कार्यक्रममा सहभागी निजी उद्यमी/कृषक/समुह/समिति/सहकारी तथा निजी फार्मले काम सम्पन्न गरी भुक्तानीको लागी निम्नानुसारका कागजातहरु संलग्न राखी पशु सेवा शाखामा पेश गर्नु पर्नेछ। यसरी भुक्तानीका लागी निबेदन पेश गर्दा देहाय बमोजिमको कागजातहरु संलग्न राखी पेश गर्नु पर्नेछ :–

(क) सम्झौता – पत्रको प्रतिलिपी र कार्यदेशको प्रतिलिपी,
(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपी र तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको बिबरण,
(ग) निर्माण कार्यका लागी प्राबिधिकले तयार गरेको बिल,
(घ) कार्य सम्पन्न प्रतिबेदन,
(ङ) बिल बिजकहरुको सक्कल प्रति
(च) तयार गरिएको संरचना तथा खरदि गरिएका उपकरणहरुको फोटो,
(छ) फार्ममा रहेका पशुबस्तुको बीमा गरिएको कागजातहरुको प्रतिलिपी,
(ज) अनुदानग्राहीले कार्य सम्पन्न गरेको प्रतिबेदन
(झ) सम्बन्धित वडा कार्यालयको सिफारिस,
(ञ) साझेदार संस्थाको लेटरप्याडमा लिखित निबेदन
(ट) सूचनापाटी/होर्डिङ्ग बोर्डको फोटो,
(ठ) सार्बजनिक सुनुवाईको माईन्युटको प्रतिलिपी
(ड) आवश्यक निर्णयहरुको प्रतिलिपी आदी।(समुह तथा सहकारीको हकमा माथि उल्लेखित बुंदा

न.ञ,ट,ठ र ड मा मात्र लागु हुने छ)

(ढ) भुक्तानी निवेदन

(२) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिबेदनको आधारमा कार्यक्रम मुल्यांकन तथा अनुगमन समितिले पशु सेवा शाखा मार्फत सिफारीस गरे पश्चात अनुदान रकम उपलब्ध गराईनेछ।

**२२.२) .रकम उपलब्ध गरिने आधारहरु :** अनुदानग्राहीलाई देहाय बमोजिमको आधारमा रकम भुक्तानी गरीनेछ।

(क) कार्यक्रम सञ्चालनको लागी पेश्की रकम उपलव्ध गराईने छैन्।

(ख) कार्य प्रगती र कार्य सम्पन्नता पश्चात मात्र रकम भुक्तानी दिईनेछ।

(ग) एकै प्रकृतिको कार्यक्रममा दोहोरो पर्ने गरी समावेश गराईने छैन।

(घ) कार्यक्रम संचालनका लागी बिगत दुई बर्ष भित्र सोही बिषयमा अनुदान प्राप्त गरेकाहरुलाई अनुदान कार्यमा सहभागी गराईने छैन।

(ङ) स्वीकृत कार्ययोजनाको क्रियाकलापमा बाहेक अन्य कार्यको खर्चमा रकम उपलब्ध हुनेछैन

(च) भुक्तानी कार्यक्रम संचालनको लागी खर्च भएको बिवरण दुरुस्त राख्नु पर्नेछ।

(छ) कार्यसम्पन भए पश्चात अनुदानग्राहीले कार्य सम्पन्न प्रतिवेदन र आवश्यक बिल भरपाई तथा कार्य सम्पन्न भएको स्पस्ट हुने गरी खिचिएको फाटो सहीत तोकिएको समय भित्र भुक्तानी माग गर्नु पर्नेछ।

(ज) भुक्तानीका लागी पेश भएका निबेदनहरुको स्थलगत अनुगमन गरी प्रतीवेदनका आधारमा कानुनबमोजिम कर तथा कन्टिन्जेन्सी रकम कट्टा गरी अनुदानग्राहीलाई एसिपेयी चेक मार्फत भुक्तानी दिईनेछ।

## परिच्छेद–१४
## विविध

**२३) अनुगमन तथा मूल्यांकन व्यवस्था :** बुद्धभुमि नगरपालिकामा पशु बिकास कार्यको लागी गठित नगर स्तरीय पशु बिकास कार्यदल अनुगमन समिति वा सम्बन्धित शाखा बाट नियमित अनुगमन गरिने छ

**२४) कार्यवाहीको व्यवस्था :** प्रस्ताव स्वीकृत भएका  निजी उद्यमी/ फार्म/समुह/समिति/ सहकारीहरुले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा स्थानीय सरकार बुद्धभुमि नगरपालिकाको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिने छ।

**२५) प्रचलित कानून लागू हुने :** साझेदारी अनुदान कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ।

**२६) कार्यबिधि संशोधन तथा परिमार्जन :**
बुद्धभुमि नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, बुद्धभुमि,कपिलबस्तुले यस कार्यबिधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ।

अनुसूची– १

प्रस्ताव आब्हानको सूचनाको ढांचा

बुद्धभुमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
बुद्धभुमि,कपिलबस्तु

प्रथम पटक प्रकाशित मिति २०७७/..../ गते

यस बुद्धभुमि नगरपालिका, पशु सेवा शाखाको आ.ब.२०७७/..../ गते को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ...................... कार्यक्रम अन्र्तगत निम्न लिखित कार्यक्रमहरु लागत साझेदारीमा/अनुदान कार्यक्रमा कार्य गर्न ईच्छुक निजी उद्यमी, ब्यावसायिक फार्म, समुह/समिति, सहकारीले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन आब्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका तथा विगत दुइ आ.व.भित्र मा कुनै स्थानीय तहबाट १०,०००(दश हजार ) भन्दा माथि अनुदान प्राप्त गरेको भए प्रस्तावहरु छनौटका लागी समाबेश नहुने ब्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रम | संख्या | कुल अनुदान रकम रु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची– २

निबेदनको ढांचा

मिति :२०७७/..../....

श्रीमान् कार्यालय प्रमुख ज्यू,
बुद्धभुमि नगरपालिका,पशु सेवा शाखा, बुद्धभुमि कपिलबस्तु ।

बिषय : कार्ययोजना पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा त्यस कार्यालयको मिति २०७७/..../.... गतेका दिन प्रकाशित सूचना अनुसार म/हामी निबेदकले ........................................ कार्यक्रमा सहभागी भइ सहकार्यमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई अनुसूची – ३ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निबेदन पेश गरेको छु/छौं ।

निबेदक :
नाम : ...........................
ठेगाना : .........................
फर्मको नाम : .........................
दस्तखत :
मिति :
सम्पर्क नं. : ............................

## अनुसूची– ३

## ब्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रतिलिपी

२. अनुसूची - २ अनुसारको ढांचामा निबेदन फारम

३. अनुसूची - ४ अनुसार संक्षिप्त ब्यवसायिक कार्ययोजना

४. तालिम, शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपीहरु

५. बैदेशिक रोजगार वाट फर्केको भए सो विवरण खुल्ने कागजात

६. निजी फार्म/समुह/समिति/सहकारी प्रचलित कानून बमोजिम दर्ता प्रमाणपत्रको प्रतिलिपि

७. स्थायी लेखा नम्बर/भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी

८. अनुसूची - ५ अनुसार परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता पत्र

९. समुह/समिति/सहकारीको हकमा संस्थाका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्ने निर्णयको प्रतिलिपि

१०. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान

११. जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ बर्षको सम्झौता) को प्रतिलिपि

## अनुसूची– ४
## कार्यक्रमको संक्षिप्त ब्यवसायिक कार्ययोजना

कार्यक्रमको नाम : ..........................................जिल्ला :................न.पा. . .........................

वडा नं. ........ टोल : गांउ : ..................

फर्मको नाम : ................................. सञ्चालकको नाम : ..................... मो.नं. :......................

१. ब्यवसायको परिचय :

२. उद्देश्यहरु :

३. पशुपन्छी पालन ब्यवसायमा अनुभव :

४. ब्यवसाय संचालन गरिने स्थानको संक्षिप्त बिबरण :

| क्र.सं. | गरिने क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | कुल लागत सहभागीता | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रतावकको तर्फबाट | नगरपालिकाको अनुदान |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**अनुसूची – ५**

# प्रतिबद्धता पत्र

बुद्धभुमि नगरपालिका,पशु सेवा शाखा, बुद्धभुमि,कपिलबस्तुको मिति २०७७/..../..... को सूचना अनुसार .............................. कार्यक्रममा सहभागी भै कार्यक्रम गर्न इच्छुक भएकोले सो कार्यक्रममा सहभागिताको लागी कार्य योजना सहितको आबेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम ............प्रतिशत लागत साझेदारीमा कार्य गर्ने गरी घटीमा ५ (पांच) बर्ष सम्म निरन्तरता दिने छु /छौं र पालिएको पशुहरुको हकमा बीमा समेत गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु/छौं। प्रतिबद्धता अनुरुपको कार्य नगरेमा ऐन कानून बमोजिम सहुँला बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागी अन्य कुनै निकाय बाट आर्थिक वा बस्तुगत सहयोग प्राप्त नगरेको र संचालित क्रियाकलापबाट बातावरण लाई असर नपुर्याउने प्रतिबद्धता समेत ब्यक्त गर्दछु/छौं।

फर्मको नाम : .........................
संचालकको नाम : ...........................
ठेगाना : .........................

दस्तखत :
मिति :
सम्पर्क नं. : .............................
संस्थाको छाप :

| दाँया | बाँया |
|---|---|
| | |

इति सम्ंबत २०७७ साल ......महिना.......गते ..... रोजमा शुभम्।

## अनुसूची – ६
## सम्झौता — पत्रको ढाँचा

बुद्धभूमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय (जसलाई यसपछि प्रथम पक्ष भनिने छ) र कपिलवस्तु जिल्ला बुद्धभूमि नगरपालिका वडा नं .... बस्ने ..............................फार्मका सञ्चालक/कृषक श्री.................................... ( जसलाई यस पछि दोश्रो पक्ष भनिने छ ) का बिच देहाय बमोजिमका शर्तहरु पालना गरि बुद्धभूमि नगरपालिका पशु सेवा शाखा को बार्षिक स्विकृत कार्यक्रम अनुसार ...............................................(राहात ) अनुदान कार्यक्रम सन्चालनको लागी रु......... को आज मिति २०७७/ / ..... गतेका दिन यो सम्झौता गरि सहिछाप गरिदियौ ।

**पहिलो पक्षको शर्तहरु :**

१. निर्धारित अवधिमा भए/ गरेको कामकारबाहीको अनुगमन गर्ने छ ।
२. सम्झौता बमोजिम काम सम्पन्न गराउनु पर्नेछ ।
३. जुनसुकै बेला अनुगमन निरिक्षण गर्न सक्नेछ ।
४. सम्झौता बमोजिम काम सम्पन्न भएमा दोस्रो पक्षलाई नियमानुसार कर कट्टी गरी भूक्तानी लागी सिफारिस गर्ने छ ।
५. सम्झौता बमोजिम काम सम्पन्न नभएमा भूक्तानी रोक्न सक्नेछ ।
६. सम्झौतामा तोकिएको रकम भन्दा बढि रकमको हकदाबी आएमा भूक्तानी गर्न वाध्य हुने छैन ।

**दोश्रो पक्षको शर्तहरु :**

१. निर्धारित अवधिमा कार्यसम्पन्न गर्नुपर्नेछ ।
२. सम्झौता बमोजिमको को कार्यसम्पन्न गर्नुपर्नेछ ।
३. सम्झौता भए बमाजिमको काम र आफनो तर्फबाट पनि सोहि बराबरको काम गर्नुपर्नेछ ।
४. सम्झौता भएको मितिले सात दिन (७) भित्रमा कार्यसम्पन्न गर्नुपर्नेछ ।
५. कार्यसम्पन्न पश्चात अनुगमन निरिक्षण गराउनु पर्ने छ ।
६. सम्झौता भए भन्दा बढिको रकम दाबी गर्न पाउने छैन ।
७.सम्झौता वमोजीम भुक्तानीको लागी काम सम्पन्न भएको फोटो सहीत विल भरपाई पेश गर्नु पर्ने ।
८. कार्यक्रम गर्नु पुर्व न.पा.वा वडामा कार्यरत इन्जीनियरबाट आवश्यकता अनुसार स्टमेट गराई काम गर्नुको साथै काम सम्पन्न पश्चात प्राविधिक बाट मुल्याङ्कन गराउनु पर्ने छ ।

प्रथम पक्ष
नाम थर :
पद :
दस्तखत :
(नगरपालिकाको तर्फबाट)
कार्यालयको छाप :

दोश्रो पक्ष
नाम थर :
ठेगाना :
दस्तखत :
(फार्म सञ्चालकको तर्फबाट)
सम्पर्क नं :

रोहबर : पशु सेवा शाखाको तर्फबाट
दायाँ बायाँ
नाम थर :
पद :
दस्तखत :
रोहबर : पशु सेवा शाखाको

| दाँया | बाँया |
| --- | --- |
| | |

## अनुसूची–९
## फार्म दर्ताको निवेदन फार्म

गाई,भैसी,बाख्रा,तथा बंगुर ब्यावसायि फार्म दर्ता बिवरण

फार्मको नाम : मिति :

स्थापना मिति :

फर्म धनिको नाम : ठेगाना :

फर्मको क्षेत्रफल :

गोठको अबस्था : क) कच्ची ख) पक्की

पशु संख्या :

१) गाई :

क) दुध दिने : ख) ब्याउने : ग) कोरली :

घ) बाच्छा : ङ) बाच्छी :

२) भैसी :

क) दुध दिने : ख) ब्याउने : ग) कोरली :

घ) पाडा : ङ) पाडी :

३) बाख्रा :

क) माउ : ख) बोका : ग) खसी :

घ) पाठा : ड.) पाठी :

४) बंगुर :

क) माउ : ख) बीर : ग) खसी :

घ) पाठा : ङ) पाठी :

५) घाँस लगाएको क्षेत्रफल : क) उन्नत : ख) स्थानिय :

६) पशु आहारा दैनिक खपत : क) दाना : ख) चोकर/ब्रान : ग) घाँस : घ) पराल :

७) दैनिक उत्पादन : क) दुध : ख)दुध बिक्री : ग) मल : घ) अन्य :

८) रोजगार संख्या : क) महिला : ख) पुरुष :

९) अन्य केही भए खुलाउने :

निबेदकको नाम :

दस्तखत :

ठेगाना :

मिति :

ना.प्र.न. र जारी जिल्ला

सम्पर्क नम्बर

**अनुसूची — १०**

**दर्ता अभिलेखीकरण प्रमाणपत्रको लागी दिने निबेदनको ढांचा**

श्री ................................................... मिति : .........................

पशु सेवा शाखा, बुद्धभुमि,कपिलबस्तु ।

बिषय : दर्ता अभिलेखीकरण प्रमाणपत्र पांउ ।

मैले/हामी ले संचालन गर्न लागेको/गरेको ....................................................फार्म/संस्था/उद्योग त्यस कार्यालयमा अभिलेखीकरण गरी दर्ता अभिलेखीकरण प्रमाणपत्र पाउनको लागी आवश्यक कागजात यसैसाथ संलग्न राखी पेश गर्दछु/गर्दछौं ।

दर्ता गर्न चाहेको फार्म/संस्था/उद्योग को :

१) नाम :

२) ठेगाना :

३) संलग्न कागजातहरु :

- कम्पनी/उद्योग/संस्था दर्ताको प्रमाणपत्र को प्रतिलिपी ।
- सम्बन्धित ब्यक्तिको नागरिकता प्रमाणपत्र को प्रतिलिपी ।
- कम्पनी/उद्योग/संस्था को क्षमता घटबढ भएमा सोही अनुसार अभिलेखीकरण गरी प्रमाणपत्र लिनु पर्ने ।

निबेदक :

नाम :

दस्तखत :

ठेगाना :

मिति :

सम्पर्क नं. :

**अनुसूची – ११**
**फर्म नविकरण**

श्री प्रमुख ज्यू ,                                                                                    मिति:
बुद्धभुमि नगरपालिका,पशु सेवा शाखा, ,

बिषय : पशुपंक्षी फार्म नबीकरण गरी पांउ बारे ।

उपरोक्त बिषयमा मेरो/हाम्रो पशुपंक्षी फार्म सम्बन्धित निकायमा दर्ता प्रक्रिया पुरा गरी संचालन अवस्थामा रहेको हुदां तपशील अनुसारको आवश्यक कागजात सहित यसै साथ संलग्न राखी पेश गरेको छु/छौं ।

फार्मको नाम :
ठेगाना :
प्रोपराईटरको नाम
सम्पर्क न.

अनुसूची – १२

# बुद्धभुमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा

हनुमानचोक बुढ्ढी ,कपिलबस्तु
लुम्बिनी प्रदेश, नेपाल।

फोटो

दर्ता नं. : मिति :

## फार्म दर्ता प्रमाण पत्र

बुद्धभुमि नगरपालिका, पशु सेवा शाखा,हनुमानचोक बुढ्ढी ,कपिलबस्तु द्धारा पशु सेवा प्रसार तथा उत्पादन कार्य लाई टेवा पुर्याउने उद्देश्यले मिति .................................... मा स्थापना भएको यस कपिलबस्तु जिल्ला बुद्धभुमि नगरपालिका वडा नं..... टोल ....... मा रहेको श्री .............................को एकल/संयुक्त /सामुहीकबाट सन्चालित श्री .......................... गाई/भैसी/बाख्रा/बंगुर/माछा/कुखुरा फार्म लाई यस शाखाको अभिलेखमा दर्ता गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ।

...................... .....................

प्रमाण पत्र बुझीलिनेको सही : प्रमाणित गर्ने सही :

## बार्षिक नबकिरण गरिने टेबल

| क्र.सं. | आर्थिक बर्ष | नबकिरण मिति | | दस्तखत | केफियत |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची – १३

# बुद्धभुमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
**हनुमानचोक बुढ्ढी कपिलबस्तु**
**लुम्बिनी प्रदेश**

दर्ता अभिलेख नं. : मिति :

## फार्म दर्ता अभिलेखीकरण प्रमाण पत्र

श्री ..................................

................................

तपाईको मिति ...................................... को निबेदनमा कारवाही हुदां तोकिएको कार्य संचालन गर्ने गरी तपाईको ............................................................................ फार्म/संस्था/उद्योग को यस शाखामा अभिलेखमा राखी तपशील अनुसार गर्ने गरी दर्ता अभिलेखीकरण गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ।

............................... ......................

प्रमाण पत्र पाउनेको सही : प्रमाणित गर्नेको सही :

**बार्षिक नबकिरण गरिने टेबल**

| क्र.सं. | आर्थिक बर्ष | नबकिरण मिति | | दस्तखत | केफियत |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# संशोधन परिमार्जन सम्बन्धमा

अति विपन्न तथा विदेशबाट फर्किएका विपन्न परिवारका सदस्य/व्यवसाय उन्मुख युवा कृषकलाई प्रोत्साहन अनुदान कार्यक्रम (तरकारी/मौरी/च्याउ/केरा तथा फलफूल खेती) कार्यविधि २०७७ मा देहाय बमोजिम संशोधन परिमाजन गरी जानकारी गराइन्छ।

उक्त कार्यविधिको दफा ४ (क) पछि देहाय बमोजिम हुने गरी दफा ४ (ख) थप गरी कार्यविधिमा संशोधन गरिएको व्यहोरा सबैमा जानकारी गराइन्छ।

ख) बैदेशिक रोजगारबाट फर्किएको युवा कृषकहरुको हकमा

क) कोभिडको असरले फर्किएको।

ख) परिवारमा अन्य सदस्य बैदेशिक रोजगारमा हाल कोहि नरहेको।

ग) नेपालमा स्थायी प्रकृतिको रोजगार नभएको।

घ) व्यवसायिक कृषि पेशा गर्न शुरुवात गरेको।

ङ) विगत ३ बर्षमा सोहि परिवारमा कृषि सम्वन्धि अनुदान नपाएको।

च) नेपाली नागरिकता भएको।

छ) कोभिडको कारणले बैदेशिक रोजगार (भारत समेत)बाट लकडाउन अवधि वा सो पछि फर्किएको प्रमाण।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत